# सुनापति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# रामेछाप, बागमती प्रदेश, नेपाल




# सहकारी व्यबस्थापन योजना
## २०८२
## अन्तिम प्रतिवेदन

# सुनापति गाउँपालिका अन्तर्गत नयाँ सहकारी संस्था दर्ता तथा सञ्चालनमा रहेका सहकारी संस्थाहरुको व्यबस्थापन, २०८२

## बिषय सूची


| | | |
|---|---|---|
| १. | सुनापति गाउँपालिकाको भौगोलिक अवस्थिति नक्शा | १ |
| २. | सहकारीको अभियानको सुरुवात र नेपालमा यसको विकासक्रम | २ |
| ३. | सुनापति गाउँपालिका र सहकारी | १० |
| ४. | सहकारी संस्था एकीकरण सम्वन्धी कार्यविधि, २०८२ | १२ |
| ५. | सम्पत्ति शुद्धीकरण निवारण कानून पालना सम्बन्धी कार्यविधि, | ४५ |
| ६. | नयाँ सहकारी संस्था गठन गर्ने सम्बन्धी पहिलो प्रारम्भिक भेला | ७५ |
| ७. | नयाँ सहकारी संस्था गठन गर्ने सम्बन्धी दोश्रो प्रारम्भिक भेला | ८० |
| ८. | प्रस्तावित सहकारी संस्था लिमिटेडको सम्भाव्यता अध्ययन प्रतिवेदन | ८३ |
| ९. | प्रस्तावित सहकारी संस्था लिमिटेडको व्यावसायिक कार्ययोजनाको रूपरेखा | ८४ |
| १०. | प्रस्तावित सहकारी संस्था लिमिटेडको कार्ययोजनाको ढाँचा | ८७ |
| ११. | प्रस्तावित सहकारी संस्थाको बजेट तथा कार्यक्रम | ८९ |
| १२. | सहकारी संस्था दर्ता नमूना | ९१ |
| १३. | संस्था दर्ता गर्न आवेदकहरूको विवरण फाराम | ९२ |
| १४. | अधिकार प्रत्योजनको नमूना | ९३ |
| १५. | भर्पाईको नमूना | ९६ |
| १६. | घर भाडा करारनामा | ९७ |
| १७. | संचालक समिति (तदर्थ समिति) का सदस्यहरुको बिवरण | ९९ |
| १८. | सहकारी संस्था लि.संचालन गर्न वनेको विनियमको नमूना | १०० |
| १९. | संस्थाको चिन्ह र छाप | १४० |
| २०. | सदस्य दर्ता किताव | १४१ |
| २१. | शेयर प्रमाण-पत्र | १४२ |
| २२. | शपथ ग्रहण | १४३ |
| २३. | सहकारी सिद्धान्त सम्मतिको जाँच | १५३ |
| २४. | सहकारी विधि सम्मतिको जाँच | १५५ |
| २५. | सुशासकीय मानकको जाँच | १५७ |
| २६. | दर्ता कार्यप्रवाह तालिका | १५९ |
| २७. | सहकारी संघ/संस्था दर्ता कितावको नमूना | १६१ |
| २८. | संस्था दर्ता पश्चात संस्थामा पठाउने पत्रको नमूना | १६२ |
| २९. | सहकारी संस्थाको सामान्य निरीक्षण प्रतिवेदन | १६४ |
| ३०. | सहकारी संस्थाको सघन अनुगमन गर्दा प्रयोग गरिने फारमको ढाँचा | १६५ |
| ३१. | सञ्चालक, लेखा तथा अन्य समिति, उप-समितिहरुमा रहेका सदस्यहरुको बिवरण | १६९ |
| ३२. | सम्पत्ति शुद्धीकरण सम्बन्धी विवरण | १७० |
| ३३. | सहकारी संस्था लि.को समष्टिगत विवरण | १७१ |
| ३४. | माइन्युटस तथा कार्यक्रमका केही झलकहरू | १७२ |

## सुनापति गाउँपालिकाको भौगोलिक अवस्थिति नक्शा



## सहकारीको अभियानको सुरुवात र नेपालमा यसको विकासक्रम

मानव सभ्यताको प्रारम्भिक कालदेखि नै सहकार्य मानव समाजको एक अनिवार्य पक्ष रहँदै आएको छ। प्रारम्भिक युगमा मानिसहरुले जीविका चलाउन, सुरक्षा सुनिश्चित गर्न र आवश्यकताहरु पूरा गर्न एकआपसमा सहकार्य गर्थे। यो सहकार्य समूह निर्माण, बस्ती बसाइ, र सामाजिक संस्थाहरुको सुरुवातसँगै विकसित हुँदै गयो ।

विश्वस्तरमा सहकार्य संस्थागत रुपमा विकास भएको उदाहरणको रुपमा सन् १८४४ मा इंग्ल्याण्डको रोचडेलमा स्थापना भएको “रोचडेल पायनियर्स” लाई मानिन्छ। यही संस्थाले सहकारी आन्दोलनलाई एक नयाँ मोड दिएको थियो । यसले सदस्यबीचको पारदर्शिता, समानता, स्वशासन र आर्थिक सहभागिता सुनिश्चित गऱ्यो ।

नेपालमा सहकारीको सुरुवात र विकासक्रम बि.सं २०१३ सन् १९५६ मा चितवन जिल्लामा स्थापित “बखान सहकारी संस्था” बाट सुरु भएको मानिन्छ । सो समय नेपालको आर्थिक अवस्था कमजोर रहेको र कृषिमा आधारित समाज भएकाले सहकारी संस्था ग्रामीण जनताको लागि आर्थिक सशक्तिकरणको माध्यम बन्यो । नेपालमा बि.सं २०१० सहकारी विभाग स्थापनापछि सहकारी अभियानले गति लियो।

हालसम्म देशभर हजारौं सहकारी संस्था सञ्चालनमा छन् । यी संस्थाहरुले बचत, ऋण, कृषि, पशुपालन, साना उद्योग तथा सेवा क्षेत्रमा उल्लेखनीय योगदान गरेका छन् । सहकार्यको यो अभ्यासले नेपालको ग्रामीण अर्थतन्त्रलाई सम्बल प्रदान गरेको छ र महिला, साना किसान तथा विपन्न समुदायलाई आर्थिक पहुँचमा ल्याएको छ ।

यसरी, सहकारी — सहकार्य_ ले विश्वमा मात्र होइन, नेपालमा पनि सामाजिक न्याय, आर्थिक विकास र सामुदायिक सशक्तिकरणको लागि महत्वपूर्ण आधार बनिरहेको छ।

**सहकारीको परिभाषाः**

**सहकारी भनेको साझा आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता तथा आकांक्षाहरू पूरा गर्नका लागि स्वेच्छाले एकजुट भई संयुक्त रूपमा स्वामित्व रहेको र लोकतान्त्रिक रूपमा सञ्चालित स्वतन्त्र व्यक्तिहरूको संघ हो।"**

**"A cooperative is an autonomous association of persons united voluntarily to meet their common economic, social, and cultural needs and aspirations through a jointly-owned and democratically-controlled enterprise."**

## अन्तर्राष्ट्रिय सहकारी महासंघले सन १८९५ मा जारी गरेका सहकारीका मूलभूत सिद्धान्तहरु

| | | |
|---|---|---|
| १. | स्वेच्छिक तथा खुल्ला सदस्यता | (Voluntary and Open Membership) |
| २. | सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण | (Democratic Member Control) |
| ३. | सदस्यहरुद्वारा आर्थिक सहभागिता | (Member Economic Participation) |
| ४. | स्वायत्तता र स्वतन्त्रता | (Autonomy and Independence) |
| ५. | शिक्षा, तालिम र सूचना | (Education, Training and Information) |
| ६. | सहकारीबीच सहयोग | (Cooperation among cooperatives) |
| ७. | समुदायप्रति चासो | (Concern with community) |

## २४ अगष्ट १९८४ मा "विश्व ऋण परिषद्" को सदस्य सभाद्वारा पारित तथा २०२२ अप्रिल मा संशोधित

### बचत तथा ऋण संघका सिध्दान्तहरु

### १. सहकारी संरचना (Cooperative Structure)

१. Member Owned – सदस्यहरू नै संस्थाका मालिक हुने गर्छन्

२. Member Controlled – सदस्यहरूको स्वीकृतप्रति बोर्ड र निर्णय प्रक्रिया उत्तरदायी हुन्छ

३. Democratic Control – "एक सदस्य—एक मत" प्रणाली अपनाइन्छ, बचत रकमले होइन

### २. सदस्यलाई सेवा) Service to Members)

१. Financial Inclusion — सदस्यतालाई खुला र गैर-भेदभावपूर्ण बनाउन गार्हस्थ्य सेवा प्रवाह गर्नेमुखी नीति छ

२. Financial Sustainability — सक्षम पारितन्त्र, आरक्षित पूँजी र आन्तरिक नियन्त्रणको व्यवस्था गर्नुपर्छ

३. Maximizing Member Economic Benefit — बचतमा उचित ब्याज, ऋणमा प्रतिस्पर्धी दर, र अतिरिक्त फाइदा सुनिश्चित गरिन्छ

### ३. सामाजिक जिम्मेवारी) Social Responsibility)

१. Financial Literacy — सदस्य, कर्मचारी र समुदायलाई वित्तीय ज्ञान र शिक्षा प्रणालीमा अभिमुख गराइन्छ

२. Network Cooperation – Credit union बिच र अन्य संस्थासँग सहकार्य गरिन्छ

३. Community Responsibility — समुदायको विश्वास र समृद्धिमा योगदान दिनुपर्छ

४. Global Vision – Credit union आन्दोलनलाई विश्वव्यापी रूप मा सुदृढ र विस्तार गर्ने लक्ष्य राखिन्छ .

## सहकारीको मुल्यः (Values of Co-operatives)

### क. आधार मुल्यहरुः (Basic Values)

१) आत्म सहयोग (Self – Helps)
२) स्व-उत्तरदायित्व (Self Responsibility)
३) प्रजातन्त्र (Democracy)
४) समानता (Equality)
५) न्याय (Equity)
६) ऐक्यबद्धता (Solidarity)
७) अनुशासन (Discipline)

### ख. नैतिक मुल्यहरू (Ethical Values)

१) ईमान्दारीता (Honesty)
२ खुल्लापन (Openness)
३ सामाजिक उत्तरदायित्व (Social Responsibility)
४ अरुको हेरचाह(Caring For Others)

### सहकारी अभियानका केही अन्तरराष्ट्रिय बिकासक्रमः

- ❖ सन् १८४४ को डिसेम्बर २१ तरिखकका दिन बेलायतको मेनचेष्टर शहर नजिकैको रोच्डेल गाउँ २८ जना मजदूरहरुबाट सहकारी भावनाको शुरुवात भएको ।
- ❖ सन् १८४४ मा जर्मनका सुल्ज राईफाईजन भन्नेले बचत संस्थाको अबधारणा ल्याएका थिए ।
- ❖ सन् १८९५ को अगस्त १८ तारिखमा बेलायतको मेनचेष्टरमा अन्तर्राष्ट्रिय सहकारी महासंघको गठनभएको।
- ❖ सन् १९३७ मा अन्तर्राष्ट्रिय सहकारी महासंघ समिति गठन भएको थियो ।
- ❖ सन् १९९५ को सेप्टेम्बर २३ तारिखमा अन्तरराष्ट्रिय सहकारी महासंघ सतबार्षिकी मनाईएको थियो।
- ❖ सन् १९६६ मा सर्बप्रथम सहकारीका ६ सिद्धान्तहरुको निर्माण गरी सिफारिस गरेको थियो ।

### नेपालमा सहकारी आन्दोलनको बिकासकममा भएका उल्लेखनीय घटनाक्रमहरु

- सर्बप्रथम बि.सं २०१० साल (सन १९५३) मा योजना बिकास तथा कृषि मन्त्रालय अन्तर्गत रहने गरी सहकारी बिभागको गठन भएको ।
- बि.सं २०११ सालको बाढीबाट पिडीतलाई व्यबस्थित बसोबास गराउन तत्कालिन श्री ५ को सरकारले बहुमुखी बिकास योजना प्रारम्भ गरेको ।
- बि.स २०१३ सालमा कार्यकारी आदेश जारीगरी चितवनमा संयुक्त राज्य अमेरीकाको सहयोगमा बहुमुखी बिकास आयोजना संचालन गरेको ।
- बि.सं २०१५ सालमा ग्राम बिकास ब्लकको नियन्त्रणमा रही तालिम, व्यबस्थापन कार्य गरेको ।
- बि.सं २०१६ सालमा खाद्य कृषि तथा बन मन्त्रालय अन्तर्गत सहकारी बिभाग रहेको ।
- बि.सं २०१६ सालमा सहकारी ऐन, २०१६ जारी भएको ।

- बि.सं २०१६ सालमा सहकारी ऋण सस्थाहरु गठन भै सो को बिकासक्रम शुरु ।
- बि.सं २०१६ सालमा सहकारी कोषको स्थापना ।
- बि.सं २०१६ सालमा बिश्वबन्धु थापाको अध्यक्षतामा साझा केन्द्रको स्थापना ।
- बि.सं २०१८ साल फाल्गुण ३ गते साझा यातायातको स्थापना ।
- बि.सं २०१८ सालमा सहकारी नियमावली जारी भएको ।
- बि.सं २०१८ सालमा सहकारी प्रशिक्षण केन्द्रको स्थापना ।
- बि.सं २०१९ सालमा पञ्चायत मन्त्रालय अन्तर्गत सहकारी बिभाग रहेको ।
- बि.सं २०२० साल भाद्र २० गते सहकारी बैंकको स्थापना ।
- बि.सं २०२१ सालमा भुमी सुधार कार्यक्रम अर्न्तगत बचत संकलन कार्य शुरु ।
- बि.सं. २०२१ सालमै भुमी सुधार बचत संस्थानको स्थापना ।
- बि.सं २०२१ सालमै सहकारी बिभाग भुमी सुधार तथा खाद्य कृषि मन्त्रालय अन्तर्गत रहेको ।
- बि.सं २०२१ साल श्रावण १ गते साझा स्वास्थ्य सेवाको गठन भएको ।
- बि.सं २०२१ साल मार्ग २५ गते साझा प्रकाशनको स्थापना भएको ।
- बि.सं २०२१ साल माघ १० गते साझा भण्डारको स्थापना भएको ।
- बि.सं २०२३ साल देखी साझा बुलेटीन नामक पत्रिका प्रकाशन ।
- बि.सं २०२४ सालमा गाउंफर्क राष्ट्रिय अभियानको सातौं बुदामा साझालाई आर्थिक मेरुदण्डको रुपमा स्वीकार गरिएको ।
- बि.सं. २०२५ सालमा सहकारी बिभाग भुमी सुधार मन्त्रालय अन्तर्गत रहेको ।
- बि.सं. २०२७ सालमा सहकारी ऐनको दोश्रो संशोधन भएको ।
- बि.सं. २०२६ साल मै सहकारी संस्थाको व्यबस्थापन कृषि बिकास बैंकमा हस्तान्तरण भएको ।
- बि.सं. २०२९ सालमा सहकारी शिक्षा कार्यको निरन्तरता ।
- बि.सं. २०३१ सालमा काठमाडौंमा साझा पसल सेवाको स्थापना भएको ।
- बि.सं. २०३१ सालमा सहकारी रेडियो कार्यक्रमको शुरुवात भएको ।
- बि.सं. २०३२ साल देखी साझा मार्फत जनसंख्या शिक्षा कार्यक्रमको शुरुवात ।
- बि.सं. २०३३ सालमा मुलुकभर साझा कार्यक्रम लागु भएको ।
- बि.सं. २०३३ सालमै केन्द्रीय साझा बिकास समितिको गठन भएको ।
- बि.सं. २०३३ सालमै अनिबार्य बचत रकमलाई साझा संस्थाको शेयरमा हस्तान्तरण प्रारम्भ ।

- बि.सं. २०३४ सालमा साझा संस्था प्रशासन तथा आर्थिक निमावलीको व्यबस्था ।
- बि.सं. २०३५ सालमा साझा संस्थाको व्यबस्थापन बैकबाट सञ्चालक समितिमा हस्तान्तरण ।
- बि.सं. २०३६ सालमा साना किसान साझा संस्थाको गठन भएको ।
- बि.सं. २०४१ सालमा साझा संस्था ऐन, २०४१ जारी भएको ।
- बि.सं. २०४२ सालमा सहकारी बिभाग साझा बिकास बिभागको रुपमा नामाकरण भएको ।
- बि.सं. २०४३ सालमा साझा संस्था नियमावली जारी भएको ।
- बि.सं. २०४३ सालमै राष्ट्रिय साझा गोष्ठिको आयोजना भएको ।
- बि.सं. २०४४ सालमा भुमीसुधार मन्त्रीको अध्यक्षतामा उच्चस्तरीय केन्द्रीय समन्वय समिति गठन।
- बि.सं. २०४५ सालमा अनिबार्य बचत रकम बचतकर्ताहरुमै फिर्तागर्ने क्रम शुरु ।
- बि.सं. २०४५ साल श्रावण ३२ गते नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघको स्थापना ।
- बि.सं. २०४५ सालमा राष्ट्रिय साझा संघ तदर्थ समिति गठन भएको ।
- बि.सं. २०४६/०४७ मा राष्ट्रिय सहकारी महासंघ परामर्श समितिको गठन ।
- बि.सं. २०४६ सालमा सावाँ भन्दा बढी व्याज मिनाहा गर्ने निर्णय भएको ।
- बि.सं.२०४८ साल भाद्र १५ गते ११ सदस्यीय राष्ट्रिय सहकारी बिकास बोर्डको गठन ।
- बि.सं. २०४८ सालमै सहकारी सम्बाद पत्रिका प्रकाशन भएको ।
- बि.सं. २०४९ साल जेठ २ गते सहकारी ऐन, २०४८ जारी भएको ।
- बि.सं. २०४९ सालमा आन्तरिम कार्य समिति गठन भएको ।
- बि.सं. २०५० सालमा प्रथम पटक सहकारी संघ संस्थाको निर्बाचन ।
- बि.सं. २०५० साल मै नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कुन) दर्ता भएको ।
- बि.सं. २०५४ साल बैशाख ७ गते (९ मे १९९७) नेपालले अन्तर्राष्ट्रिय सहकारी महासंघको सदस्यता प्राप्त ।
- बि.सं. २०५४।०५५ मा नवलपरासीमा एकिकृत सहकारी कार्यक्रम लागु भएको ।
- बि.सं २०५७।४।२५ मा सहकारी ऐन २०४८ को दफा ३८(१) (ग) झिकिएको (दुःखद दिन) ।
- बि.सं. २०६९ राष्ट्रिय सहकारी नीति जारी ।
- बि.सं. २०७४।०७।०१ गते सहकारी ऐन, २०७४ जारी ।

- बि.सं २०७६।०१।२३ सहकारी नियमावली २०७५ जारी ।
- बि.सं. २०८०।१२।३० सम्पत्ति सुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्याव्सायिक वातावरण प्रबर्द्धन सम्बन्धी केहि ऐनलाई संशोधन गर्न बनेको ऐन, २०८० जारी ।
- बि.सं २०८१।१०।०२ गते नेपाल राष्ट्र बैंकबाट निर्देशन जारी ।
- बि.सं २०८१।१०।१४ गते राष्ट्रिय सहकारी नियमन प्राधिकरणको स्थापना ।
- बि.सं. २०८१।१२।१८ सहकारी सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको ऐन, २०८१ जारी ।
- बि.सं २०८२।०१।२८ सम्पत्ति सुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण नियमावली, २०८२ जारी ।
- २०८२।०२।१२ बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरु सञ्चालन सबन्धमा जारी गरिएको नियामकीय मापदण्ड, २०८२ जारी ।

उपरोक्त घटना तथा बिकासक्रसंगै समुदायको आर्थिक सामाजिक बिकासका साथै संस्कृतिको संरक्षण गर्ने लक्षका साथ गठन भएका सहकारी संघ संस्थाहरुमा “समाजका लागि व्यक्ति र व्यक्तिका लागि समाज ” भन्ने नारा लिएर आफ्नो व्यबसाय संचालन गर्दै जांदा यसले “ बचत त्यागबाट प्राप्त हुन्छ ” भन्ने जस्ता सकारात्मक भावनाहरुलाई समाजमा फैलाई रहेको पाईन्छ। यसले आफ्नो व्याबसायलाई सुशासनको अबधारणालाई समेत अंगिकार गरि रहेको हुन्छ यहां “सहकारीको अपरिहार्यता, ईमान्दारीता र पारदर्शिता ” भन्ने जस्ता शब्दहरुलाई बिर्सेको हुदैन । समुदायलाई नेतृत्व गर्दै जांदा यसले “सहकारीकर्मीको पहिचान, स्वाबलम्बी र स्वाभिमान ” लाई व्यबहारमा उतार्न पछि परेको हुँदैन जसबाट हाम्रो जस्तो बिकासोन्मुख मुलुकको आर्थिक सामाजिक तथा सांस्कृतिक उननति गर्ने उक मात्र भरपर्दो निकाय सहकारी भएको छ , जहां ज्यूदाको जन्ती तथा मर्दाको मलामी बन्न सफल भएको छ । त्यसैले पनि “एकका लागि सबै, सबैका लागि एक ” भन्नु सहकारी मात्र हो भन्नु अत्युक्ति नहोला ।

**<u>वित्तिय कम्पनी र बचत तथा ऋण सहकारीमा भिन्नता</u>**

- वित्तीय कम्पनी र बचत तथा ऋण सहकारीमा धेरै भिन्नता छन् । बैक र बित्तीय कम्पनीले जस्तै वचत तथा ऋण सहकारीले पनि मुख्य रुपमा बित्तीय कारोबार गर्ने भएकाले सहकारीलाई पनि बित्तीय कम्पनीलाई जस्तै हेर्ने गर्दछन् । तर वास्तबिक रुपमा यी धेरै फरक छन् । त्यसका केही उदाहरणहरु देहाय बमोजिम रहेका छन् :

| वित्तीय कम्पनी | सहकारी |
|---|---|
| १. शेयर रकमको आधारमा मत प्रयोग गर्न पाउने ।<br>२. लाभांश असिमित हुने । सतप्रतिशत भन्दाबढी लाभांश वितरण गर्न सकिने । | १. एक सदस्य एकमतको सिद्धान्त लागु हुने । शेयर रकमको अनुपातमा मत प्रयोग नहुने । जति सुकै शेयर भएपनि एकमत मात्र प्रयोग गर्न पाउने । |

| वित्तीय कम्पनी | सहकारी |
|---|---|
| ३. कुल सम्पत्तिमा शेयर रकमको आधारमा हिस्सा पाउने । | २. लाभांश सिमित हुने । १५% भन्दा बढि लाभांश वितरण गर्न नपाउने । |
| ४. शेयर रकम फिर्ता नहुने । | ३. कूल सम्पत्तिमा शेयर रकमको आधारमा हिस्सा नपाउने । |
| ५. सदस्यता/शेयर सधै खुल्ला नहुने । | ४. शेयर रकम फिर्ता पाउने। |
| ६. एकजनाबाट पनि फर्म कम्पनी गठन हुनसक्ने । | ५. सदस्यता/शेयर सधै खुल्ला हुने । |
| ७. मुनाफाको उद्देश्यको उध्यम । | ६. कम्तिमा २५ परिवारका २५ जना सदस्य भएमा मात्र सहकारी दर्ता हुने । |
| ८. बिदेशीले पनि कम्पनी गठन गर्न सक्ने। | ७. सदस्य सेवाको उद्देश्यका उद्यम, मुनाफाको उद्देश्य होईन । (Not for Profit, Not for Charity, But to serve ) |
| ९. सरकार, विदेशी, उच्च वर्गका चाहनामा स्थापना हुने । | ८. विदेशीले सहकारी गठन गर्न नसक्ने । |
| १०. कम्पनीको आम्दानीलाई मुनाफा **नाफा** (profit) शब्द प्रयोग हुने । | ९. गरिव, न्यून आय भएका वर्गको आवश्यकतामा सोही वर्गका जनताद्धारा स्थापना हुने । |
| ११. कम्पनीमा आम्दानीलाई बाँडफाँड गर्न कम्पनी स्वतन्त्र हुने । | १०. सहकारीको आम्दानीलाई **खुदबचत** (surplus) शब्दबाट सम्वोधन हुने । |
| १२. कम्पनीको निरीक्षण नेपाल राष्ट्र बैंकबाट हुने । | ११. सहकारीमा आम्दानीलाई बाँड फाँड गर्दा सहकारी ऐन र नियम अनुसार वाँडफाँड गर्नु पर्ने अनिवार्यता । |
| | १२. सहकारीमा सदस्यबाट निरीक्षण र अनुगमन (स्व-नियमको व्यबस्था) हुने । |

यदाकदा सहकारी संघ संस्थाहरुमा गैर सदस्यसमेतबाट र जथाभावी निक्षेप संकलन गर्ने जस्ता कार्यहरु गरेको पाईन्छ तर सहकारीमा निम्न बमोजिमका रकमहरुको संकलनलाई सामाजिक अपराधको रुपमा लिईन्छ ।

### सहकारी संस्थाले स्वीकार नगर्ने रकमहरु :

- ❖ लागु पदार्थको कारोबारबाट प्राप्त आम्दानी । (Income from Drugs)
- ❖ चेलीबेटी बेचबिखनबाट प्राप्त रकम । (Income from Girl Trafficking )
- ❖ अपराधिक क्रियाकलाप । (Income from Crime Activities)
- ❖ भ्रष्टाचार । (Income from Corruption)
- ❖ ठगि र चोरी गरेको (Income from Cheating & Theft)
- ❖ क्यालोरीलाई कमीगरी संचय गरेको रकम (Income Generated by reducing in calorie consumption)

**यसबाट के बुझ्न सकिन्छ भने**

**Commitment to Service**

- Social Responsibility
- Member Education
- Democratically Controlled
- Co-operative Member Owned
- Not For profit, not for charity only to serve
- Volunteer Directors
- One Member One Vote

# सुनापति गाउँपालिका र सहकारी

सुनापती गाउँपालिका, रामेछाप जिल्लाको एक ग्रामीण नगरपालिका हो, जसको क्षेत्रफल ८६.९८ वर्ग किलोमिटर छ। यो गाउँपालिका २०७३ साल फागुन २७ गते स्थापना गरिएको हो। यस गाउँपालिकामा विभिन्न प्रकारका सहकारी संस्थाहरू सञ्चालनमा छन्, जसले स्थानीय आर्थिक, सामाजिक तथा कृषि विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन्।

**जनसंख्या बिवरण (२०७८ को जनसंख्या बिवरण अनुसार)**

**कुल जनसंख्याः १४,६१६**

- पुरुषः ६,९४६ - महिलाः ७,७१२

**- उमेर समूह अनुसार जनसंख्याः**

- ०—१४ वर्षः ३,०७१ - १५—६४ वर्षः ९,६३३

- ६५ वर्ष र माथिः १,९५४

**- साक्षरता दरः**

- पढ्न र लेख्न सक्नेः ८,५३६ - मात्र पढ्न सक्नेः ५७

- नपढ्न सक्नेः ५,१९०

**दर्ता भएका सहकारी संस्थाको बिवरण**

| सहकारी संस्थाको प्रकार | संख्या |
|---|---|
| कृषि सहकारी संस्था | १८ |
| बचत तथा ऋण सहकारी संस्था | १३ |
| बहुउद्देश्यीय सहकारी संस्था | ११ |
| **जम्मा सहकारी संस्थाको संख्या** | **४२** |

**बर्तमान अवस्था :**

- सञ्चालन स्थितिः अधिकांश सहकारी संस्थाहरू नियमित रूपमा सञ्चालित छन्।
- वित्तीय स्थितिः केही संस्थाहरूले लाभ कमाइरहेका छन् भने केही घाटामा छन्।
- सदस्य सहभागिताः केही संस्थामा उच्च सहभागिता छ, केहीमा कम।

**मुख्य चुनौतिहरु**

- प्रशिक्षणको अभाव
- वित्तीय पारदर्शिता\
- प्रविधिको प्रयोगको कमी
- नियमित अनुगमनको अभाव

**सुझावहरु :**

- तालिम कार्यक्रमहरू
- लेखा परीक्षण अनिवार्य
- डिजिटल प्रणालीको प्रवर्द्धन

- नियमित अनुगमन र मूल्याङ्कन

सुनापती गाउँपालिका अन्तर्गतका सहकारी संस्थाहरूले स्थानीय विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएका छन्। यद्यपि, केही संरचनात्मक र व्यवस्थापकीय चुनौतीहरू समाधान गर्न आवश्यक छ। यस प्रतिवेदनमा उल्लिखित सुझावहरू कार्यान्वयन गरेर सहकारी क्षेत्रलाई अझ सुदृढ बनाउन सकिन्छ।

# सहकारी संस्था एकीकरण सम्वन्धी कार्यविधि, २०८२

**प्रस्तावना** : सहकारी संस्थाको गुणात्मक एवम् ब्यावसायिक विकासका लागि एकीकरणका मापदण्ड एवं प्रक्रियाहरू निर्धारण गर्नु वाञ्छनीय भएकाले, सुनापति गाउँपालिकावाट जारी सहकारी ऐन, २०७५ को दफा १०१ ले दिएको अधिकार प्रयोग गरी सुनापति गाउँपालिकाको कार्यकारिणी समितिले यो सहकारी संस्था एकीकरण सम्वन्धी कार्यविधि, २०८२ बनाई लागु गरेको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यो कार्यविधिको नाम "सहकारी संस्था एकीकरण सम्वन्धी कार्यविधि, २०८२" रहेकोछ ।

(२) यो कार्यविधि सुनापति गाउँपालिकाको कार्यकारी समितिले स्वीकृत गरेपछि लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,–

(क) **"एकीकरण"** भन्नाले सहकारी ऐन, २०७४ को दफा ८७ को उपदफा (१) वा प्रादेशिक वा स्थानीय कानूनको व्यवस्था बमोजिम दुई वा दुईभन्दा बढी सहकारी संस्थाहरूलाई एक-आपसमा गाभी प्रत्येक संस्थाका सदस्यहरू स्वतः सदस्य रहने गरी एउटा सहकारी संस्था कायम गर्ने कार्य सम्झनुपर्छ ।

(ख) **"एकीकृत व्यवस्थापन सूचना प्रणाली"** भन्नाले विभागले स्थापना गरेको इन्टरनेट सञ्चार प्रविधिमा आधारित सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोअपरेटिभ एन्ड पोभर्टि-रिलेटेड मेनेजमेन्ट इन्फर्मेसन सिस्टम COPOMIS (कोपोमिस) सम्झनुपर्छ ।

(ग) **"ऐन"** भन्नाले सुनापति गाउँपालिकाको सहकारी ऐन, २०७५ सम्झनुपर्छ ।

(घ) **"नियमावली"** भन्नाले सुनापति गाउँपालिकाको सहकारी नियमावली, २०७६ सम्झनुपर्छ।

(ङ) **"नियामक निकाय"** भन्नाले सहकारी संस्थाको नियमन क्षेत्राधिकार अनुसार विभाग वा प्रदेश मन्त्रालय वा प्रदेश मन्त्रालयको विभाग वा कार्यालय वा स्थानीय तह वा स्थानीय तहको विभाग वा कार्यालय सम्झनुपर्छ ।

(च) **"प्रदेश मन्त्रालय"** भन्नाले प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनुपर्छ ।

(छ) **"सङ्घीय मन्त्रालय"** भन्नाले सङ्घीय सरकार मातहतको भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय सम्झनुपर्छ ।

(ज) **"प्रस्ताव"** भन्नाले दफा ८ बमोजिमको सहकारी संस्था एकीकरणको प्रस्ताव सम्झनुपर्छ र सो शब्दले त्यस्तो प्रस्तावको प्रारूप वा सोको परिमार्जित संस्करण समेतलाई जनाउनेछ ।

(झ) **"प्रादेशिक कानून"** भन्नाले प्रदेशको सहकारी ऐन सम्झनुपर्छ र सो शब्दले त्यस्तो ऐन अन्तर्गत बनेको नियमावली, मापदण्ड, निर्देशिका र कार्यविधि समेतलाई जनाउनेछ ।

(ञ) **"संयुक्त साधारणसभा"** भन्नाले एकीकरण प्रकृयामा संलग्न सहकारी संस्थाहरूको संयुक्त साधारणसभा सम्झनुपर्छ ।

(ट) **"संयोजन समिति"** भन्नाले दफा ६ बमोजिमको सहकारी संस्था एकीकरण, संयोजन समिति सम्झनुपर्छ।

(ठ) **"स्थानीय कानून"** भन्नाले स्थानीय तहको सहकारी ऐन सम्झनुपर्छ र सो शब्दले त्यस्तो ऐन अन्तर्गत बनेको नियमावली, मानदण्ड, निर्देशिका र कार्यविधि समेतलाई जनाउनेछ ।

(ड) **"स्थानीय नियामक निकाय"** भन्नाले स्थानीय तह वा स्थानीय तहको सहकारी विभाग वा कार्यालय सम्झनुपर्छ ।

(ढ) **"समिति"** भन्नाले सहकारी संस्थाको दैनिक कार्यसंचालन तथा ब्यवस्थापनको लागि गठित संचालक समिति सम्झनु पर्दछ ।

(ण) **"लेखा सुपरीवेक्षण समिति"** भन्नाले सहकारी संस्थाको आन्तरिक लेखापरीक्षण तथा नियमनको लागि गठित लेखा सुपरीवेक्षण समिति सम्झनु पर्दछ ।

## परिच्छेद–१

## एकीकरण प्रस्ताव तर्जुमा

**३. सैद्धान्तिक स्वीकृति हुनुपर्नेः**

(१) सहकारी संस्था एकीकरण सम्वन्धी कार्य प्रारम्भ गर्न यस प्रकृयामा संलग्न संस्थाहरुको साधारणसभाको सैद्धान्तिक स्वीकृति हुनुपर्दछ ।

(२) समितिले उपदफा (१) बमोजिम सैद्धान्तिक स्वीकृतिका लागि **अनुसूची-१** को ढाँचामा औचित्य खुलेको प्रारम्भिक विवरण सहित साधारणसभाका सदस्यहरूको भेलामा निर्णयार्थ पेश गर्नुपर्दछ ।

(३) उपदफा (२) बमोजिम साधारणसभाको बहुमतले संस्था एकीकरणको कार्य प्रारम्भ गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्न सक्नेछ ।

(४) सहकारी संस्थाको एकीकरण गर्दा बिशेष ध्यान दिनु पर्ने बुँदाहरु :-

- सदस्य संघ-संस्थाहरुले साधारणसभाबाट एकीकरणका लागि पूर्व सहमति लिई सदैव एकीकरणका लागि तयार रहनु पर्दछ ।
- सदस्य संघ-संस्थाहरुले वार्षिक रुपमा एकीकरण सम्बन्धी छलफल आयोजना गर्ने वा सो सम्बन्धी छलफलमा सहभागिता जनाई एकीकरण सम्बन्धी जानकार हुनुपर्नेछ ।
- ३३ प्रतिशत भन्दा बढी सदस्य दोहोरिएको संस्थाहरु एकआपसमा अनिवार्य एकीकरण गर्नुपर्नेछ ।

- बचत तथा ऋण सहकारी एकीकरण गर्दा एक स्थानीय तहलाई प्राथमिकता दिई एकीकरणको प्रक्रिया अघि बढाउनुपर्नेछ ।
- सदस्य संघ-संस्थाहरुले एकीकृत कारोबार गर्नुपूर्व सम्पत्ति तथा दायित्वको मूल्यांकन गरी एकीकरण गर्ने सहकारी संस्थाहरुका सहायक खाताहरु र मूल खाता भिडान गर्नुपर्नेछ ।
- सहकारी नियमावलीको नियम ७ बमोजिम जनसंख्याको आधारमा रहन सक्ने बचत ऋण सहकारीको संख्या तोकिएकोले सो स्तर प्राप्त गर्न एकीकरणलाई अभियानको रुपमा सञ्चालन गर्नुपर्नेछ ।
- फरक विषयका सहकारीहरुसँग एकीकरणगर्दा मुख्य कारोबार निश्चित गरी एकीकरण गर्नुपर्नेछ ।
- संस्थाहरु एकआपसमा एकीकरण हुँदा वहाल रहेका कर्मचारीहरुको वहिर्गमन नहुने गरी व्यवस्थापन गर्नुपर्नेछ ।
- स्थायी लेखा नम्बर खारेजी गर्नुपर्ने भए एकीकरण सम्पन्न भएको एक महिनाभित्र प्रक्रिया सम्पन्न गर्नुपर्नेछ ।
- एकीकरण हुनुपूर्व कायम रहेको ब्याजदर एकीकरण भएपछि एकीकरण हुँदाको बखत समायोजन कार्यदलले सम्झौता गरे बमोजिम एउटै कायम गर्नुपर्नेछ ।
- कारोबार एकीकृत रुपमा सुरु गर्नु अगावै प्राविधिक रुपमा शेयर, बचत र ऋणका खाताहरु एकीकृत भएको हुनुपर्नेछ ।
- संघ-संस्थाको एकीकरण तथा विभाजन सहकारी संस्था एकीकरण तथा विभाजन निर्देशिका, २०७७ बमोजिम सम्पन्न गर्नुपर्नेछ ।

## ४. पूर्व-स्वीकृतिका लागि निवेदन दिने:

(१) सहकारी संस्थाले दफा ३ बमोजिम साधारणसभाका सदस्यहरूको भेलाको सैद्धान्तिक स्वीकृति पछि एकिकरणका लागि नियामक निकायको पूर्व-स्वीकृतिका लागि **अनुसूची २** को ढाँचामा निवेदन दिनुपर्दछ ।

(२) उपदफा (१) बमोजिमको निवेदनमा समितिको अध्यक्षले सहकारी संस्थाको निसाना छाप लगाएर हस्ताक्षर गरेको हुनुपर्दछ ।

(३) उपदफा (१) बमोजिमको निवेदन साथ देहायका कागजात संलग्न गर्नुपर्दछ :-

(क) साधारणसभाका सदस्यहरूको भेलाको सैद्धान्तिक स्वीकृति दिने निर्णयको प्रतिलिपि;

(ख) अनुसूची- १ को ढाँचामा एकीकरणको औचित्य खुलेको प्रारम्भिक विवरण;

(ग) नियमावलीको नियम ३८ वा प्रादेशिक वा सङ्घीय कानूनको व्यवस्था बमोजिम सम्बन्धित निकायको पूर्व-सहमति लिनुपर्नेमा त्यस्तो सहमति पत्र;

(घ) स्थायी लेखा नम्बर लिएको सहकारी संस्थाको हकमा सम्बन्धित आन्तरिक राजश्व कार्यालयको सहमति पत्र र

(ङ) नियामक निकायले तोकेको अन्य विवरण वा सम्पुष्टिजनक कागतपत्र ।

(४) एकीकरण प्रकृयामा संलग्न प्रत्येक सहकारी संस्थाको तर्फबाट उपदफा (१) बमोजिम निवेदन दिएको हुनुपर्दछ ।

(५) उपदफा (४) बमोजिमको निवेदन एउटै वा फरक-फरक मितिमा दिन सकिनेछ । तर पहिलो सहकारी संस्थाको निवेदन दर्ता भएको मितिले तीन महिनाभित्र बाँकी सबै सहकारी संस्थाहरूको निवेदन प्राप्त भई सक्नुपर्नेछ ।

५. **पूर्व-स्वीकृति दिने:**

(१) नियामक निकायले दफा ४ बमोजिम निवेदन प्राप्त भएको पन्ध्र दिनभित्र निवेदन तथा सो साथ संलग्न कागजातको जाँच गरी सहकारी सिद्धान्त, मूल्य, मान्यताका साथै ऐन, नियमावली वा प्रादेशिक वा सङ्घीय कानून र यस कार्यविधिको व्यवस्था अनुरूप भएको पाइएका सहकारी संस्थालाई एकीकरणको पूर्व-स्वीकृति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पूर्व-स्वीकृति दिँदा नियामक निकायले सहकारी संस्थाबाट प्राप्त भएको कागजातका आधारमा एकीकरणको कुनै कुरा सहकारी सिद्धान्त, मूल्य, मान्यता वा ऐन, नियमावली वा प्रादेशिक वा सङ्घीय कानून र यस कार्यविधिको व्यवस्था अनुरूप नभएकोमा त्यसमा सच्याउनु पर्ने व्यहोरा समेत जनाउनु पर्दछ ।

(३) उपदफा (१) बमोजिम अवधि गणना गर्दा एकिकरण प्रयोजनको लागि अन्तिम सहकारी संस्थाका तर्फबाट निवेदन प्राप्त भएको मितिको आधार लिइनेछ ।

(४) प्रादेशिक वा सङ्घीय कानूनमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक एकीकरण प्रयोजनको लागि पूर्व-स्वीकृतिको मान्य अवधि छ महिना हुनेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनासिब कारण परी सम्बन्धित सहकारी संस्था वा संस्थाहरूको निवेदन प्राप्त भएकोमा नियामक निकायले पूर्व-स्वीकृतिको मान्य अवधि एक महिनासम्म थप गरिदिन सक्नेछ ।

६. **संयोजन समितिको गठन:**

(१) दफा ५ बमोजिम नियामक निकायको पूर्व-स्वीकृति प्राप्त भएपछि एकीकरण सम्वन्धी कार्य व्यवस्थित तुल्याउन सम्बन्धित सहकारी संस्थाहरूले संयोजन समिति गठन गर्नुपर्दछ ।

(२) उपदफा (१) बमोजिम संयोजन समिति गठन गर्दा एकीकरण गरिने सहकारी संस्थाहरूका तर्फबाट कुनै एकले प्रत्येक सहकारी संस्थाका सबै सञ्चालकका साथै लेखा सुपरिवेक्षण समितिका संयोजक एवं सदस्यहरूलाई डाकेको संयुक्त बैठकले प्रत्येक सहकारी संस्थाबाट सञ्चालक समितिका अध्यक्ष समेत कम्तीमा तीनजनाका दरले प्रतिनिधि चयन गरी ज्येष्ठ अध्यक्षलाई संयोजक तोक्नुपर्दछ ।

(३) संयोजन समिति गठन गर्न डाकिएको बैठकले आफ्नो कार्यविधि आफैँ तय गर्न सक्नेछ ।

७. **नियामक निकायमा जानकारी पठाउनुपर्ने** :

(१) प्रादेशिक वा सङ्घीय कानूनमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक दफा ६ (१) बमोजिम संयोजन समिति गठन भएको तीन दिनभित्र संयोजन समितिको अध्यक्षले गठन विधि समेत खुलाएर सोको सूचना नियामक निकायमा पठाउनु पर्दछ ।

(२) उपदफा (१) बमोजिमको सूचना सार्वजनिक जानकारीको लागि स्थानीय पत्रपत्रिकामा सम्प्रेषण गर्नुपर्दछ।

## ८. प्रस्ताव तयार पार्नुपर्नेः

(१) संयोजन समितिले ऐन, नियमावली वा प्रादेशिक वा सङ्घीय कानून र यस कार्यविधिको अधीनमा रही एकीकरणको सर्त समेत खुलाएर **अनुसूची-३** को ढाँचामा एकीकरण प्रस्ताव तयार पार्नुपर्दछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव तयार पार्दा सहकारी संस्थाको विषय प्रकृति अनुसार देहायको अवस्थामा देहाय बमोजिम गर्नुपर्दछ :-

(क) बचत ऋणको मुख्य कारोबार गरिरहेको बहुउद्देश्यीय, कृषि वा बचत तथा ऋण बाहेकको अन्य विषयगत सहकारी संस्था एकीकरण गरी बचत तथा ऋणको विषयगत सहकारी संस्था कायम हुनेमा त्यस्तो सहकारी संस्थाले आफ्नो स्वामित्वमा प्रशोधन कारखाना, सङ्कलन केन्द्र वा बिक्री कक्ष, आपसी सुरक्षण लगायत बचत ऋण बाहेकको व्यवसाय चलाएको भए बन्द गरी त्यस तर्फको सम्पूर्ण दायित्व फरफारक गरी सम्पत्ति नगदमा परिणत गरिसक्नुपर्ने र

(ख) बचत ऋणको मुख्य कारोबार गरिरहेको बहुउद्देश्यीय, कृषि वा बचत तथा ऋण बाहेकको अन्य विषयगत सहकारी संस्था एकीकरण गरी बचत ऋणको मुख्य कारोबार नगर्ने बहुउद्देश्यीय, कृषि वा बचत ऋण बाहेकको अन्य विषयगत सहकारी संस्था कायम हुनेमा त्यस्तो सहकारी संस्थाले ऐनको दफा ३९ को उपदफा (२) को प्रतिबन्धात्मक बाक्यांश वा प्रादेशिक वा सङ्घीय कानूनको व्यवस्था अन्तर्गत दिइएको म्यादभित्र बचत ऋणको मुख्य कारोबार नरहने सुनिश्चित गरी नियामक निकायलाई मान्य कार्य योजना समावेश गरेको हुनुपर्ने ।

(३) सहकारी संस्थाले उपदफा (२) बमोजिमको व्यवस्था संयुक्त साधारणसभाबाट एकीकरणको निर्णय गर्नु अगावै मिलाइसकेको हुनुपर्दछ ।

९. **सर्त राख्न नहुने :** दफा ८ बमोजिमको एकीकरणको प्रस्तावमा देहायको कुनै सर्त राख्नु हुँदैनः-

(क) खुला सदस्यताको सर्वमान्य सहकारी सिद्धान्त विपरीत सदस्यले साबिकको संस्थामा लिएको शेयर भन्दा बढी सङ्ख्या वा मूल्यको शेयर लिनुपर्ने वा कुनै सदस्यलाई पहिले खरीद गरेको न्यूनतम भन्दा बढी शेयरको रकम फिर्ता दिने वा शेयरको सङ्ख्या वा रकम समायोजन बापत भनी कुनै किसिमको रकम भुक्तानी दिने, त्यस्तो सदस्यको दायित्व फछर्यौट गर्ने वा अन्य कुनै रूपमा तदनुसारको हिसाबमा जनाउने;

(ख) जगेडा कोषको अविभाज्यता एवं संयुक्त सम्पत्तिको सर्वमान्य सहकारी सिद्धान्त विपरीत जगेडा कोष वा स्थिर सम्पत्तिको हिसाब मिलान बापत भनी कुनै सदस्यले कुनै किसिमको थप रकम बुझाउनु पर्ने वा कुनै सदस्यलाई कुनै किसिमको रकम भुक्तानी दिने, त्यस्तो सदस्यको दायित्व फछर्यौट गर्ने वा अन्य कुनै रूपमा तदनुसारको हिसाब देखाउने;

(ग) सदस्यको लोकतान्त्रिक नियन्त्रणको सिद्धान्त विपरीत कुनै सदस्यलाई कुनै कारण नदेखाई वा देखाई कुनै अवधिसम्म सञ्चालक वा लेखा सुपरिवेक्षण समितिमा कायमै राख्ने;

(घ) परिच्छेद–३ को व्यवस्था विपरीत हिसाब मिलान वा समायोजन गर्ने,

(ङ) ऐन, नियमावली वा प्रादेशिक वा सङ्घीय कानून वा सर्वमान्य सहकारी सिद्धान्त, मूल्य र मान्यता विपरीतको अन्य कुनै सर्त । तर,

(१) खण्ड (क) मा लेखिएको कुनै कुराले ऐनको व्यवस्था बमोजिम शेयरको अङ्कित मूल्य राखी सदस्यले साबिकमा खरीद गरेको शेयरको रकम बराबर शेयर सङ्ख्या कायमगर्न बाधा पर्नेछैन ।

(२) खण्ड (ख) मा लेखिएको कुनै कुराले ऐनको व्यवस्था बमोजिम प्राथमिक पुँजी कोष नपुग भएको वा सञ्चित घाटा भएको बचत ऋणको कारोबार गर्ने सहकारी संस्थाको बचत ऋणको कारोबार सुचारु राख्न नपुग भएको प्राथमिक पूँजी वा सञ्चित रहेको घाटाको रकम साबिक सहकारी संस्थाका सदस्यहरूले स्वैच्छिक रूपमा थप शेयर खरीद गरी पूर्ति गरिसकेपछि मात्र एकीकरणको प्रक्रिया प्रारम्भ गर्ने गरी सर्त राख्न बाधा पर्ने छैन ।

**१०. प्रावधान राख्न नहुने:** दफा ९ बमोजिमको एकीकरण प्रस्तावमा समावेश हुने शर्तमा देहायको कुनै प्रावधान राख्नु हुँदैन :-

(क) साधारणसभाका सदस्यहरूको भेलाबाट सैद्धान्तिक सहमति प्रदान गर्नु अगावै कुनै प्रक्रिया प्रारम्भ गर्ने;

(ख) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यालय, निकाय, बैङ्क, वित्तीय संस्था वा दातृ-निकायको ऋण, अनुदान वा अन्य प्रकारको सहयोग रकम वा जेथा रहेको संस्थाको हकमा सम्बन्धित निकायको पूर्व-सहमति विना खण्ड (क) पछिको प्रक्रिया अघि बढाउने;

(ग) खण्ड (क) बमोजिमको सैद्धान्तिक स्वीकृति र खण्ड (ख) बमोजिम पूर्व-सहमति चाहिनेमा सो समेतका आधारमा नियामक निकायको पूर्व-स्वीकृति नलिई त्यस उप्रान्तको प्रक्रिया अघि बढाउने;

(घ) प्रमुख प्रशासकीय अधिकृत/दर्ता अधिकारी वा दर्ता गर्ने अधिकारीको कार्य गर्ने गरी तोकिएको अन्य अधिकारी वा नीजबाट अधिकार प्राप्त अधिकारीले एकीकरणको प्रस्ताव स्वीकृत गरी ऐन, नियमावली वा प्रादेशिक वा सङ्घीय कानूनको व्यवस्था बमोजिम एकीकृत सहकारी संस्थाको संशोधित विनियम स्वीकृत नगर्दासम्म साबिकको नाम परिवर्तन गर्ने, नयाँ नामबाट काम-कारोबार गर्ने, साबिक वा नयाँ नामबाट नयाँ सदस्यता प्रदान गर्ने, आन्तरिक कार्यविधिमा संशोधन गर्ने, कर्मचारी समायोजन गर्ने लगायतका काम कुरा गर्ने;

(ङ) साधारणसभाका सदस्यहरूको भेलाबाट गर्नुपर्ने निर्णयका हकमा साधारणसभाका सदस्यहरूको भेलाबाट पछि अनुमोदन गराउने गरी भनी प्रतिनिधि, समिति, संयोजन समिति वा अन्य कुनै प्रतिनिधिमूलक अङ्ग वा बैठकले कुनै निर्णय गर्न सक्ने;

(च) सहकारी संस्थाको स्वीकृत विनियम वा आन्तरिक कार्यविधिको साथै ऐन, नियमावली वा प्रादेशिक वा सङ्घीय कानून वा गाउँपालिकाको कार्यकारी सभाबाट स्वीकृत निर्देशिका, मानदण्ड वा कार्यविधिसम्मत व्यवस्था सँग बाझिने र

(छ) ऐन, नियमावली वा प्रादेशिक वा सङ्घीय कानुन विपरीत वा सर्वमान्य सहकारी सिद्धान्त, मूल्य र मान्यता विपरीतको अन्य कुनै प्रावधान । तर,

(१) खण्ड (क) मा लेखिएको कुनै कुराले साधारणसभाका सदस्यहरूको भेलाको पूर्व-तयारीका शिलशिलामा सम्बन्धित अर्को सहकारी संस्था, नियामक निकाय वा खण्ड (ग) मा उल्लेखित निकायसँग कुनै कुरा बुझ्ने, कागतपत्र आदान-प्रदान गर्ने वा अनौपचारिक स्तरमा कुराकानी गर्ने गरी कार्यविधिमा प्रस्ताव गर्न बाधा पर्ने छैन ।

(२) खण्ड (ङ) मा लेखिएको कुनै कुराले मनासिब व्यावहारिक कारण परी तत्काल पेश गर्न नसकिएको कुनै फिरिस्त वा विस्तृति वा तत्काल टुङ्गो लाग्न नसकेको विषयका सम्बन्धमा साधारणसभाका सदस्यहरूको भेलाले विचारार्थ पछि पेश गर्ने गरी अन्य कार्यहरू गर्दै रहने गरी साधारणसभाका सदस्यहरूको भेलाको स्वीकृति लिन सकिने व्यवस्था कार्यविधिमा प्रस्ताव गर्न बाधा पर्ने छैन ।

## परिच्छेद–२

## एकीकरण प्रस्तावको स्वीकृति सम्वन्धी व्यवस्था

**११. प्रस्तावलाई अन्तिम रूप दिने:**

(१) संयोजन समितिले तर्जुमा गरेको प्रस्तावको प्रारूप एकीकरण प्रकृयामा संलग्न सहकारी संस्थाको समितिको छुट्टाछुट्टै विस्तारित बैठकमा पेश गरी त्यसमा बैठकको कुनै राय, सुझाव भए उपयुक्त राय, सुझाव समावेश गरेर प्रस्तावलाई अन्तिम रूप दिनु पर्दछ ।
**स्पष्टीकरण**: यस दफाको प्रयोजनका लागि "समितिको विस्तारित बैठक" भन्नाले सञ्चालक समितिका साथै लेखा सुपरिवेक्षण समितिका संयोजक एवं सदस्यहरू र पूर्व-अध्यक्षहरू, सहकारी संस्थाको तर्फबाट सङ्घ वा सहकारी बैङ्कमा प्रतिनिधित्व गर्ने सदस्य, सल्लाहकार समिति भए सोका संयोजक एव सदस्यहरू र सहकारी संस्थाको काम-कारोबारमा विशेष योगदान रहेका सदस्यहरू समेतबाट समितिले उपयुक्तताका आधारमा छानेका सदस्यहरूको आमन्त्रित उपस्थितिमा बसेको समितिको बैठक सम्झनु पर्दछ ।

(२) उपदफा (१) बमोजिम अन्तिम रूप दिइएको प्रस्ताव संयोजन समितिले समितिको विचारार्थ पठाउनु पर्दछ।

(३) सहकारी संस्थाहरु एकिकरण गर्दा (को-अपरेटिभ एण्ड पोभर्टि-रिलेटेड मेनेजमेन्ट इन्फर्मेसन सिस्टम कोपोमिस (COPOMIS) लाई अनिबार्य रुपमा लागु गरेको हुनु पर्नेछ ।

**१२. प्रस्ताव फिर्ता पठाउन सक्ने:**

(१) दफा ११ बमोजिम संयोजन समितिबाट अन्तिम रूप दिइएको प्रस्तावमा विस्तारित बैठकबाट प्रदान गरिएको उपयुक्त सुझाउ समावेश गर्न छुट भएको वा अर्को सहकारी संस्थाका तर्फबाट व्यक्त कुनै सरोकार सम्बोधन नभएको वा त्यस बीचमा कुनै नयाँ विषयका सम्बन्धमा विशेषत: प्रस्ट पार्नुपर्ने वा कुनै व्यवस्थामा थपघट गर्नुपर्ने देखिएकोमा समितिले तत्सम्बन्धी व्यहोरा जनाएर पुनर्विचार गर्न संयोजन समितिमा फिर्ता पठाउन सक्ने छ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव फिर्ता प्राप्त भएकोमा संयोजन समितिले यथाशीघ्र पुनर्विचार गरी कुनै कुरा संशोधन गर्नुपर्ने भए गरिएको संशोधनको व्यहोरा र गर्नु नपर्ने भए नपर्नाको कारणसमेत खुलाएर पुनः समितिमा पठाउनु पर्दछ ।

**१३. साधारणसभामा प्रस्ताव पेश गर्नेः**

(१) संयोजन समितिबाट दफा ११ को उपदफा (२) बमोजिम अन्तिम रूप दिई वा दफा १२ को उपदफा (२) बमोजिम पुनर्विचार गरी प्राप्त हुन आएको प्रस्ताव समितिले ऐन, नियमावली वा प्रादेशिक वा सङ्घीय कानुनको व्यवस्था बमोजिम साधारणसभाको विचारार्थ पेश गर्नुपर्दछ ।

(२) उपदफा (१) को प्रयोजनार्थ समितिले ऐन, नियमावली वा प्रादेशिक वा सङ्घीय कानुनको व्यवस्था बमोजिम विशेष साधारणसभा बोलाउन सक्नेछ । तर यसमा लेखिएको कुनै कुराले वार्षिक साधारणसभामा एकीकरणको प्रस्ताव राख्न बाधा पर्ने छैन ।

(३) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्दा दफा १२ को उपदफा (१) अन्तर्गत संयोजन समितिलाई पुनर्विचारका लागि प्रस्ताव फिर्ता पठाइएको भए **अनुसूची-४** को ढाँचामा तत्सम्बन्धी व्यहोरा समेत जनाउनु पर्दछ ।

(४) एकीकरणको प्रस्तावमा यस कार्यविधिको दफा १४ बमोजिम अर्को सहकारी संस्थाका सदस्यहरूको भेलाबाट त्यस बीचमा कुनै निर्णय भई जानकारी प्राप्त भएको भए तत्सम्बन्धी ब्यहोरा समेत उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्दा खुलाउनु पर्दछ ।

**१४. निर्णयको जानकारी पठाउनुपर्नेः**

(१) दफा १३ बमोजिम पेश भएको एकीकरणको प्रस्तावका सम्बन्धमा साधारणसभामा भएको निर्णयको जानकारी सम्बन्धित सहकारी संस्था/संस्थाहरुमा पठाउनु पर्दछ ।

(२) उपदफा (१) बमोजिम जानकारी पठाउँदा साधारणसभाबाट प्रस्तावको कुनै कुरा संशोधन गरी पारित भएको भए **अनुसूची-४** को ढाँचामा तत्सम्बन्धी व्यहोरा समेत जनाउनु पर्दछ ।

**१५. संयुक्त साधारणसभाः**

(१) दफा १३ बमोजिम साधारणसभाबाट प्रस्ताव पारित भएपछि त्यसमा विचार गर्न संयोजन समितिको अध्यक्षले सम्बद्ध अन्य सहकारी संस्थाका अध्यक्षहरूसँग परामर्श गरी उपयुक्त मिति, समय र स्थानमा संयुक्त साधारणसभा बोलाउनु पर्दछ ।

(२) संयोजन समितिको अध्यक्ष देश बाहिर रहेको वा अन्य विशेष कारणले बैठक बोलाउने अवस्थामा नरहेको खण्डमा सम्बद्ध सहकारी संस्थाका अध्यक्षहरू मध्येको ज्येष्ठ अध्यक्षले उपदफा (१) बमोजिम संयुक्त साधारणसभा बोलाउन सक्नेछ ।

(३) संयुक्त साधारणसभाको बैठकको अध्यक्षता संयोजन समितिको अध्यक्षले र नीजको अनुपस्थितिमा उपस्थित समितिका अध्यक्षहरू मध्येको ज्येष्ठ अध्यक्षले गर्नेछ ।

**१६. संयुक्त साधारणसभाको कार्यसूचीः**

संयुक्त साधारणसभाको कार्यसूची देहायबमोजिम हुनेछ :-

(क) एकीकरणको प्रस्तावलाई अन्तिम रूप दिई पारित गर्ने;

(ख) एकीकरण पछि कायम हुने सहकारी संस्थाको कार्ययोजना स्वीकृत गर्ने;

(ग) एकीकरण पछि कायम हुने सहकारी संस्थाको प्रस्तावित विनियम संशोधनको मसौदा पारित गर्ने;

(घ) दफा ८ को उपदफा (२) को खण्ड (क) वा (ख) को अवस्था भए सम्बन्धित सहकारी संस्थाले तदनुसारको व्यवस्था मिलाइसके, नसकेको सम्बन्धमा संयोजन समितिका तर्फबाट प्रस्तुत प्रतिवेदनमा विचार गरी अनुमोदन गर्ने वा तत्सम्बन्धमा जो-चाहिने निर्देशन दिने;

(ङ) प्रमुख प्रशासकीय अधिकृत/दर्ता अधिकारी वा दर्ता गर्ने अधिकारीले एकीकरण प्रस्ताव स्वीकृत गरेका दिन देखि एकीकरण पछि कायम हुने सहकारी संस्थाको पहिलो विधिवत् साधारण सभा नबसुन्जेल दैनिक कार्यसञ्चालनका लागि तदर्थ समिति गठन गर्ने;

(च) एकीकरणको हिसाब मिलान प्रमाणित गर्न इजाजत प्राप्त लेखापरीक्षक नियुक्त गरी पारिश्रमिक तोक्ने;

(छ) एकीकरण पछि कायम हुने सहकारी संस्थाको सङ्गठन तालिकाका साथै **अनुसूची** ५ को ढाँचामा कर्मचारी दरबन्दी संरचना एव ंसाबिकको सहकारी संस्थाबाट समायोजन हुने कर्मचारीको पद मिलान तालिका स्वीकृत गर्ने;

(ज) संयोजन समितिको खर्चको फाँटवारी अनुमोदनका साथै त्यस्तो खर्च सम्बद्ध सहकारी संस्थाहरूले के-कस्तो आधार र अनुपातमा बेहोर्ने भन्ने तय गर्ने र

(झ) एकीकरणको प्रयोजन पूरा गर्ने वा सोको सिलसिलामा आवश्यक हुने कार्यका लागि संयोजन समितिले पेश गरेको अन्य प्रस्तावमा विचार गरी निकासा दिने ।

## १७. संयुक्त साधारणसभा प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

(१) दफा १५ मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा २८ को उपदफा (६) वा प्रादेशिक वा सङ्घीय कानुनमा उल्लेखित दुई हजार वा सो भन्दा बढी सदस्य सङ्ख्या भएको संस्थाको हकमा साधारणसभाको अन्तिम निर्णय प्रमाणित गर्न बनेको एकाइ प्रतिनिधिहरूको सभाले नै संयुक्तसाधारण सभाको लागि प्रतिनिधित्व गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको एकाइ प्रतिनिधिहरूको सभामा सम्बद्ध सहकारी संस्थाहरूको प्रतिनिधि सङ्ख्या बराबर नहुने रहेछ भने सबभन्दा बढी प्रतिनिधि हुने सहकारी संस्थाको सङ्ख्या कायमै राखी त्यसभन्दा घटी सङ्ख्या हुने सहकारी संस्थाको दफा १३ बमोजिम बसेको साधारणसभाले नै संयुक्त साधारणसभाको प्रयोजनका लागि घटी भएजति थप प्रतिनिधि चयन गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

(३) एकीकरण गरिने सहकारी संस्थाहरू मध्ये कुनैमा मात्र उपदफा (१) बमोजिमको अवस्था भएको खण्डमा बाँकी सहकारी संस्थाहरूको हकमा समेत उपदफा (२) बमोजिम संयुक्त साधारणसभाको प्रयोजनका लागि त्यति नै सङ्ख्यामा प्रतिनिधिहरू चयन गरि पठाउने व्यवस्था मिलाउनु पर्दछ ।

## १८. संयुक्त साधारणसभाको गणपूरक संख्या र निर्णयः

(१) उपदफा (२) बमोजिम प्रस्ताव पारित गर्न न्यूनतम रूपमा आवश्यक सदस्यहरूको उपस्थिति भएमा संयुक्त साधारणसभाको बैठकको गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(२) संयुक्त साधारणसभामा पेश भएको प्रस्ताव सम्बद्ध सबै सहकारी संस्थाहरूको कुल कायम रहेको सदस्य सङ्ख्याको बहुमतबाट पारित गर्नु पर्दछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि दफा १६ को उपदफा (१) को खण्ड (च) बमोजिमको निर्णय बैठकमा उपस्थित सदस्य सङ्ख्याको बहुमतबाट गर्न सकिनेछ ।

(४) दफा १७ बमोजिम संयुक्त साधारणसभा बसेकोमा सम्बद्ध प्रत्येक सहकारी संस्थाका जम्मा प्रतिनिधिहरूको बहुसङ्ख्या सहितको उपस्थिति भएको खण्डमा बैठकको गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) उपदफा (४) बमोजिम बसेको संयुक्त साधारणसभाले सबै सहकारी संस्थाहरूको गरी हुने कुल कायम रहेको प्रतिनिधि सङ्ख्याको बहुमतबाट पेश भएको प्रस्ताव पारित गर्न सक्नेछ ।

**१९ संयुक्त साधारणसभाको कार्यमा निर्बन्धन :**

संयुक्त साधारण सभाले दफा १३ बमोजिम सम्बन्धित सहकारी संस्थाबाट पारित भएको प्रस्तावको भावना एवं एकीकरणको आधारभूत सर्त विपरीत प्रस्ताव वा प्रस्तावित विनियम वा विनियम संशोधनको मसौदा पारित गर्नु वा अन्य कुनै निर्णय गर्नु हुँदैन ।

तर यसमा लेखिएको कुनै कुराले उपदफा (१) बमोजिम पेश भएको प्रस्तावमा सम्बद्ध सहकारी संस्थाको साधारणसभाबाट पारित भएको प्रस्तावको कुनै कुरा छुटेकोमा समावेश गरी, प्रस्ट नभएको कुनै कुरा प्रस्ट पारी वा फरक अर्थमा बुझिएको कुनै कुरा एकै अर्थमा बुझिने शब्दावली राखी संशोधन गरेर वा आनुषङ्गिक सुधार वा अनायास हुन गएको गल्ती सच्याएर त्यस्तो प्रस्ताव पारित गर्न बाधा पर्ने छैन ।

**२०. संयोजन समिति स्वतः विघटित हुने :** दफा १५ वा १६ बमोजिम बसेको संयुक्त साधारण सभाको कारबाई समाप्त भएपछि संयोजन समिति स्वतः विघटित हुनेछ ।

तर कार्यसूचीका सबै विषय टुङ्गो नलागी वा कुनै विषयमा थप बुझ्नुपर्ने भई वा अन्य कुनै व्यावहारिक कारण परी संयुक्त साधारण सभाको पुनः बैठक बस्नुपर्ने भएकोमा त्यसरी अन्तिम पल्ट बस्ने बैठकको कारबाई समाप्त नभएसम्म संयोजन समिति कायमै रहनेछ ।

**२१. एकीकरण प्रस्ताव स्वीकृतिका लागि दरखास्त दिने :**

(१) संयुक्त साधारणसभाबाट पारित भएको एकीकरण सम्बन्धी प्रस्तावका साथै एकीकरण पछि कायम हुने सहकारी संस्थाको विनियम वा संशोधित विनियम स्वीकृतिका लागि सम्बन्धित सहकारी संस्थाको समितिको तर्फबाट अध्यक्ष सहित बहुमत सञ्चालकले आ-आफ्नो संस्थाको निसाना छाप लगाएर प्रमुख प्रशासकीय अधिकृत, दर्ता अधिकारी वा दर्ता गर्ने अधिकारी समक्ष **अनुसूची-६** को ढाँचामा दरखास्त दिनु पर्दछ ।

(२) उपदफा (१) बमोजिमको दरखास्त साथ देहायका कागतपत्र संलग्न गर्नु पर्दछ :-

(क) संयुक्त साधारणसभाको निर्णयको प्रतिलिपि;

(ख) संयुक्त साधारणसभाबाट पारित भएको प्रस्तावको दुई प्रति;

(ग) एकीकरण पछि कायम हुने सहकारी संस्थाको कार्ययोजनाको दुई प्रति;

(घ) विनियम संशोधनको मसौदाको दुई प्रति,

(ङ) विनियम संशोधनको हकमा **अनुसूची-७** को ढाँचामा तीन महले फारामको दुई प्रति,

(च) नियामक निकायले तोकेको अन्य विवरण वा प्रमाणित हुने कागतपत्र ।

(३) उपदफा (२) को खण्ड (घ) बमोजिम एकीकरण पछि कायम हुने सहकारी संस्थाको विनियमको मस्यौदामा 'एकीकरण पूर्वको सहकारी संस्थाको विनियम बमोजिम भए, गरेको काम-कारोबार यसै विनियम बमोजिम भए गरेको मानिने छ' भन्ने व्यवस्था समेत राख्नुपर्दछ ।

**२२. एकीकरण प्रस्तावको स्वीकृति :**

(१) प्रमुख प्रशासकीय अधिकृत, दर्ता अधिकारी वा दर्ता गर्ने अधिकारीले दफा २१ बमोजिम प्राप्त भएको दरखास्त उपर साधारणतया पन्ध्र दिनभित्र आवश्यक जाँचबुझ गर्नु पर्दछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा अन्य कुराका अतिरिक्त **अनुसूची-८** को ढाँचामा एकीकरणका लागि प्रस्ताव प्राप्त हुन आएको व्यहोरा खुलाएर कम्तीमा पन्ध्र दिनको म्याद राखी सो सम्बन्धमा सरोकारवाला कसैको कुनै सरोकार, गुनासो वा उजुरी भए निवेदन दिन आह्वान गरी कार्यालयका साथै सम्बन्धित वडा कार्यालयहरूमा सूचना टाँस एवं वेबसाइट भए वेबसाइट मार्फत सम्प्रेषण गरी स्थानीय पत्रिकामा प्रकाशन गर्नु पर्दछ । तर स्थानीय पत्रिका प्रकाशन नहुने स्थानमा सूचना प्रकाशन गरी राख्नु पर्ने छैन ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र कुनै निवेदन प्राप्त भएकोमा नियामक निकायले तत्सम्बन्धमा छानबिन गरी ऐन, नियमावली र प्रादेशिक वा सङ्घीय कानुनको व्यवस्था बमोजिम गर्नु पर्दछ ।

(४) उपदफा (१) बमोजिम प्राप्त दरखास्त उपर उपदफा (२) बमोजिम निवेदन परेकोमा सोको छानबिन समेत जाँचबुझ गर्दा सहकारी मूल्य, मान्यता र सिद्धान्तका साथै ऐन, नियमावली वा प्रादेशिक वा सङ्घीय कानुनका व्यवस्था अनुरूप भएको पाइएमा एकीकरण, प्रस्ताव र विनियम वा संशोधित विनियम स्वीकृत गरी स्वीकृत विनियमको कार्यालय प्रति राखी अर्को प्रति सम्बन्धित सहकारी संस्थामा पठाउनु पर्दछ ।

(५) उपदफा (२) बमोजिम विनियम वा संशोधित विनियम स्वीकृत गर्दा सोको अन्तिम पृष्ठमा 'मिति ... /... /... को निर्णयबाट एकीकरण गरी विनियम/विनियम संशोधन स्वीकृत' भन्ने व्यहोरा जनाउनुपर्दछ ।

(६) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा सहकारी मूल्य, मान्यता र सिद्धान्त वा ऐन, नियमावली वा प्रादेशिक वा सङ्घीय कानुनका व्यवस्था अनुरूप नभएको पाइएमा सोही व्यहोरा जनाई तदनुरूप गरी पेश गर्न प्राप्त प्रस्ताव, विनियम वा संशोधित विनियम र कार्ययोजनाको दोस्रो प्रति सम्बन्धित सहकारी संस्थामा फिर्ता पठाउनु पर्दछ ।

(७) उपदफा (४) बमोजिमको व्यहोरा सच्याई प्राप्त भएको साधारणतया तीन दिनभित्र एकीकरण प्रस्ताव र विनियम वा संशोधित विनियम स्वीकृतिको निर्णय गरिसक्नु पर्दछ ।

**२३. नाम, दर्ता नम्बर र लगत संशोधन :**

(१) प्रमुख प्रशासकीय अधिकृत, दर्ता अधिकारी वा दर्ता गर्ने अधिकारीले दफा २२ बमोजिम एकीकरण भई कायम हुने सहकारी संस्थाको नाम र दर्ता नम्बरका सम्बन्धमा देहायको अवस्थामा देहाय बमोजिम गरी लगत संशोधन गर्नुपर्दछ :-

(क) साबिकको कुनै सहकारी संस्थाको नाम यथावत् राख्ने गरी प्रस्ताव भई आएकोमा त्यस्तो सहकारी सस्थाको नामका साथै दर्ता नम्बर समेत यथावत राखी दर्ता किताबमा 'मिति ... ... /... /... को निर्णयबाट ... ... ... ... ..., ... .... ...

... र ... ... ... ... ... सहकारी संस्थाहरू समेत एकीकरण गरिएको' भन्ने व्यहोरा जनाउने;

(ख) खण्ड (क) को अवस्थामा साबिक नाम तथा दर्ता नम्बर कायम गरिएको सहकारी संस्था बाहेकका एकीकृत गरिएका अन्य सहकारी संस्थाहरू प्रत्येकको हकमा 'मिति ... ... ... /... /... को निर्णयबाट ... . ... ... सहकारी संस्थामा एकीकरण गरिएको' भन्ने व्यहोरा जनाएर लगत कट्टी गरिदिने;

(ग) साबिकको कुनै सहकारी संस्थाको नाम हुबहु नमिल्ने गरी एकीकरण पछि कायम हुने सहकारी संस्थाको नाम राख्ने गरी प्रस्ताव भइ आएकोमा नयाँ नामको सहकारी संस्था दर्ता गरी दर्ता किताबको कैफियत महलमा 'मिति .. /... /... को निर्णयबाट ... ... ... ... ..., ... ... ... ... ... र ... ... ... ... ... सहकारी संस्थाहरू एकीकरण गरी नयाँ नाम तथा दर्ता नम्बर दिइएको' व्यहोरा जनाइ राख्ने,

(घ) खण्ड (ग) को अवस्थामा एकीकृत गरिएका सहकारी संस्थाहरू प्रत्येकको हकमा 'मिति ... ... ... /... /... को निर्णयबाट ... ... ... ... ..., ... ... ... ... ... र ... ... ... ... ... सहकारी संस्थासँग एकीकरण गरी दर्ता नं. ... ... ... ... ... को ... ... ... ... ... सहकारी संस्था कायम गरिएको' भन्ने व्यहोरा जनाएर लगत कट्टी गरि दिने ।

**२४. दर्ता प्रमाण-पत्रः**

दफा २२ बमोजिम एकीकरण पछि कायम गरिएको सहकारी संस्थालाई ऐनको दफा ६ को उपदफा (१) वा प्रादेशिक वा सङ्घीय कानुनको व्यवस्था बमोजिम दर्ता प्रमाण-पत्र दिनु पर्दछ । तर साबिककै दर्ता नम्बर कायम गरिएको सहकारी संस्थाको हकमा दर्ता प्रमाण-पत्र दिनुपर्ने छैन ।

**२५. एकीकरण गरिएको सूचना :**

(१) नियामक निकायले दफा २२ को उपदफा (४) बमोजिम एकीकरण स्वीकृत गरे पछि अनुसूची-९ को ढाँचामा सो सम्बन्धी सूचना कार्यालयमा टाँस गरी वेबसाइटमा राख्नुका साथै सम्बन्धित सरोकारवालाहरूले जानकारी पाउन सक्ने राष्ट्रिय वा स्थानिय एफएम रेडियो, पत्रिका लगायतको सञ्चार माध्यमबाट प्रसारण वा प्रकाशन गर्नु पर्दछ ।

(२) उपदफा (१) बमोजिमको सूचनाको प्रति सम्बन्धित नियामक निकायका साथै सहकारी संस्था सदस्य रहेको सघ, सहकारी बैक र राष्ट्रिय सहकारी विकास बोर्डमा समेत पठाउनु पर्दछ ।

(३) सहकारी संस्थाले सदस्यहरूलाई 'एसएमएस', 'इमेल' लगायतको माध्यमबाट एकीकरण विशेषको जानकारी दिनुपर्दछ ।

**२६. अन्तरिम अवधिमा दैनिक कार्यसञ्चालन :**

(१) संयुक्त साधारण सभाबाट प्रस्ताव पारित भएपछि प्रमुख प्रशासकीय अधिकृत, दर्ता अधिकारी वा दर्ता गर्ने अधिकारीबाट एकीकरण गरी विनियम वा विनियम संशोधन स्वीकृत नभएसम्म सम्बद्ध सहकारी संस्थाको साबिकको समितिले नै दैनिक कार्य सञ्चालन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिमा साबिकको सहकारी संस्थाको साधारणसभाको बैठक डाक्न, साधारण सभाबाट अनुमोदन गराउने गरी कुनै निर्णय गर्न वा पारित प्रस्तावमा उल्लेख भए बमोजिम एकीकरणको कुनै प्रक्रिया अघि बढाउनु हुँदैन ।

तर यसमा लेखिएको कुनै कुराले साधारणसभा वा संयुक्त साधारणसभाको विधि नपुगेको कारण वा दफा २२ को उपदफा (६) बमोजिम प्रमुख प्रशासकीय अधिकृत, दर्ता अधिकारी वा दर्ता गर्ने अधिकारीबाट फिर्ता प्राप्त हुन आएको प्रस्ताव वा विनियम वा संशोधित विनियममा पुनर्विचार गर्न साधारणसभा वा संयुक्त साधारणसभाको बैठक बोलाउन बाधा पुऱ्याएको मानिने छैन ।

(३) प्रमुख प्रशासकीय अधिकृत, दर्ता अधिकारी वा दर्ता गर्ने अधिकारीबाट प्रस्ताव एवं विनियम वा विनियम संशोधन अस्वीकृत गरिएको जानकारी प्राप्त भएको खण्डमा सम्बद्ध सहकारी संस्थाको साबिक बमोजिमको कार्य सञ्चालनमा उपदफा (१) को निर्बन्धन कायम रहने छैन ।

**२७. स्वीकृतिको बाध्यता नरहने:**

दफा २१ बमोजिमको दरखास्त साथ प्राप्त प्रस्ताव वा विनियम वा संशोधित विनियम वा कार्ययोजनाको कुनै कुरा सहकारी सिद्धान्त, मूल्य, मान्यता वा ऐन, नियमावली वा प्रादेशिक वा स्थानीय कानुनका व्यवस्था विपरीत भएको तथ्य जुनसुकै कारणले पछि खुल्न आएकोमा नियामक निकायले दफा ५ बमोजिम पूर्व-स्वीकृति दिएकै आधारमा एकीकरणको प्रस्ताव वा विनियम वा संशोधित विनियम स्वीकृत गर्नुपर्ने बाध्यता रहने छैन ।

## परिच्छेद–३
## हिसाब मिलान

**२८. हिसाब मिलान मिति तोक्ने:**

(१) एकीकरणको हिसाब मिलानको प्रयोजनका लागि संयोजन समितिले मिति तोक्नुपर्दछ ।

(२) उपदफा (१) बमोजिम मिति तोक्दा आर्थिक वर्ष समाप्त भएको, अर्धवार्षिक वा चौमासिक खाताबन्दीको वा महिनाको मसान्त पार्नु पर्दछ ।

तर संयुक्त साधारणसभा बस्ने दिन भन्दा कम्तीमा सात दिन अघि नपर्ने गरी हिसाब मिलान मिति तोक्नु हुँदैन ।

**२९. हिसाब मिलान विधि:**

(१) एकीकरण गर्दा सम्बद्ध सहकारी संस्थाहरूको हिसाब एकीकृत गर्ने प्रयोजनका लागि एकीकरणमा संयुक्त ऋणधनमा आधारित विधि अवलम्बन गर्नुपर्दछ ,

(२) प्रस्तावमा दफा ३ बमोजिम साधारण सभाको सैद्धान्तिक स्वीकृति लिँदा हिसाब मिलान विधि समेत खुलाउनुपर्दछ ।

(३) उपदफा (१) बमोजिम संयुक्त ऋणधन विधिबाट हिसाब मिलान गर्दा **अनुसूची-१०** को ढाँचामा एकीकरण गरिने सहकारी संस्थाहरू प्रत्येकको वासलातको सम्पत्ति र दायित्वको हिसाब नम्बर अनुसारको रकम कलम जोडेर एकीकृत सहकारी संस्थाको वासलात तयार पार्नुपर्दछ ।

३०. स्थिर सम्पत्तिको मूल्याङ्कन गरी हिसाब समायोजन गर्न नहुनेः

### ३५. हिसाब मिलान प्रमाणित गराउनुपर्नेः

प्रमुख प्रशासकीय अधिकृत, दर्ता अधिकारी वा दर्ता गर्ने अधिकारीले एकीकरण स्वीकृत गरेको मितिले साधारणतया पन्ध्र दिनभित्र हिसाब मिलान गरी मिलान गरिएको हिसाब लेखापरीक्षकबाट प्रमाणित गराउनु पर्दछ ।

### ३६. हिसाब मिलानको स्वीकृतिः

दफा ३५ बमोजिम लेखापरीक्षकबाट प्रमाणित भएको हिसाब तदर्थ समितिले स्वीकृत गर्नुपर्दछ ।

### ३७. हिसाब हस्तान्तरणः

(१) दफा ३६ बमोजिम हिसाब मिलान स्वीकृत भएको मितिले सात दिनभित्र हस्तान्तरण कार्य सम्पन्न गरिसक्नुपर्दछ ।

(२) उपदफा (१) बमोजिम हिसाब हस्तान्तरण गर्दा सोसँग सम्बन्धित सम्पूर्ण स्रेस्ता तथा तदनुसारको नगदी समेत बुझाउनुपर्दछ ।

### ३८ आर्थिक कारोबार गर्न नहुनेः

दफा २७ बमोजिम तोकिएको हिसाब मिलान मितिदेखि दफा ३७ बमोजिम एकीकृत सहकारी संस्थामा हिसाब हस्तान्तरण हुने मितिसम्म साबिकको सहकारी संस्थाको कुनै किसिमको आर्थिक कारोबार गर्नु हुँदैन।

### ३९. एकीकृत व्यवस्थापन सूचना प्रणालीमा विवरण अद्यावधीकरण गर्नुपर्नेः

(१) एकीकरण भएको सहकारी संस्थाको आधारभूत विवरण नियामक निकायले एकीकरण स्वीकृत गरेको र विस्तृत विवरण सहकारी संस्थाले दफा ३८ बमोजिम हिसाब हस्तान्तरण भएको तीन दिनभित्र एकीकृत व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक गर्नुपर्दछ ।

## परिच्छेद ४
## विविध

### ४०. तदर्थ समितिलाई कार्यभार हस्तान्तरणः

प्रमुख प्रशासकीय अधिकृत, दर्ता अधिकारी वा दर्ता गर्ने अधिकारीले दफा एकीकरण स्वीकृत गरेको मिति देखि साबिक समितिले एकीकृत सहकारी संस्थाको कार्यभार तदर्थ समितिलाई हस्तान्तरण गर्नुपर्दछ ।

### ४१. सदस्य पहिचान गरिएको मानिनेः

यस कार्यविधि बमोजिम एकीकरण गर्दा साबिकको सहकारी संस्थामा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी सङ्घ संस्थालाई सहकारी विभागवाट जारी गरिएको निर्देशन, २०७४ को दफा ९ को उपदफा (१) बमोजिम पहिचान गरिएको वा सोही दफाको उपदफा (२) बमोजिम पहिचान अद्यावधिक गरिएको सदस्यको हकमा एकीकृत संस्थाको तर्फबाट समेत तदनुसार सदस्य पहिचान गरिएको वा पहिचान अद्यावधिक गरिएको मानिनेछ ।

तर, उक्त निर्देशनको दफा ११ बमोजिम सदस्यको बृहत् पहिचान, दफा ८ बमोजिम उच्च पदस्थ

सदस्यको विशेष पहिचान, दफा १३ बमोजिम जोखिम व्यवस्थापन लगायत सो निर्देशनका अन्य सम्पूर्ण व्यवस्थाहरू त्यस्तो सदस्यको हकमा समेत समान रूपमा लागू हुने छन् ।

**४२. नयाँ निस्सा-प्रमाण दिने :**

(१) एकीकरण पछि साबिक सहकारी संस्थाको नाम वा दर्ता नम्बर परिवर्तन भएकोमा सदस्यको साबिक सहकारी संस्थाको सदस्यता प्रमाण-पत्र र शेयर प्रमाण-पत्र लिई सोको सट्टा नयाँ कायम भएको सहकारी संस्थाको सदस्यता प्रमाण-पत्र र शेयर प्रमाण-पत्र प्रदान गर्नुपर्दछ ।

तर त्यसरी सदस्यता प्रमाण-पत्र वा शेयर प्रमाण-पत्र नलिएकै कारणले कुनै सदस्य नयाँ कायम भएको सहकारी संस्थाको विनियम बमोजिमको हक वा अधिकारबाट वञ्चित हुने छैन ।

(२) उपदफा (१) बमोजिमको अवस्थामा सदस्यको साबिक सहकारी संस्थाको शेयर, बचत वा ऋण पास पुस्तिकामा साबिक सहकारी संस्थाको प्रवृष्टि उप्रान्तको हर छुने गरी नयाँ कायम भएको सहकारी संस्थाको निसाना छाप लगाएर मौज्दात अगाडि ल्याई समायोजन गर्नुपर्ने रकम भए समायोजन गरी हिसाब निरन्तर राख्नुपर्दछ ।

(३) नयाँ कायम भएको सहकारी संस्थाको सदस्यता नम्बर दिँदा प्रस्तावमा अन्यथा लेखिएकोमा बाहेक निवेदन दर्ता क्रमको आधार लिनुपर्दछ ।

**४३. नामसारीः**

(१) एकीकरण, विभाजन वा पुनर्सङ्गठन भएबाट हस्तान्तरण भएको सम्पत्ति प्रचलित कानुन बमोजिम साबिक सहकारी संस्थाबाट हालवाला सहकारी संस्थाको स्वामित्व कायम हुने गरी नामसारी गराउनु पर्दछ ।

(२) हालवाला सहकारी संस्थाले एकीकरण भए पछि हस्तान्तरण भई आएको साबिक सहकारी संस्थाको कर, ऋण वा अन्य दायित्वका सम्बन्धमा तत्काल सम्बन्धित निकाय वा पक्षसँग सम्पर्क राखी प्रचलित कानुन बमोजिम आफ्नो नाममा कायम गराएर जिम्मेवारी सार्नुपर्दछ ।

(३) एकीकरण पछि साबिक सहकारी संस्थाको नाम वा दर्ता नम्बर परिवर्तन भएकोमा साबिक सहकारी संस्थाको बैङ्क खाता बन्द गरी मौज्दात नयाँ कायम भएको सहकारी संस्थाको खातामा सार्नुपर्दछ ।

(४) सहकारी संस्थाले यस दफा बमोजिम भए, गरेको प्रत्येक कार्यको जानकारी नियामक निकायलाई दिनुपर्दछ तथा नियामक निकायले पनि तत्सम्बन्धमा आवश्यक सहयोग गरिदिनु पर्दछ ।

(५) समिति वा तदर्थ समितिले नामसारी लगायतका कार्यहरूको सम्बन्धमा सदस्यहरूलाई निरन्तर सुसूचित गरी तत्सम्बन्धी प्रतिवेदन लगत्तै बस्ने साधारणसभामा पेश गर्नुपर्दछ ।

**४४. प्रस्तावमा लेखिएबमोजिम हुने :**

सहकारी ऐन, नियमावली वा प्रादेशिक वा सङ्घीय कानुन र यस कार्यविधिमा नलेखिएको एकीकरण विशेषको कुराका हकमा प्रमुख प्रशासकीय अधिकृत, दर्ता अधिकारी वा दर्ता गर्ने अधिकारीले स्वीकृत गरेको प्रस्तावमा लेखिए बमोजिम हुनेछ ।

**४५. अनुसूचीमा हेरफेर गर्न सक्ने :**

(१) प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका प्रमुख/मेयरलाई जानकारी गराएर यो कार्यविधिको कुनै अनुसूचीमा समयसापेक्ष हेरफेर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हेरफेर गरिएको व्यहोराको सूचना यथाशिघ्र गाउँपालिका कार्यालयको वेबसाइटमा राख्नुका साथै प्रादेशिक तथा सङ्घीय नियामक निकायहरूमा पठाउनु पर्दछ ।

**४६. बाधा, अड्काउ फुकाउन सक्ने** :

यो कार्यविधिको कार्यान्वयनका शिलशिलामा कुनै बाधा, अड्काउ परेमा प्रमुख प्रशासकीय अधिकृतले फुकाइदिन सक्नेछ ।

**४७. व्याख्या गर्ने अधिकार** :

यो कार्यविधिको व्याख्या गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतमा रहनेछ ।

## अनुसूची–१

(दफा ३ को उपदफा (३) र दफा ४ को उपदफा (३) को खण्ड (ख) सँग सम्बन्धित)

# सहकारी संस्थाको एकीकरणको सैद्धान्तिक स्वीकृतिका लागि प्रस्ताव वा पूर्व-स्वीकृतिका लागि निवेदनसाथ पेश गर्नुपर्ने प्रारम्भिक विवरणको ढाँचा

## सहकारी संस्था एकिकरणको प्रारम्भिक विवरण

१. समिति/ साधारणसभाको सैद्धान्तिक स्वीकृति मिति : … … … / … … /… …

२. निर्णयको किसिम : सर्वसम्मत बहुमत

३. प्रस्तावः एकिकरण विभाजन पुनर्सङ्गठन

४. एकीकरण गरिने सहकारी संस्थाहरूको टिपन

| विस्तृति | एकीकरण गरिने सहकारी संस्था १ (जहाँ प्रक्रिया चल्ने हो सो) | एकीकरण गरिने सहकारी संस्था २ | एकीकरण गरिने सहकारी संस्था ३ | एकीकरण गरिने सहकारी संस्था ४ | एकीकरण पछि कायम हुने सहकारी संस्था | कैफियत |
|---|---|---|---|---|---|---|
| (१) | (२) | (३) | (४) | (५) | ६ (२+ ३+ ४ + ५) | (७) |
| • नाम | | | | | | |
| • ठेगाना | | | | | | |
| • दर्ता नं. | | | | | | |
| • दर्ता मिति | | | | | | |
| • दर्ता गर्ने कार्यालय | | | | | | |
| • विषयगत वर्गीकरण | | | | | | |
| • कार्यक्षेत्र | | | | | | |
| ○ प्रदेश | | | | | | |
| ○ जिल्ला | | | | | | |
| ○ स्थानीय तह | | | | | | |
| ○ वडा (अन्तर्गतको भाग भए सो) | | | | | | |
| • सदस्य सङ्ख्या | | | | | | |
| • एक-अर्कामा दोहोरो पर्ने सदस्य सङ्ख्या | | | | | | |
| √ सेवा, √ सङ्कलन वा √ बिक्री केन्द्र भए सङ्ख्या र स्थान | | | | | | |

५. एकीकरण गर्नु पर्नाको कारण

.. … … … … … … … … … … … … … …

६. एकीकरणको प्रस्ताव कहाँबाट, के-कसरी आएको हो ?

… … … … … … … … … … … … … … …

७. प्रस्तावित एकीकरणबाट विषयगत वर्गीकरणमा हुने परिवर्तन

… … … … … … … … … … … … … … …

८. एकीकरण संलग्न संस्थाहरूको तुलनात्मक वित्तीय अवस्था (आ.व … ./… … सम्मको) (रकम रु.'000)

| सूचक | एकीकरण गरिने सहकारी संस्था – १( जहाँ प्रक्रिया चल्ने हो सो) | एकीकरण गरिने सहकारी संस्था – २ | एकीकरण गरिने सहकारी संस्था – ३ | एकीकरण गरिने सहकारी संस्था – ४ | एकीकरण पछि कायम हुनेसहकारी संस्था | कैफियत |
|---|---|---|---|---|---|---|
| (१) | (२) | (३) | (४) | (५) | ६ (२+३+४+५) | (७) |
| • जम्मा बचत दायित्व | | | | | | |
| • जम्मा शेयर पुँजी | | | | | | |
| • जगेडा कोषको रकम | | | | | | |
| • सञ्चित घाटा भए जम्मा रकम | | | | | | |
| • घाटापूर्ति कोषको रकम | | | | | | |
| • जम्मा लगानीमा रहेको ऋण | | | | | | |
| • १२ महिनाभन्दा कम भाखा नाघेको ऋण | | | | | | |
| • १२ महिना बढी भाखा नाघेको ऋण | | | | | | |
| • ऋण हानिका लागि जम्मा व्यवस्था | | | | | | |
| • तिर्नुपर्ने जम्मा ऋण दायित्व | | | | | | |
| • जम्मा सम्पत्ति | | | | | | |
| • पछिल्लो आवको खुद बचत (घाटा) को रकम | | | | | | |

९. एकीकरण गर्दा अवलम्बन गरिने हिसाब मिलान विधि : **संयुक्त ऋणधनमा आधारित विधि**

१०. एकीकरणबाट पर्ने सकारात्मक साङ्गठनिक एवं व्यावसायिक प्रभाव

… … … … … … … … … … … … … … …
… … … … … … … … … … … … … … …

११. एकीकरण गर्दाको जोखिम

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...
... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

१२. एकीकरणका प्रमुख सर्त र आधार

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...
... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

- विशेष सर्त (जस्तै– प्राथमिक पूँजी कोष नपुग भएको वा सञ्चित घाटा भएको बचत ऋणको कारोबार गर्ने सहकारी संस्थाको हकमा नपुग भएको प्राथमिक पूँजी वा सञ्चित रहेको घाटाको रकम साबिक सहकारी संस्थाका सदस्यहरूले स्वेच्छक रूपमा थप शेयर खरिद गरी पूर्ति गरिसकेपछि मात्र एकीकरणको प्रक्रिया प्रारम्भ गर्ने)

१३. एकीकरणको विकल्प

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

१४. स्थानीय कानुनको व्यवस्था बमोजिम बैङ्क वा सम्बन्धित अन्य निकायको पूर्व-सहमति लिइए, नलिइएको व्यहोरा

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

१५. ☐सैद्धान्तिक स्वीकृति ☐पूर्व-स्वीकृतिपछिको प्रक्रिया

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...
... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

१६. कर्मचारी समायोजन

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...
... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

१७. अन्य प्रासाङ्गिक कुरा

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

व्यवस्थापकको दस्तखत : ... ... ... ... ...
नाम : ... ... ... ... ...
पद : ... ... ... ... ...

अध्यक्षको दस्तखत : ... ... ... ... ...
नाम : ... ... ... ... ...
पद : ... ... ... ... ..

## अनुसूची–२

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

# सहकारी संस्थाको एकीकरणको पूर्व-स्वीकृतिकालागि नियामक निकायमा दिने निवेदनको ढाँचा

मिति : ... /.../...

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू !

सुनापति गाउँपालिकाको कार्यालय,

हिलेबेवी, रामेछाप ।

**विषय : सहकारी संस्था एकिकरणको पूर्व-स्वीकृति ।**

यस संस्था/सङ्घ/ लि. को साधारण सभाको मिति .../... /... को बैठकबाट सैद्धान्तिक स्वीकृति भए अनुरूप तपशिल बमोजिम एकीकरणको प्रक्रिया अघि बढाउन तहाँको पूर्वस्वीकृतिका लागि यो निवेदन पेश गरेको छु ।

दस्तखत : ... ... ...

नाम : ... ... ...

पद : अध्यक्ष

**तपशिल**

दर्ता नं. ... ... ... ... को ... ... ... ... ... ... ... विशेषको विषयगत/बहुउद्देश्यीय श्री ... ... ... ... ... ... ... ... ... ... ... ... सहकारी संस्था, दर्ता नं. ... ... ... ... ... को ... ... ... ... ... ... ... विशेषको विषयगत/बहुउद्देश्यीय श्री ... ... ... ... ... ... ... ... ... ... ... ... सहकारी संस्था, दर्ता नं. ... ... . को . ... ... ... ... ... ... विशेषको विषयगत/बहुउद्देश्यीय श्री ... ... ... ... ... ... ... .... ... ... सहकारी संस्था र दर्ता नं. ... ... ... ... ... को ... ... ... ... ... ... ... विशेषको विषयगत/बहुउद्देश्यीय श्री ... ... ... ... ... ... ... ... ... ... ... ... सहकारी संस्थासमेत जम्मा ... वटा सहकारी संस्था एकीकरण गरी एउटा ... ... ... ... ... ... ... विशेषको विषयगत/बहुउद्देश्यीय सहकारी संस्था कायम गर्ने ।

**संलग्न कागतपत्र**

१. साधारण सभाको सैद्धान्तिक स्वीकृति दिने निर्णयको प्रतिलिपि;

२. एकीकरणको औचित्य खुलेको प्रारम्भिक विवरण;

३. नियमावलीको नियम ३८ वा प्रादेशिक वा सङ्घीय कानूनको व्यवस्था बमोजिम सम्बन्धित निकायको पूर्व-सहमति लिनुपर्नेमा त्यस्तो सहमति पत्र;

४. पुराना साझा सहकारी संस्थाहरूको हकमा सङ्घीय मन्त्रालयको पूर्व-स्वीकृति पत्र;

५. स्थायी लेखा नम्बर लिएको सहकारी संस्थाको हकमा सम्बन्धित आन्तरिक राजश्व कार्यालयको सहमति पत्र,

६. एकीकरणका शिलशिलामा सम्बन्धित सहकारी संस्था वा संस्थाहरूसँग कुनै पत्राचार भएको भए सोको प्रतिलिपि,

७. अन्य विवरण वा सम्पुष्टिजनक कागतपत्र (खुलाउने) ।

## अनुसूची–३

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

# सहकारी संस्थाको एकीकरण प्रस्तावको ढाँचा

## सहकारी संस्था एकिकरणको प्रस्ताव

१. नियामक निकायको पूर्व-स्वीकृति मिति : ... ... ... ... / ... ... /... ...

२. संयुक्त साधारण सभाको स्वीकृति मिति : ... ... ... ... / ... ... /... ...

३. निर्णयको किसिम : ☐ सर्वसम्मत ☐ बहुमत

४. प्रस्ताव : ☐एकीकरण ☐विभाजन ☐ पुनसंङ्गठन

**५. एकीकरण गरिने सहकारी संस्थाहरूको विवरण**

| विस्तृति | एकीकरण गरिने सहकारी संस्था – १ | एकीकरण गरिने सहकारी संस्था– २ | एकीकरण गरिने सहकारी संस्था– ३ | एकीकरण गरिने सहकारी संस्था– ४ | एकीकरण पछि कायम हुने सहकारी संस्था | कैफियत |
|---|---|---|---|---|---|---|
| (१) | (२) | (३) | (४) | (५) | ६ (२+३+४+५) | (७) |
| • नाम | | | | | | |
| • ठेगाना | | | | | | |
| • दर्ता नं. | | | | | | |
| • दर्ता मिति | | | | | | |
| • दर्ता गर्ने कार्यालय | | | | | | |
| • विषयगत वर्गीकरण | | | | | | |
| • कार्यक्षेत्र | | | | | | |
| ○ प्रदेश | | | | | | |
| ○ जिल्ला | | | | | | |
| ○ स्थानीय तह | | | | | | |
| ○ वडा (अन्तर्गतको भाग भए सो) | | | | | | |

| विस्तृति | एकीकरण गरिने सहकारी संस्था – १ | एकीकरण गरिने सहकारी संस्था– २ | एकीकरण गरिने सहकारी संस्था– ३ | एकीकरण गरिने सहकारी संस्था– ४ | एकीकरण पछि कायम हुने सहकारी संस्था | कैफियत |
|---|---|---|---|---|---|---|
| • सदस्य सङ्ख्या | | | | | | |
| • एक-अर्कामा दोहोरो पर्ने सदस्य सङ्ख्या | | | | | | |
| √ सेवा, √ सङ्कलन वा √ बिक्री केन्द्र भए सङ्ख्या र स्थान | | | | | | |

## ६. एकीकरणको सर्त सम्वन्धी विवरणः

१) एकीकरण पछि कायम हुने सहकारी संस्थाको नाम तथा ठेगानाः

२) एकीकृत सहकारी संस्थाको निसाना छापः

३) एकीकृत संस्थाको मुख्य कारोवारः

४) सेवा केन्द्र संचालनको अवस्थाः

५) शेयरको अंकित मूल्यः

६) एकीकृत संस्थाको कूल शेयरपूंजीः

७) सेवा शुल्कः

८) ब्याज हर्जना दरः

९) आन्तरिक कार्यविधि सम्वन्धी ब्यवस्थाः

१०) सहकारी संघ तथा सहकारी बैंको सदस्यताः

११) स्थिरीकरण कोषमा सहभागिताः

१२) कर्मचारीहरुको समायोजन पछि कायम हुने दरबन्दी, तलव स्केल तथा सुविधाः

१३) अन्यः

## ८. एकीकरण गर्दा अवलम्वन गरिने प्रकृयाः

१. दरखास्त र सोसाथ पेश भएका कागतपत्रको रीत नपुगेकोमा पुऱ्याउने

२. हिसाब मिलान, प्रमाणीकरण र स्वीकृत गर्ने

३. अन्तरिम अवधिमा आर्थिक कारोबार रोक्का र फुकुवा गर्ने

४. सदस्यहरू माझ सूचना प्रवाह गर्ने

५. तदर्थ समितिलाई कार्यभार हस्तान्तरण

६. सदस्यहरूलाई नयाँ निस्सा-प्रमाण दिने

७. हिसाब बमोजिमको फर्निचर, कार्यालय उपकरण, मेसिनरी औजार आदी सम्पत्तिको भौतिक परीक्षण, बाँडफाँड निर्धारण र बरबुझारथ

८. सरोकारवालाहरूसँग सम्पर्क स्थापना एवं जिम्मेवारी सार्ने

९. हस्तान्तरित स्थिर सम्पत्तिको नामसारी गराउने

१०. बैङ्क खाता बन्द गर्ने, खोल्ने वा कायम राख्ने

११. साधारण सभाको बैठक बोलाउने

१२. सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्ने

१३. कर्मचारीहरूलाई समायोजन पत्र दिने तथा हाजिर लगाउने

१४. विवाद समाधान गर्ने

१५. अन्य

**प्रस्ताव पेश गर्ने**

१. अध्यक्षको दस्तखत : ... ... ... ... ...

नाम : ... ... ... ... ...

सहकारी संस्था : ... ... ... ... ...

छाप :

२. अध्यक्षको दस्तखत : ......

नाम : ... ... ... ... ...

सहकारी संस्था : ... ... ... ... ...

छाप :

३. अध्यक्षको दस्तखत : ... ... ... ... ...

नाम : ... ... ... ... ...

सहकारी संस्था : ... ... ... ... ...

छाप :

४. अध्यक्षको दस्तखत : .......

नाम : ... ... ... ... ...

सहकारी संस्था : ... ... ... ... ...

छाप

## अनुसूची–४

(दफा १३ र दफा १४ सँग सम्बन्धित)

# सहकारी संस्थाको एकीकरण प्रस्ताव मस्यौदा पछिको सुझाव र संशोधन टिपोट

| सि. नं. | प्रस्तावको प्रावधान | संयोजन समिति र समितिबीचको सञ्चार | | सहकारी संस्था-संस्थाबीचको सञ्चार | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | समितिको तर्फबाट दिइएको सुझाव | संयोजन समितिबाट गरिएको संशोधन | साधारण सभाको निर्णयअनुसार प्रदत्त सुझावको व्यहोरा | साधारण सभाको निर्णयअनुसार प्राप्त सुझावको व्यहोरा | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |

## अनुसूची–५

(दफा १६ को उपदफा (१) को खण्ड (छ) सँग सम्बन्धित)

# एकीकरण अघि र पछि कायम हुने सहकारी संस्थाको दरबन्दी र समायोजन हुने कर्मचारीको पद मिलान तालिका

| सि. नं. | पद | तह | स्थायी (स्था.), अस्थायी (अ.) वा करार (क.) | एकीकरण पश्चात्को सहकारी संस्थामा कार्यरत कर्मचारी सङ्ख्या मात्र | एकीकरण पूर्वको सहकारी संस्थामा कार्यरत कर्मचारी सङ्ख्या मात्र | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सहकारी संस्था-१ | सहकारी संस्था-१ | सहकारी संस्था-१ | |
| **क. स्वीकृत दरबन्दीभित्र** | | | | | | | | |
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |
| ४. | | | | | | | | |
| ५. | | | | | | | | |
| ६. | | | | | | | | |
| ७. | | | | | | | | |
| ८. | | | | | | | | |
| ९. | | | | | | | | |
| १०. | | | | | | | | |
| **ख. स्वीकृत दरबन्दीबाहिर** | | | | | | | | |
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |
| ४. | | | | | | | | |
| ५. | | | | | | | | |
| जम्मा (ख) | | | | | | | | |
| कुल जम्मा ( क+ख) | | | | | | | | |

## अनुसूची–६

(दफा २१ को उपदफा (१)सँग सम्बन्धित)

# सहकारी संस्थाको एकीकरण प्रस्ताव स्वीकृतिका लागि नियामक निकायमा दिने दरखास्तको ढाँचा

मिति : . . /.../...

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

सुनापति गाउँपालिका कार्यालय

हिलेदेवी, रामेछापं ।

**विषय : एकीकरणको स्वीकृति ।**

तहाँ सुनापति गाउँपालिका कार्यालय हिलेदेवी, रामेछापबाट मिति . .. /... /... मा पूर्व-स्वीकृति भए अनुरूप तपशिल बमोजिम एकीकरणको प्रक्रिया पूरागरी संयुक्त साधारणसभाको मिति ... . /... /... को निर्णयानुसार स्वीकृतिका लागि यो दरखास्त पेश गरेका छौं ।

१. अध्यक्षको दस्तखत : ... ... ... ... ...
नाम : ... ... ... ... ...

सहकारी संस्था : ... ... ... ... ...

छाप :

२. अध्यक्षको दस्तखत : ... ... ... ...
नाम : ... ... ... ... ...

सहकारी संस्था : ... ... ... ... ...

छाप :

३. अध्यक्षको दस्तखत : ... ... ... ... ...
नाम : ... ... ... ... ...

सहकारी संस्था : ... ... ... ... ...

छाप :

४. अध्यक्षको दस्तखत : ... ... ...
नाम : ... ... ... ... ...

सहकारी संस्था : ... ... ... ... ...

छाप :

**तपशिल**

दर्ता नं. .... ... ... ... को ... ... ... ... ... विशेषको विषयगत/बहुउद्देश्यीय श्री ... ... ... ... ... ... ... ... ... .... ... सहकारी संस्था, दर्ता नं. ... .. ... ... को ... ... ..... ... विशेषको विषयगत/बहुउद्देश्यीय श्री ... ... ... ... .. ... ... सहकारी संस्था, दर्ता नं. ... ... ... ... ... को... ... ..... ... ... ... विशेषको विषयगत/बहुउद्देश्यीय श्री ... ... ... ... ... ... ... ... ... ... सहकारी संस्था र दर्ता नं. ... ... ... ... ... को ... ... ... ... ... ... ... विशेषको विषयगत/बहुउद्देश्यीय श्री ... ... ... ... ... ... ... ... ... ... ... ... सहकारी संस्थासमेत जम्मा ... वटा सहकारी संस्था एकिकरण गरी एउटा ...... ... ... ... ... ... विशेषको विषयगत/बहुउद्देश्यीय सहकारी संस्था कायम गर्ने ।

**संलग्न कागतपत्र**

१. संयुक्त साधारण सभाको निर्णयको प्रतिलिपि;
२. संयुक्त साधारण सभाबाट पारित भएको प्रस्तावको दुई प्रति;
३. एकीकरण पछि कायम हुने सहकारी संस्थाको कार्ययोजनाको दुई प्रति;
४. विनियम वा संशोधनको मसौदाको दुई प्रति;
५. विनियम संशोधनको हकमा तीन महले फारामको दुई प्रति;
६. कर्मचारी समायोजन योजनाको एक प्रति र
७. अन्य विवरण वा सम्पुष्टिजनक कागतपत्र (खुलाउने)।

## अनुसूची–७

(दफा २१ को उपदफा (२)को खण्ड (ङ)सँग सम्बन्धित)

# विनियम संशोधनका लागि सहकारी संस्थाले पेश गर्ने तीन महले फारामको ढाँचा

| विनियममा साबिकको दफा, उपदफा, खण्ड आदि र प्रावधान | प्रस्तावित संशोधनको व्यहोरा (दफा, उपदफा, खण्ड आदिमा हुने परिवर्तन समेत) | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

## अनुसूची–८

(दफा २२ सँग सम्बन्धित)

# एकीकरणको प्रस्तावमा सरोकार, गुनासो वा उजुरीको निवेदन आह्वान गरी नियामक निकायले जारी गर्ने सूचनाको ढाँचा

## सहकारी संस्थाको एकीकरणको प्रस्तावमा सरोकार, गुनासो वा उजुरीको निवेदन आह्वान गरिएको सूचना

यस सुनापति गाउँपालिका कार्यालय हिलेदेवी, रामेछापको नियमन क्षेत्राधिकारमा पर्ने देहायका सहकारी संस्थाहरूको तर्फबाट एकीकरण गर्न मिति ./... /... यस गाउँपालिका. ... .... ... ... मा दरखास्त दर्ता हुन आएको छ । स्थानीय गाउँपालिको सहकारी ऐन, २०७५, सहकारी नियमावली, २०७५/. ... को व्यवस्था, सर्वमान्य सहकारी सिद्धान्त, मूल्यमान्यता वा आम सदस्यहरूको हित संरक्षणका दृष्टिकोणबाट प्राप्त दरखास्त बमोजिम एकीकरण स्वीकृत गर्नु नपर्नाको कुनै कारण भए वा तत्सम्बन्धमा सम्बन्धित सहकारी संस्थाका सदस्य वा सरोकारवाला कसैको कुनै सरोकार, गुनासो वा उजुरी भए यो सूचनाको मितिले पन्ध्र दिनभित्र (अर्थात मिति ..../... /... सम्म) कार्यालय समयभित्र यस गाउँपालिकामा आइपुग्ने गरी निवेदन दिनु हुन आह्वान गरिन्छ । म्याद गुज्री प्राप्त भएको निवेदन उपर कारबाई नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**देहाय**

| दरखास्त दर्ता नं. र मिति | दरखास्तवाला सहकारी संस्था | दरखास्तको विषय | प्रस्तावको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

दस्तखत : ... ... ... ...

नाम : ... ... ... ... ...

पद : ... ... ... ... ...

## अनुसूची–९

(दफा २५ को उपदफा (१) सँग सम्बन्धित)

# नियामक निकायले जारी गर्ने एकीकरणको सूचनाको ढाँचा

## सहकारी संस्थाको एकीकरण गरिएको सूचना

सुनापति गाउँपालिका कार्यालय हिलेदेवी, रामेछापको नियमन क्षेत्राधिकारमा पर्ने देहायका सहकारी संस्थाहरू देहायबमोजिम एकीकरण गर्ने गरी सुनापति गाउँपालिका कार्यालय हिलेदेवी, रामेछापबाट मिति ... ../... /... मा निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**देहाय**

<table>
<tr><th rowspan="2">दरखास्त दर्ता नं. र मिति</th><th rowspan="2">विषय</th><th colspan="3">साबिक सहकारी संस्था वा संस्थाको कार्यक्षेत्र</th><th colspan="3">हाल कायम भएको सहकारी संस्था वा संस्थाको कार्यक्षेत्र</th><th rowspan="2">कैफियत</th></tr>
<tr><th>दर्ता नं.</th><th>नाम</th><th>कार्यक्षेत्र</th><th>दर्ता नं.</th><th>नाम</th><th>कार्यक्षेत्र</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

दस्तखत : ... ... ... ... ...

नाम : ... ... ... ... ...

पद : ... ... ... ... ...

## अनुसूची–१०

(दफा २९ को उपदफा (१) र दफा ३०.को  उपदफा (१) र (२) सँग सम्बन्धित)

# एकीकरणको प्रयोजनार्थ सहकारी संस्थाको हिसाब गणना

### तालिका १ : संयुक्त ऋणधन विधि

### मान्यता

सहकारी संस्थामा सदस्यको शेयरको मूल्य घटीबढी नभएर अङ्कित रकममा कायम रहने र जगेडा कोष सामाजिक पुँजी हुने हुनाले सञ्चित नोक्सानी छैन भने वा भए तापनि सो घाटापूर्ति कोषको रकमभन्दा बेसी छैन भने श्रीसम्पत्ति सान्दर्भिक हुँदैन र सरासरी सदस्य सङ्ख्या सँगै संस्थागत हिसाब एकीकृत गर्न सकिन्छ। घाटापूर्ति कोषको रकम भन्दा बेसी सञ्चित नोक्सानी भएको खण्डमा भने व्यावसायिक सेवाको निरन्तरताका लागि जगेडा कोषको रकम कायमै राख्नुपर्ने हुनाले शेयर बापत पुनः पुँजीकरण गर्नुपर्ने हुन्छ ।

### नियमहरू

१. सदस्य सङ्ख्या वा रकमकलम जे-जति भए तापनि एकीकरण गरिने सहकारी संस्थाहरू प्रत्येकको वासलातको सम्पत्ति र दायित्वको हिसाब नम्बर अनुसारको रकम कलम सरासरी जोड्ने;

२. सम्बन्धित सहकारी संस्थाले नै फरफारक गरी सक्नुपर्ने कुनैरकम विशेष कारणवश निर्धारित मितिभित्र फरफारक हुन नसकेको भए एकीकरण पछि कायम हुने सहकारी संस्थामा जिम्मेवारी सार्ने,

३. अरू कार्यविधि बमोजिम गर्ने ।

# सम्पत्ति शुद्धीकरण निवारण कानून पालना सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावना :**

नेपाल सरकार, भुमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभागले सम्पत्ति शुद्धीकरण निवारणका लागि सहकारी संघ,संस्थालाई जारी गरिएको निर्देशन (पहिलो संसोधन), २०७४ को प्रभावकारी कार्यान्वयनका लागि सम्पत्ति शुद्धीकरण निवारण नीति तथा कार्यविधि बनाई लागू गर्न वान्छनीय भएकोले,

सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ,संस्थालाई जारी गरिएको निर्देशन (पहिलो संसोधन), २०७४  को दफा २७ ले दिएको अधिकार प्रयोग गरि ककककर्क बचत तथा ऋण सहकारी संस्था लि. ले सम्पत्ति शुद्धीकरण निवारण आन्तरिक कार्यविधि, २०७८ बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "सम्पत्ति शुद्धीकरण निवारण नीति तथा कार्यविधि, २०७६" रहेको छ ।

(२) यो नीति तथा कार्यविधि ककककर्क बचत तथा ऋण सहकारी संस्था लि. को सञ्चालक समितिको बैठकले स्वीकृत गरेको मिति देखि लागु हुनेछ । यो नीति तथा कार्यविधिलाई संस्थाको आगामी साधारण सभाले अनुमोदन गर्नुपर्नेछ ।

२ **परिभाषा** :विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

**(क)** **'उच्च पदस्थ'** भन्नाले नेपाल सरकारबाट सम्पत्ति शुद्धिकरण निवारण ऐन २०६४ कोकार्यान्वयनका लागि तोकिएको अनुसूची १ बमोजिमको उच्च पदमा रहेका व्यक्तिहरुलाई सम्झनुपर्दछ ।

**(ख)** **'ऐन'** भन्नाले सम्पत्ति शुद्धिकरण निवारण ऐन, २०६४ लाई जनाउनेछ ।

**(ग)** **'कार्यान्वयन अधिकारी'** भन्नाले सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी सङ्घ,संस्थालाई  जारी गरिएको निर्देशन, २०७४ को दफा २४ (१) बमोजिम संस्थाले नियुक्ति गरेको कार्यान्वयन अधिकारी (कम्प्लायन्स अफिसर) लाई सम्झनुपर्दछ ।

**(घ)** **'कार्यालय'** भन्नाले सहकारी विभाग, प्रदेश सहकारी नियामक निकाय वा स्थानीयतहका सहकारीका नियामकनिकाय भन्ने सम्झनुपर्दछ ।

**(ङ)** **'कारोबार'**कारोबार भन्नाले संस्थाले कुनै आर्थिक वा व्यावसायिक काम कारबाही गर्नको लागि गरिनेसम्झौता वा कार्य सम्झनुपर्दछ ।

**(च)** **'जायजेथा'** भन्नाले संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण बमोजिम कायम रहेको वासलातको जम्मा सम्पत्ति वा दायित्व सम्झनुपर्दछ ।

(छ) **'जोखिम वर्गिकरण'** भन्नाले संस्थामा दैनिक कृयाकलापहरुमा पैदा हुने जोखिमहरुलाई न्यूनिकरण गर्न वा नियन्त्रण गर्न सरल बनाउनका लागि गरिएको क्रियाकलापहरुको वर्गिकरणलाई जनाउनेछ ।

(ज) **'जोखिम व्यवस्थापन'** भन्नाले सहकारी संस्थामा पैदा भएका जोखिमहरुको समुचित नियन्त्रण पद्धतीलाई जोखिम व्यवस्थापन जनाउनेछ ।

(झ) **'निर्देशन'** भन्नाले सहकारी विभागद्वारा सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी सहकारी संघ/संस्थालाई जारी गरिएको निर्देशन (पहिलो संसोधन), २०७४ सम्झनुपर्दछ ।

(ञ) **'नियमावली'** भन्नाले नेपाल सरकारले जारी गरेको सम्पत्ति शुद्धिकरण निवारण नियमावली, २०७३ लाई जनाउनेछ ।

(ट) **'नीति'** भन्नाले सम्पत्ति शुद्धीकरण निवारण कानून पालना सम्बन्धी अनुगमन तथा सुपरीबेक्षण निति जनाउनेछ ।

(ठ) **'प्रमुख कार्यकारी अधिकृत'** भन्नाले संस्थाको व्यवस्थापन प्रमुखलाई सम्झनुपर्दछ ।

(ड) **'रजिष्ट्रार'** भन्नाले सहकारी विभागको रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीलाई समेत जनाउनेछ ।

(ढ) **'वित्तीय जानकारी ईकाई'** भन्नाले सम्पत्ति शुद्धिकरण निवारण ऐन २०६४ को दफा ९ बमोजिम गठन भएको वित्तीय जानकारी ईकाईलाई सम्झनुपर्दछ ।

(ण) **'विनियम'** भन्नाले ....... बचत तथा ऋण सहकारी संस्थाको विनियमलाई सम्झनुपर्दछ ।

(त) **'विभाग'**भन्नाले सहकारी विभाग सम्झनुपर्दछ । यसले सहकारी विभाग, प्रदेश सहकारी नियामक निकाय वा स्थानीय तहका सहकारीका कार्यालयहरुलाई समेत जनाउनेछ ।

(थ) **'शंकास्पद कारोबार'** भन्नाले सामान्य आर्थिक, व्यापारिक वा व्यवसायको हिसाबले सम्भवन हुने प्रकृतिको कारोबार सम्झनुपर्दछ र सो शब्दले वित्तीय जानकारी इकाईले समय समयमा शंकास्पद कारोबार भनि तोकेको त्यस्तै अन्य कारोबारलाईसमेत जनाउनेछ ।

(द) **'सङ्घ'** भन्नाले सहकारी ऐन, २०७४ अर्न्तगत दर्ता भएको जिल्ला विषयगत संघ, जिल्ला सहकारी संघ, प्रदेश विषयगत सहकारी संघ, प्रदेश सहकारी संघ, केन्द्रीय विषयगत सहकारी संघ, वा विशिष्टीकृत सहकारी संघ सम्झनुपर्दछ र सो शब्दले राष्ट्रिय सहकारी महासंघलाई समेत सम्झनुपर्दछ ।

(ध) **'सदस्य'** भन्नाले ककककर्क बचत तथा ऋण सहकारी संस्थाको सदस्यलाई सम्झनु पर्दछ ।

(न) **'सदस्य पहिचान'** भन्नाले सम्पत्ति शुद्धीकरण निवारण ऐन २०६४ को दफा ७ ख (१), ७ङ (१),७चर सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी सङ्घ/संस्थालाई जारी गरिएको निर्देशन, २०७४को दफा ८, ९, १० र ११ बमोजिम संस्थामा आवद्ध सदस्यहरुको जोखिम तथा संलग्नताका आधारमागरिएको वर्गिकरणलाई जनाउनेछ ।

(प) **'सञ्चालक'** भन्नाले यस संस्थाका सञ्चालक समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष र सदस्य एवं सो शब्दले लेखा सुपरीवेक्षण समितिको संयोजक तथा सदस्यहरुलाई समेत बुझ्नु पर्नेछ ।

(फ) **'सीमा कारोबार'** भन्नाले वित्तीय जानकारी इकाईले समय समयमा तोकिदिएकोसिमाकारोबारलाई जनाउनेछ ।

(ब) **'नियमनकारी निकाय'** भन्नाले नेपाल सरकारले सहकारी संघ/संस्था नियमनका लागीतोकिएको सरकारी निकायहरु जनाउनेछ ।

(भ) **'गैरनाफामूलक संघ/संस्था'** भन्नाले संस्था दर्ता ऐन २०३४ बमोजिम दर्ता भएका संस्थाहरु, नेपाल सरकार र गैह्रसरकारी संस्थाहरुलाई जनाउनेछ ।

३. **नीति तथा कार्यविधि निर्माणको आधार :** यो नीति तथा कार्यविधि निर्माणको कानूनी तथा सैद्धान्तिक आधारदेहायबमोजिम रहेका छन् :

(क) सम्पत्ति शुद्धिकरण तथा आतंकबादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रियरणनीति तथा कार्ययोजना २०७६-२०८१,

(ख) सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४,

(ग) सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारणसम्बन्धी नियमावली, २०७३,

(घ) सम्पत्ति शुद्धीकरण (सूचीकृत व्यक्ति, समूह वा संगठनको सम्पत्ति वा कोष रोक्का) नियमावली,२०७०,

(ङ) सहकारी विभागले सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी संघ/संस्थाहरूलाई जारी गरेकोनिर्देशन (पहिलो संसोधन), २०७४,

(च) वित्तीय जानकारी इकाइको शङ्कास्पद, सीमा कारोबारसम्बन्धी निर्देशनहरू ,

(छ) सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मूल्य, मान्यता र अभ्यास,

(ज) सहकारी दर्शन, सिद्धान्त, मुल्य, मान्यता र कानून,

(झ) वित्तीय अपराध नियन्त्रणका निरोधात्मक अभ्यास,

(ञ) अन्तर्राष्ट्रिय असल अभ्यासहरु,

## परिच्छेद २

## उद्देश्य, कार्य तथा अधिकार

४. **उद्देश्य :**यस कार्यविधिको उद्देश्यहरु देहायबमोजिम रहेका छन् ।

क) संस्था तथा सदस्य सहकारी संस्थालाई जोखिमबाट जोगाउन,

ख) संस्था तथा संस्थाका सदस्यमा पैदा भएका जोखिमहरुलाई नियन्त्रण गर्न,

ग) जोखिमहरुको वर्गिकरण गरी व्यवस्थापनलाई सहजीकरण गर्न,

घ) जवाफदेही सहकारी संस्थाको निर्माण गर्न,

ङ) संस्था तथा सदस्य संस्थामा हितकारी सदस्यको पहिचान गर्न,

च) संस्था तथा सदस्य संस्थामा गैह्रकानूनी आर्जनबाट प्राप्त हुने नगदको पहिचान गरी कानूनी पालना गर्न,

छ) संस्था तथा सदस्य संस्थाको वित्तीय लगानीलाई आपराधिक कृयाकलापहरुमा परिचालन हुन नदिन ।

## परिच्छेद ३

## सदस्य पहिचान एवं सम्पुष्टि सम्बन्धी व्यवस्था

५. **सदस्य पहिचान** : (१) संस्थाको सदस्यता दिनुपूर्व देहायबमोजिम सदस्यको पहिचान गर्नुपर्नेछ ।

(१) **प्राकृतिक व्यक्ति :**प्राकृतिक व्यक्तिहरुलाई सदस्य बनाउँदा संस्थाले अनुसूची२ बमोजिमको फारामभराई देहायबमोजिमको सम्पुष्टि कागजातहरु लिनेछ ।

(क) नागरिकताको प्रतिलिपि अनिवार्य लिनुपर्नेछ ।

यसबाहेक देहायबमोजिमका कुनै १ वा थप कागजातबाट पहिचान सम्पुष्टि गर्न सकिनेछ ।

(ख) सवारी चालक अनुमतिपत्र वा मतदान परिचयपत्र वा पान कार्डको छाँयाप्रति,

(ग) राहदानीको हकमा नेपाल सरकारबाट जारी भएको राहदानीपत्रको छाँयाप्रति,

(घ) सम्बन्धित कार्यक्षेत्रभित्रको जग्गाको स्वामित्व भए सो को छाँयाप्रति,

(ङ) सम्बन्धित कार्यक्षेत्रभित्र दर्ता भएको व्यवसाय/फर्म दर्ता प्रमाणपत्र,

(च) सम्बन्धित कार्यक्षेत्रभित्र भाडामा बसोबास गरिरहेको भए भाडा बहालमा रहेको करारपत्र वा सोघरको बिजुलीको बिल वा खानेपानीको बिलको छाँयाप्रति,

(छ) सम्बन्धित कार्यक्षेत्रभित्र रोजगारीमा रहेको भए रोजगारदाताबाट प्रदान गरिएको परिचयपत्र,

(ज) अन्य परिवारको सदस्यको हकमा माथिको विवरण वा बिवाह दर्ताको प्रमाणपत्र, बसाईसराईको प्रमाण वा निजसँगको नाता प्रमाणीत कागजात ।

(२) सहकारी ऐन २०७४ को दफा ३० को उपदफा २ को अधिकार प्रयोग गरि संस्थागत सदस्यता प्रदानगर्दा देहायबमोजिमको कागजातबाट सम्पुष्टि गर्नुपर्नेछ ।

(क) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार र सो अर्न्तगतका निकायहरुको हकमा कार्यालयको आधिकारिक पत्र एवं निर्णय,

**(ख) सहकारी विद्यालय, सामुदायिक विद्यालयको हकमा :**

जिल्ला शिक्षा समन्वय इकाई वा स्थानीय तह (विद्यालय सञ्चालनको स्विकृती दिने कागजात)

(अ) सदस्यताको लागि निवेदन पत्र,

(आ) विद्यालय व्यवस्थापन समितिको सदस्य बन्ने निर्णयको प्रतिलिपि,

(इ) विद्यालय सञ्चालन स्विकृतीपत्र,

(ई) विद्यालय व्यवस्थापन समितिका सदस्यहरु एवं खाता सञ्चालकहरुको अनुसूची २ बमोजिमको सदस्य पहिचान फाराम,

(उ) अघिल्लो आ.व.को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,

**(ग) गुठी**

(अ) सदस्यताको लागि निवेदन पत्र,

(आ) गुठी व्यवस्थापन समितिको सदस्य बन्ने निर्णयको प्रतिलिपि,

(इ) गुठी दर्ता प्रमाणपत्र,

(ई) गुठी सञ्चालन समितिका सदस्यहरु एवं खाता सञ्चालकहरुको अनुसूची२ बमोजिमको सदस्य पहिचान फाराम,

(उ) अघिल्लो आ.व.को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,

**(घ) क्लब**

(अ) सदस्यताको लागि निवेदन पत्र,

(आ) क्लब व्यवस्थापन समितिको सदस्य बन्ने निर्णयको प्रतिलिपि,

(इ) क्लब दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ई) सञ्चालक समितिका सदस्यहरु एवं खाता सञ्चालकहरुको अनुसूची२ बमोजिमको सदस्य पहिचान फाराम,

(उ) अघिल्लो आ.व.को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि ।

**(ङ) स्थानीय तहमा गठन भएका गैर नाफामूलक संघ,संस्था**

(अ) सदस्यताको लागि निवेदन पत्र,

(आ) क्लब व्यवस्थापन समितिको सदस्य बन्ने निर्णयको प्रतिलिपि,

(इ) संस्था दर्ता ऐन २०३४ बमोजिम दर्ता भएको प्रमाणपत्र,

(ई) सञ्चालक समितिका सदस्यहरु एवं खाता सञ्चालकहरुको अनुसूची२ बमोजिमको सदस्य पहिचान फाराम,

(उ) अघिल्लो आ.व.को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि ।

**(च) दर्ता भएका कुनै उपभोक्ता समूहहरु**

(अ) सदस्यताको लागि निवेदनपत्र,

(आ) दर्ता प्रमाणपत्र प्रतिलिपि,

(इ) सञ्चालक समितिका सदस्यहरु एवं खाता सञ्चालकहरुको अनुसूची२ बमोजिमको सदस्य पहिचान फाराम,

(ई) अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि ।

यदि कुनै उपभोक्ता समिति दर्ता भएको रहेनछ वा दर्ता हुने प्रक्रियामा रहेछ भने यस्तो समूहले वडा सिफारिश ल्याएमा खाता खोल्न खाता सञ्चालकहरुको अनुसूची२ बमोजिमको सदस्य पहिचान फाराम भराई सदस्यता दिन सकिनेछ । तर यसरी खाता खोली कारोबार गर्ने उपभोक्ता समूहले वार्षिक रु, १० लाखभन्दा बढीको कारोबार गर्न पाउनेछैनन् ।

६. **सदस्यता दिन नहुने :** संस्थाले ऐनको दफा ७(क) को उपदफा (४) मा उल्लेखित उपायसमेतबाट नाम, ठेगाना, पेशा, परिवार र रहनसहनलगायतको जानकारी नभई कसैलाई पनि सदस्यता दिनु हुँदैन ।

७. **स्वयम् उपस्थित हुनुपर्ने** :दफा ४ को उपदफा (२) बमोजिमको विवरण तथा कागजात पेश गर्दा वा सोमा भएको परिवर्तनको सूचना दिँदा सम्बन्धित संस्थाको आधिकारिक व्यक्ति स्वयम् उपस्थित हुनुपर्नेछ ।

८. **अनौपचारिक रूपमा बुझ्न सक्ने :**दफा ३ बमोजिम सदस्यको पहिचान तथा सोको सम्पुष्टि गर्दा संस्थाले आवश्यकतानुसार जानिफकार सदस्य संस्थाको भरपर्दो स्रोतबाट अनौपचारिक रूपमा समेत बुझ्न सक्नेछ ।

**अनौपचारिक श्रोतहरु :**

सिफारिसकर्ता, परिवारको सदस्य, नातागोता, छिमेकी, सामाजिक सञ्जाल ।

९. **सूचीकृत व्यक्तिसम्बन्धी व्यवस्था** :संस्थाले सदस्य पहिचानलगायत अन्य काम-कारोबार गर्दाऐनको परिच्छेद ६(ख) तथा सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण (सूचीकृत व्यक्ति,समूह वा सङ्गठनको सम्पत्ति वा कोष रोक्का) नियमावली, २०७० बमोजिमका व्यवस्थाकोप्रभावकारी पालना सुनिश्चित गर्नुपर्नेछ ।

गृहमन्त्रालयको वेभसाईट हेर्नुपर्ने । साथै सेवाकेन्द्रमा सूचना पुगेको हुनुपर्ने ।

१०. **सदस्यहरुको विश्लेषण:** (१)संस्थामा कारोबार गरिरहेका सदस्य संस्थाहरुको नियमित रुपमा कारोबार विश्लेषण गरी उक्त प्रतिवेदन सुरक्षित राखिनेछ ।

(२) सदस्य संस्थाबाट लगानी गरिएका सबै ऋणहरु अपराधिक कृयाकलापको लागी वित्तिय लगानी नहोस् र सहि उद्देश्यमा लगानी गर्नका लागी अनुगमन गरी सो को प्रतिवेदन सुरक्षित गरिनेछ ।

सञ्चालक समितिले वार्षिक रुपमा क्षेत्रगत जोखिम अनुसूची८ बमोजिम पेशा, क्षेत्र, भूगोल, कारोबारका आधारमा जोखिम विश्लेषण गर्नुपर्दछ ।

**११. शंकास्पद कारोबार सम्बन्धीः** जतिसुकै रुपैया भएता पनि सदस्य संस्थाको कुनै पनि सदस्यकोकारोबारमा अप्रत्यासित रुपमा आएको परिवर्तन वा अस्वभाविक देखिन आएमा वा सदस्यको वैधानिक आयश्रोतको विश्वाशनीय अवस्था नभएका सबै कारोबारको रुपमा लिइनेछ ।

**शंकास्पद कारोबारको पहिचान :**

(क) उच्च जोखिम र मध्यम जोखिममा वर्गिकृत सदस्यहरुले गरेको कारोबारहरु शंकास्पद कारोबारको रुपमा हेर्नुपर्नेछ ।

(ख) सिमा कारोबार छल्ने मनासयले गरिएका कारोबारहरु,

(ग) पेशागत आधारमा प्रत्यक्ष आय नभएको पेशा (गृहणी, विद्यार्थी, समाजसेवा, राजनीति) घोषणा भएकोमा रु. ४ लाखभन्दा बढीको कारोबार गरेमा शंकास्पद कारोबारको रुपमा लिनुपर्नेछ ।

**१२. उच्च पदस्थ व्यक्तिको पहिचानसम्बन्धी विशेष व्यवस्था** : (१) संस्थाले ऐनको दफा ७ख. बमोजिम उच्च पदस्थ व्यक्तिको पहिचान तथा जोखिम व्यवस्थापन गर्दा देहायबमोजिमका उपायसमेत अवलम्बन गर्नुपर्नेछ :-

(क) सदस्यको विवरण नियमित रूपले अद्यावधिक गर्ने,

(ख) उच्च पदस्थ व्यक्ति थपघट भएको अवस्थामा तत्काल पहिचान गर्ने,

(ग) उच्च पदस्थ व्यक्तिको परिवार तथा सम्बद्ध व्यक्ति पहिचान गर्ने,

(घ) उच्च पदस्थ व्यक्तिको पदीय हैसियत र संलग्नताबमोजिमको जोखिम पहिचान गर्ने ।

(२) उच्च पदस्थ व्यक्तिको पहिचान गर्दा देहायबमोजिमका प्रक्रियाहरू अवलम्बन गर्न सकिनेछः-

(क) सदस्यबाट सूचना लिने,

(ख) सार्वजनिक रूपमा उपलब्ध सूचना ग्रहण गर्ने,

(ग) सामाजिक सञ्जालमा उपलब्ध सूचनाको विश्लेषण गर्ने,

(घ) व्यावसायिक रूपमा उपलब्ध तथ्याङ्क लिने ।

(३) उच्च पदस्थ व्यक्तिको अभिलेख निज पदबाट अवकाश वा मुक्त भएको मितिले पाँच वर्षसम्म कायम राख्नुपर्नेछ । तर संस्थाले जोखिमलाई आधार मानी सो अवधिलाई बढाउन सक्नेछ ।

**१३. विद्यमान सदस्यको पहिचान तथा सम्पुष्टिसम्बन्धी व्यवस्था :** (१) संस्थाले ऐन, नियमावली र निर्देशनबमोजिम विद्यमान सदस्यको पहिचान तथा सम्पुष्टि हरेक आर्थिक वर्षभित्र देहायबमोजिम गर्नुपर्नेछ :-

**उच्च जोखिममा सूचिकृत हुने आधारहरु ।**

(क) सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग (राष्ट्रिय अनुसन्धान विभाग)ले अपराधिकक्रियाकलापमा संलग्न व्यक्तिको रुपमा सूचिकृत गरेको व्यक्तिहरु,

(ख) अनुसूची१ बमोजिमको उच्च पदस्थ व्यक्ति, परिवारका सदस्य एवं सम्बन्धित,

(ग) राष्ट्रिय र क्षेत्रगत जोखिममा परेका पेशा व्यवसाय गर्ने सदस्यहरु ,

(घ) शंकास्पद कारोबार पठाईएको सदस्यलाई कम्तिमा १ वर्षसम्म उच्च जोखिममा राख्नुपर्नेछ ।

(ङ) सम्पत्ति शुद्धिकरणका विषयमा सार्वजनिक सूचनामा प्रकाशित व्यक्तिहरु ।

**मध्यम जोखिम पहिचानका आधारहरुः**

(क) सिमा कारोबार प्रतिवेदनमा समावेश भएका सदस्यहरु ,

(ख) उच्च कारोबार गरेका सदस्यहरु (रु.३० लाख वा सो भन्दा बढी बचत तथा ऋण भुक्तानी)

(ग) एकै पटक वा पटक पटक गरी वार्षिक ३० लाख भन्दा बढीको बिप्रेषण, वा मनि ट्रान्सफर गर्ने सदस्यहरु,

(घ) सदस्य पहिचान फाराममा उच्च कारोबारको सिमा वा सोभन्दा बढी कारोबार गर्ने स्वः घोषणा गरेका सदस्यहरु ।

(ङ) एकै पल्ट वा पटक पटक गरी बार्षिक रु, ३० लाखभन्दा बढीको शेयर खरिद गर्ने सदस्यहरु ।

**न्यून जोखिम पहिचानका आधारहरु**

उच्च र मध्यम जोखिममा समावेश नभएका सम्पूर्ण सदस्यहरु ।

**१४. वास्तविक धनीको पहिचान** :(१) संस्थाले ऐनको दफा ७ग. र नियमावलीको नियम ६ बमोजिम वास्तविक धनीको पहिचान गर्दा देहायबमोजिमका उपायसमेत अवलम्बन गर्नुपर्दछ :-

(क) सदस्यले पेशगरेको विवरण, कारोबार र निजको हैसियत मिल्छ, मिल्दैन ?

(ख) सदस्यको काम-कारोबारउपर अन्य कुनै व्यक्तिको कुनै किसिमको प्रभाव वा स्वार्थ हुन सक्ने अवस्था छ, छैन ?

(ग) सदस्यको पुर्ख्यौली तथा वर्तमान आर्थिक अवस्था स्वाभाविक देखिन्छ, देखिँदैन ?

(घ) सदस्य र निजसँग सम्बद्ध व्यक्तिको बारेमा सार्वजनिक रूपमा उपलब्ध सूचनासँगको तादात्म्य छ, छैन ?

(ङ) संस्थाले तय गरेका अन्य उपाय ।

(२) संस्थाले वास्तविक धनी पहिचान गर्ने, निजहरूको कारोबार अनुगमन गर्ने तथा त्यस्तो कार्य गर्ने प्रभावकारी व्यवस्था मिलाउनुपर्नेछ ।

(३) गैह्न कानूनी कृयाकलाप, भ्रष्टाचार वा अन्य गैह्न कानूनी कृयाकलापबाट आर्जन हुन सक्ने अवस्थाको ख्याल राख्नुपर्नेछ ।

**वास्तविक धनि पहिचानका आधारहरु**

(क) संरक्षकीय खाता सञ्चालन हुँदा
(ख) सँयुक्त खाता सञ्चालन हुँदा
(ग) संस्थागत सदस्यहरुको कारोबारमा
(घ) तेश्रो पक्षले गरिदिएको कारोबारको हकमा ( रु.१ लाखभन्दा बढीको कारोबार हुँदा)
(ङ) पेशागत रुपमा प्रत्यक्ष आय नहुने पेशा घोषणा गरेको सदस्यहरुको कारोबारको हकमा ।
(च) विद्युतिय माध्यममार्फत भएको कारोबारहरुको हकमा ।
(छ) सीमा कारोबार छल्ने मनसायले भएका कारोबारहरुको हकमा ।

**१५. सदस्यको बृहत् पहिचान सम्बन्धी व्यवस्था :** (१) संस्थाले ऐनको दफा ७ङ. र नियमावलीको नियम ८ बमोजिम देहायका सदस्यको समेत बृहत् पद्धतिबाट पहिचान गर्नुपर्नेछ :-

(क) विद्युतीय माध्यमबाट कारोबार गर्ने सदस्य,

(ख) भ्रष्टाचार, कर छलीलगायत अन्य आपराधिक कार्यका दृष्टिले उच्च जोखिममा रहेको सदस्य,

(ग) उच्च आर्थिक कारोबार गर्ने सदस्य,

स्पष्टीकरण : यस खण्डको प्रयोजनका लागि उच्च आर्थिक कारोबार गर्ने सदस्य भन्नाले रु. ३० लाखभन्दा बढी बचत गरेको वा सेयर खरिद गरेको वा ऋण लिएको सदस्य सम्झनुपर्छ ।

(घ) संस्थाले बृहत् पहिचान गर्न आवश्यक देखेको अन्य सदस्य ।

(२) उपदफा (१) मा उल्लेखित सदस्य तथा निजसँग सम्बद्ध व्यक्तिसँग कारोबारगर्दा नियमावलीको नियम ८ मा उल्लेखित उपायहरूको अतिरिक्त देहायका उपायहरू अवलम्बन गर्नुपर्नेछ :-

(क) सम्पत्तिको स्रोत पहिचान गर्न औपचारिक वा अनौपचारिक रूपमा सूचना सङ्कलन गर्ने,

(ख) खण्ड (क) बमोजिम प्राप्त सूचनाको जाँचबुझ गर्ने र निष्कर्षअनुरूप आवश्यक कार्य गर्ने,

(ग) कारोबारको अनुगमनका लागि सीमा निर्धारण गर्ने ।

## परिच्छेद ४

## जिम्मेवारी

**१६. संस्थाको जिम्मेवारी :** ऐन, नियमावली र यो निर्देशनबमोजिम सदस्य संस्थाले पूरा गर्नुपर्ने दायित्व प्रभावकारी रूपमा पूरा गर्न, गराउन आवश्यक नीति, कार्यविधि, नियन्त्रण प्रणाली, जनशक्ति, साधन, स्रोतसमेतको समुचित व्यवस्था मिलाउने जिम्मेवारी सञ्चालक समितिको हुनेछ ।

**१७. कार्यान्वयन अधिकारी :** (१) संस्थाको सञ्चालक समितिले ऐनको दफा ७ त. को उपदफा (३) बमोजिम ऐन, नियमावली र सोअन्तर्गत जारी निर्देशिकाबमोजिमको दायित्व पूरा गर्न व्यवस्थापनस्तरको कार्यान्वयन अधिकारी (कम्प्लायन्स अफिसर) नियुक्त गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यान्वयन अधिकारीको नियुक्ति नभएसम्मका लागि प्रमुख कार्यकारी अधिकृतले नै कार्यान्वयन अधिकारीको समेत जिम्मेवारी बहन गर्नुपर्नेछ ।

(३) संस्थाले कार्यान्वयन अधिकारीको नाम, ठेगाना, योग्यता, सम्पर्क नम्बर, इमेललगायतका विवरण वित्तीय जानकारी इकाई र विभागसमक्ष पेशगर्नुका साथै कार्यान्वयन अधिकारी परिवर्तन भएमा वा निजको विवरणमा परिवर्तन भएमा सोको समेत जानकारी पठाउनुपर्नेछ ।

(४) संस्थाले कार्यान्वयन अधिकारीले ऐनको दफा ७त. को उपदफा (४) मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त देहायका कार्यहरू समेत सम्पादन गर्ने गरी तोक्नुपर्नेछ :-

(क) ऐन, नियमावली र यस निर्देशनबमोजिमको कार्य प्रभावकारी बनाउन सम्पर्क-बिन्दु (फोकल प्वाइन्ट) को रूपमा काम गर्ने,

(ख) ऐन, नियमावली र यस निर्देशनबमोजिमको कार्य प्रभावकारी रूपमा गर्न नीति, कार्यविधि र प्रणालीको मस्यौदा तर्जुमा गरी पेशगर्ने,

(ग) कर्मचारी वा अन्य स्रोतवाट ऐन, नियमावली र यस निर्देशनबमोजिम प्राप्त अस्वाभाविक वा शङ्कास्पद कारोबारसम्वन्धी सूचना विश्लेषण तथा जाँचबुझ गर्ने,

(घ) आफ्नो कार्य सम्पादन गर्न संस्थाका अन्य विभाग वा पदाधिकारीसँग विशेषज्ञ सेवा लिन वा आवश्यक जुनसुकै कागजात, विवरण वा सूचना निर्बाध रूपमा जुनसुकै बखत प्राप्त गर्न सक्ने,

(ङ) ऐन, नियमावली तथा यस निर्देशनबमोजिमको विषय कार्यान्वयन भए, नभएको अनुगमन गरी प्रतिवेदन पेशगर्ने ।

(च) कार्यान्वयन अधिकारीलाई सहयोग गर्न संस्थाले आवश्यक कर्मचारीहरूको व्यवस्थासमेत गर्नुपर्नेछ ।

(छ) कार्यान्वयन अधिकारीले ऐन, नियमावली तथा यस निर्देशनबमोजिमको विषय कार्यान्वयन गर्ने सिलसिलामा माग गरेको आवश्यक सूचना, जानकारी, कागजात,

अभिलेख वा विवरण उपलब्ध नगराउने सम्बन्धित संस्थाका पदाधिकारी वा कर्मचारीलाई कारबाईको सिफारिस गर्नुपर्नेछ र सो सिफारिसबमोजिम सम्बन्धित संस्थाले कारबाई गरी सोको जानकारी वित्तीय जानकारी इकाई तथा विभागलाई गराउनुपर्नेछ ।

(ञ) संस्थाको सञ्चालक समितिले कम्तीमा छ महिनामा एक पटक ऐन, नियमावली र यस निर्देशनबमोजिम भए, गरेका काम-कारबाहीको समीक्षा गर्नुपर्नेछ ।

(झ) ऐन, नियमावली र यस निर्देशनको पालना प्रभावकारी एवं परिणाममुखी बनाउनका लागि संस्थाले आफ्ना सदस्य, सञ्चालक समितिका सदस्यहरू तथा उच्च व्यवस्थापन र कर्मचारीहरूको क्षमता विकासका लागि आवश्यक व्यवस्था मिलाउनुपर्नेछ ।

**१८. कार्यविभाजन गरी जिम्मेवारी तोक्न सक्ने :** (१) प्रमुख कार्यकारी अधिकृतले ऐन, नियमावली र यो कार्यविधि बमोजिम सदस्य संस्थाले सम्पादन गर्नुपर्ने कार्यहरू मातहतका कर्मचारीहरूमा विभाजन गरी सम्पादनको जिम्मेवारीसमेत तोक्न सक्नेछ ।

(२) उपदफा (१) मा जनुसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा ७त. को उपदफा (४), नियमावली तथा यस निर्देशनबमोजिम कार्यान्वयन अधिकारीको भूमिकामा प्रतिकूल असर पर्ने गरी कार्यविभाजन वा जिम्मेवारी निर्धारण गर्नु हुँदैन ।

**१९. सरलीकृत सदस्य पहिचानसम्बन्धी व्यवस्था :** संस्थाले ऐनको दफा ७ च. र नियमावलीको नियम ९ बमोजिम सरलीकृत रूपमा पहिचान गरिएका सदस्यहरूको विवरण छुट्टै समेत राख्नुपर्नेछ ।

**२०. जोखिम व्यवस्थापन गर्नुपर्ने :** (१) संस्थाले ऐनको दफा ७ घ. बमोजिम जोखिम पहिचान, मूल्याङ्कन तथा व्यवस्थापनगर्दा उक्त दफामा उल्लिखित आधारका अतिरिक्त देहायका आधारसमेत लिनुपर्नेछ :-

(क) राष्ट्रिय तथा क्षेत्रगत जोखिम मूल्याङ्कन,

(ख) ऐनमा उल्लिखित विषयमा अन्तर्राष्ट्रिय रूपमा भएको अध्ययन तथा अनुसन्धान प्रतिवेदन,

(ग) सदस्य तथा सम्बद्ध व्यक्तिको आर्थिक अवस्था तथा पृष्ठभूमि,

(घ) पदीय वा अन्य प्रभावावस्थिति वा अनग्र स्वामित्वको अवस्था,

(ङ) पेश भएका विवरण, प्रयोग गर्न चाहेको वा गरेको उत्पादन वा सेवा, वितरण माध्यम तथा कारोबारहरूको स्वाभाविकता, विश्वसनीयता र तादात्म्य,

(च) सदस्यको आर्थिक वा अन्य अवस्थामा आएको परिवर्तन,

(छ) सदस्य रहेको वा सदस्यको काम-कारोबार भएको स्थानको विशेषता,

(ज) संस्थाले उपयुक्त देखेका अन्य आधार,

(२) संस्थाले जोखिमको वर्गीकरण गर्दा उच्च, मध्यम र न्यून जोखिम स्तरमा गर्नुपर्नेछ ।

(३) संस्थाले जोखिम मूल्याङ्कन देहायबमोजिम अद्यावधिक गर्नुपर्नेछ :-

(क) उच्च जोखिम भएका सदस्यको हकमा कम्तीमा वर्षको १ पटक,

(ख) मध्यम जोखिम भएका सदस्यको हकमा कम्तीमा २ वर्षको १ पटक,

(ग) न्यून जोखिम भएका सदस्यको हकमा कम्तीमा ३ वर्षको १ पटक ।

(४) संस्थाले जोखिम व्यवस्थापनका लागि आवश्यक, नीतिगत, कार्यविधिगत तथा नियन्त्रणात्मक व्यवस्था मिलाउनुपर्नेछ ।

**२१. असामान्य कारोबार मान्नुपर्ने** :संस्थाले देहायको कारोबारलाई असामान्य कारोबार मान्नुपर्नेछः-

(क) चित्तबुझ्दो आधार भएको बाहेक एकैपल्ट वा पटक-पटक गरी वार्षिक रु. ३० लाखभन्दा बढीको बचत जम्मा वा कर्जा भुक्तानी,

(ख) एकैपल्ट वा पटक-पटक गरी वार्षिक रु. ३० लाखभन्दा बढीको विप्रेषण (रेमिट्यान्स) वा रकम स्थानान्तरण (मनी ट्रान्सफर),

(ग) एकैपल्ट वा पटक-पटक गरी वार्षिक रु. ३० लाखभन्दा बढीको सेयर खरिद,

(घ) सीमा कारोबार प्रतिवेदन छल्ने मनसायले हुने कारोबार ।

**२२. सीमा कारोबारको स्रोत खुलासा लिनुपर्ने :** संस्थाले रु. १० लाख वा सोभन्दा बढीको देहायको कारोबार गर्दा सम्बन्धित सदस्य वा व्यक्तिबाट स्रोत खुलासा लिनुपर्नेछ :-

(क) संस्थाको सेयर खरिद गर्दा,

(ख) संस्थामा बचत जम्मा गर्दा,

(ग) संस्थाबाट लिएको ऋणको साँवा, व्याज भुक्तानी गर्दा,

(घ) विप्रेषण (रेमिट्यान्स) वा स्थानान्तरण (ट्रान्स्फर) को रकम भुक्तानी लिँदा, खातामा जम्मा वा खातासार गर्दा ।

**२३. निरन्तर अनुगमन गर्नुपर्ने :** संस्थाले ऐनको दफा ७झ. बमोजिम निरन्तर अनुगमन गर्दा उच्च जोखिममा वर्गीकृत भएका सदस्य तथा कारोबारलाई प्राथमिकता दिनुपर्नेछ ।

**२४. कारोबार गर्न नहुने :**संस्थाले ऐनको दफा ६ र ७ण. मा उल्लिखित व्यक्तिका अतिरिक्त सदस्यता पहिचानका आधार पूरा नभएका व्यक्तिसँग कारोबार गर्नु हुँदैन ।

**२५. सुरक्षात्मक उपाय अवलम्बन गर्नुपर्नेः** संस्थाले ऐनको दफा ७ट. बमोजिम नयाँ प्रविधिबाट वा व्यक्ति उपस्थित नभई कारोबार सञ्चालन गर्दा र सोका लागि कार्यविधि निर्माण गर्दा जोखिमको समुचित व्यवस्थापन हुने गरी आवश्यक उपायहरू अवलम्बन गर्नुपर्नेछ ।

**२६. सीमा कारोबारको प्रतिवेदन :** (१) संस्थाले ऐनको दफा १०क. बमोजिमको सीमा कारोबार ( थ्रेस्होल्ड ट्रान्जेक्सन) सम्बन्धी प्रतिवेदन त्यस्तो कारोबार सम्पन्न भएको मितिले १५ दिनभित्र

वित्तीय जानकारी इकाईले तोकेबमोजिमको ढाँचा (हाल तोकिएको ढाँचा अनुसूची ३ मा दिइएको) मा वित्तीय जानकारी इकाईमा दिनुपर्नेछ ।

स्पष्टीकरण :- यस दफाको प्रयोजनका लागि सीमा कारोबार (थ्रेस्होल्ड ट्रान्जेक्सन) भन्नाले नेपाल राष्ट्र बैङ्कले तोकेको देहायको कारोबारलाई सम्झनुपर्छ :-

(क) कुनै सदस्यले एकै पटक वा पटक-पटक गरी एक दिनमा गरेको रु. १० लाख वा सोभन्दा बढी रकमको कारोबार र

(ख) कुनै सदस्य वा व्यक्तिलाई एकै पटक वा पटक-पटक गरी एक दिनमा गरेको रु. १० लाख वा सोभन्दा बढी रकम बराबरको विद्युतीय वा अन्य स्थानान्तरण तथा भुक्तानी ।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले सहकारी ऐन, २०७४ बमोजिम संस्थासँग कारोबार गर्न पाउने सरकारी कार्यालय, विशेष ऐनअन्तर्गत स्थापित निकायसँगको कारोबार र संस्थाले आफ्नो कर्मचारीलाई प्रचलित कानूनबमोजिम कर्जा सापटी वा सुविधा प्रदान गरेको करोबारको विवरण वित्तीय जानकारी इकाईमा पठाउन आवश्यक हुनेछैन ।

(ज) संचालक समितिको कार्य प्रणाली र त्यसमा सुधार गर्नु पर्ने पक्षहरु ।

(झ) गत वर्ष सम्पन्न लेखापरीक्षणको गुणस्तर र सुधारका सुझावहरु ।

(ञ) संम्बन्धित सहकारी कार्यालय वा आफ्नो संस्था आबद्ध रहेको संघले संस्थाको कारोवारको जाँच वा अनुगमन गर्दा देखिएका कैफियत, संचालकहरुलाई दिइएको मुख्य मुख्य सुझावको विवरण तथा पालनाको अवस्था ।

(ट) संस्था संचालनमा व्यवस्थापन पक्षको समग्र मूल्यांकन, प्रभावकारिता, मितव्ययिता, दक्षता, क्रियाशीलता, कर्मचारीको मनोवलको अवस्था, व्यावसायीकता आदि पक्षको मूल्यांकन गर्ने ।

(६) **लेखा सुपरीबेक्षण समितिका पदाधिकारीहरुको पदावधि :**लेखा सुपरीबेक्षण समितिको पदावधि संचालक समितिको पदावधि सरह नै हुनेछ । नयाँ समितिको गठन नहुञ्जेल सम्मका लागि पुरानै समितिले कामकाज चलाउनेछ । निजहरु पुन निर्वाचित हुन सक्नेछन् ।

**३८. उत्तरदायित्व शृंखला :** संचालकहरुको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ :-

**३९. अध्यक्षक लगायत पदाधिकारीको काम कर्तव्य र अधिकार :**

**(क) अध्यक्ष :**

१. समितिको वैठक तथा साधारण सभाको वैठकको अध्यक्षता गर्ने ।साधारण सभाद्धारा स्वीकृत वार्षिक कार्यक्रम तथा निर्णय र संचालक समितिका निर्णयहरुको कार्यान्वयन गर्ने गराउने ।

२. संस्थाको चल, अचल सम्पत्तिको रेखदेख, संरक्षण एवं उचित प्रयोगको व्यवस्था मिलाउने।

३. संचालकहरुलाई आ-आफ्नो जिम्मेवारी वहन गर्न गराउन सहयोग र समन्वय गर्ने साथै आवश्यक निर्देशन दिने ।

४. संचालकका कुनै सदस्यले दिएको राजीनामा उचित र प्रयाप्त आधारमा स्वीकृतगर्ने ।

५. संस्थाको काम कारवाहीको सम्वन्धमा आवश्यकता अनुसार अन्य संघ, संस्था वा निकायमा संस्थाको तर्फवाट प्रतिनिधित्व गर्ने गराउने ।

६. समितिको वैठक नवसेको अवस्थामा अपर्झट कुनै कार्य गर्न आवश्यक भएको र तत्कालमा उक्त कार्य नभए संस्थालाई हानी नोक्सानी हुने भएमा सो कार्य गरी वा गराई आगामी वैठकमा अनुमोदनको लागि पेश गर्ने ।

७. साधारण सभा तथा समितिको वैठकमा कुनै विषयमा मतदान भै मत वरावर भएमा निर्णायक मत दिने ।

८. संस्थाको कुनै काम कारवाहीको सम्वन्धमा आवश्यकतानुसार जांचवुझ, निरीक्षण गर्ने, गराउने ।

९. संस्थालाई नेतृत्व प्रदान गर्ने र यसका लागि सदैव सक्रिय रहने ।

१०. संस्थाको हित तथा उद्देश्य प्राप्तिका लागि आवश्यक पहल गर्ने ।

११. विनियमका व्यवस्थाहरुको पूर्ण पालना गर्न गराउन तदारुकता देखाउने ।

१२. सहकारीका सिद्धान्तहरु र सहकारी ऐन नियम तथा सहकारी विभागका निर्देशनहरुको पालना गर्ने गराउने ।

१३. सम्बन्धित सहकारी कार्यालयको निर्देशन तथा सुझावहरुको पालना गर्ने गराउने साथै यस विनियम बमोजिम दिनु पर्ने सूचना वा प्रतिवेदनहरु समयमा नै पेश गर्ने ।

१४. सहकारी विभाग वा सहकारी कार्यालय वा सहकारीका संबन्धित संघबाट गरिने अनुगमन निरिक्षण कार्यमा सहयोग गर्ने एवं प्राप्त निर्देशन र सुझावहरुको पालना गर्ने गराउने ।

**(ख) उपाध्यक्षको काम कर्तव्य र अधिकार,:**

१. अध्यक्षको काममा सहयोग पुऱ्याउने ।

२. अध्यक्षले लिखित रुपमा प्रत्यायोजित गरेका वा तोकेका कार्यहरु गर्ने ।

३. अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरु गर्ने ।

४. समितिको बैठकमा अन्य सदस्य सरह भाग लिने र निर्णयमा मत दिने ।

५.	समितिको निर्णय अनुसार तोकिएको जिम्मेवारी वहन गर्ने ।

**(ग) सचिवको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ : :**

१.	अध्यक्षको निर्देशानुसार साधारण सभाको अधिवेशन तथा समितिको वैठक वोलाउने,

२.	साधारण सभा तथा समितिद्धारा पारित निर्णयहरु कार्यान्वयन गर्ने, गराउने ।

३.	साधारण सभाको अधिवेशन र समितिको वैठकको कार्यसूची तयार गर्ने, सूचना

४.	निकाल्ने,

५.	वैठकको निर्णय पुस्तिका राख्ने र निर्णयहरु सदस्यहरुलाई पठाउने ।

६.	साधारण सभावाट निर्णय गर्नुपर्ने कुनै निर्णयहरु भए पुनः छलफल एवं निर्णयार्थ पेश

७.	गर्ने,

८.	साधारण सभा र संचालक समितिवाट भएको निर्णयहरु कार्यान्वयन गर्ने गराउने,

९.	कर्मचारी प्रशासन सम्वन्धि सम्पूर्ण कार्य गर्ने, गराउने ।

१०.	संस्थाको दैनिक प्रशासनिक कार्यमा स्वयं संलग्न रही प्रवन्ध, निरीक्षण निर्देशन दिने,

११.	अध्यक्षले तोकेको अन्य काम गर्ने गराउने ।

**(घ) कोषाध्यक्षकोः काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

१.	संस्थाको आर्थिक कारोवार सम्वन्धि जिम्मा लिने,

२.	संस्थाको उद्देश्य प्राप्तिका लागि उपयुक्त लेखा पुस्तिका नियमानुसार दुरुस्त राख्ने

३.	राख्न लगाउने,

४.	साधारण सभा तथा समितिले मागेका वखत संस्थाको दैनिक कारोवारसंग सम्वन्धित

५.	विवरण उपलव्ध गराउने ।

६.	संस्थाको आर्थिक कारोबारको नियमानुसार लेखापरीक्षण गराउने ।

**(ङ) सदस्यहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ : :**

१.	संचालक समितिको वैठकमा नियमित रुपमा सहभागी हुने ।

२.	संस्थाको हित र विकास कार्यमा आवश्यक सहयोग पुऱ्याउने ।

३.	निर्णय अनुसार विभिन्न उप समितिहरुमा रही तोकिएको जिम्मेवारी वहन गर्ने ।

४.	बैठकबाट गरिने निर्णयहरु संस्थाको हीतका लागि हुनुपर्ने विषयमा सजग रहने ।

५.	सहकारीका सर्वमान्य सिद्धान्तहरु, सहकारी ऐन नियम, संस्थाको स्वीकृत

६.	विनियमावली र अन्य नीतिहरुको वर्खिलाप हुनेगरी संस्था संचालन हुन नदिने ।

७. संस्थासंग आवद्ध सम्पूर्ण सदस्यहरुको प्रतिनिधीको रुपमा सदस्यहरुको हित प्रवर्द्धन हुने काम गर्ने  गराउने ।

## परिच्छेद - ८

## व्यवस्थापन

**४०. व्यवस्थापको नियुक्ति :** (१) समितिले संस्थाको व्यवस्थापन पक्षलाई स्वस्थ एवं प्रभावकारी रुपमा अघि बढाउनका लागि व्यवस्थापक एवं अन्य कर्मचारीहरुको योग्यता, छनौट, नियुक्ति, तलब निर्धारण र अन्य सुविधाहरु र सरुवा बढुवा सम्बन्धी व्यवस्था संस्थाको प्रशासनिक नियम साधारण सभाबाट अनुमोदन गराई लागू गर्नेछ ।

(२) उपदफा (१) वमोजिम व्यवस्थापक नियुक्ति हुन नसकेमा समितिले संस्थाको कुनै संचालकलाई प्रबन्धकीय कर्मचारीको रुपमा कार्य गर्ने गरि तोक्न सक्नेछ ।

(३) संस्थाले आफ्नो उद्देश्य परिपूर्ति गर्ने कामका लागि कर्मचारी प्रशासन नियमावलीको तर्जुमा गरी सोही बमोजिम आवश्यक जिम्मेवारी तोकी कार्य संचालन गर्न सक्नेछ । यसका लागि आवश्यक सेवा शर्त तथा सुबिधाहरु तोकिए बमोजिम हुनेछ ।

**४१. व्यवस्थापकको काम, कर्तव्य र अधिकार :** व्यबस्थापको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ-

(क) संस्थाको आर्थिक तथा प्रशासनिक कार्यको पूर्णजिम्मेवारी बहनगरी कोषाध्यक्षलाई सहयोगगर्ने,

(ख) संस्थाको सदस्यता आवेदन फारमहरु संकलन एवं वितरण तयार गरी समितिमा प्रस्तुत गर्ने र आवश्यक सूचनाहरु उपलब्ध गराउने,

(ग) साधारणसभा, समितिका सवै बैठकहरुमा भाग लिने र निर्णय लिने कामका लागि सदस्यहरुलाई आवश्यक सूचना उपलब्ध गराउने,

(घ) वार्षिक योजना तथा बजेट तयार गरी समिति समक्ष पेश गर्ने,

(ङ) समिति र साधारणसभाका बैठकहरुको विषय सूचि तयार गर्ने,

(च) संस्थाका सदस्यहरुलाई शैक्षिक एवं तालिम कार्यक्रमहरुको योजना बनाई शिक्षा उप-समिति मार्फत संचालन गर्न सहयोग पुऱ्याउने,

(छ) संस्थाका सवै कर्मचारीहरुको कामकारवाहीहरु सुचारु रुपमा संचालन गराउने र कर्मचारी बीच समन्वय गर्ने,

(ज) समितिले तोकेका कामहरु गर्ने गराउने,

(झ) समितिप्रति उत्तरदायी हुने,

(ञ) जनसम्पर्कका अन्य कार्यहरु गर्ने, गराउने ।

**४२. बिशेष जिम्मेवारी :** संस्थाले आफ्नो उद्देश्य परिपूर्ति गर्ने कामका लागि संचालक तथा कर्मचारीहरुलाई बिशेष जिम्मेवारी दिई कार्य संचालन गर्न सक्नेछ । यसका साथै समितिले आवश्यकतानुसार देहाय बमोजिम बिभिन्न उप-समिति तथा सल्लाहकारको समेत व्यबस्था गरी कार्य संचालन गर्न सक्नेछ। यसका लागि आवश्यक सेवा शर्त तथा सुबिधाहरु तोकिए बमोजिम हुनेछ ।

**(क) सल्लाहकार** : संस्थाको आफ्नो व्यबसाय संचालन गर्नका लागि आवश्यकतानुसार सल्लाहकार नियुक्ति गर्न सक्नेछ । यसका लागि आवश्यक सेवा शर्त तथा सुबिधाहरु तोकिए बमोजिम हुनेछ ।

**(ख) ऋण उप-समिति :** (१) ऋण उप-समितिमा एक जना संयोजक सहित तीन जना सदस्यहरु रहनेछन् । समितिले तोकेको समितिको एक जना संचालक संयोजक र बाँकी दुईजना सदस्यहरु समितिले शेयर सदस्यहरु मध्येबाट मनोनयन गर्नेछ ।

(२) संस्थाको ऋणी सदस्यले भाखा नाघेको ऋण चुक्ता नगरे सम्म ऋण उपसमितिको पदमा मनोनयन गरिने छैन ।

(३) उपदफा (१) वमोजिम गठित उपसमितिको पदावधि समितिको निर्णय बमोजिम हुनेछ।

**(४) ऋण उपसमितिको बैठक :** ऋण **उप**समितिको बैठक आवश्यकतानुसार जुन सुकै वेला पनि बस्न सक्नेछ। संयोजकले उप-समितिको बैठक बोलाउनेछ ।

**५. ऋण उप-समितिको काम, कर्तव्य र अधिकार :** (१) साधारण सभाबाट पारित वचत तथा ऋण निर्देशिका र समितिले दिएको निर्देशनको अधिनमा रही सदस्यहरुबाट पेश हुन आएका निवेदन माथि अध्ययन गरी ऋण दिन मनासिव देखिएमा ऋण प्रदान गर्न समितिलाई सिफारिस गर्ने । यसो गर्दा सुरक्षणको अवस्था वारे विभिन्न प्रक्रिया अवलम्बन गरी जाँच गर्ने र सुरक्षित लगानीको स्पष्ट आधार उल्लेख गरी निर्णय लिने । यस्ता आधार अन्तर्गत सम्पत्तिको यथार्थ मूल्यांकन, स्थलगत अध्ययन र सर्जमिनका आधारमा प्रचलित बजारभाउ, धितो राखिने सम्पत्तिमा पारिवारिक खिचलो तथा मुद्दा मामला भए नभएको आदि विषयमा एकीन गर्नेछ ।

(२) सदस्यहरुवाट संस्थामा रहेको नगद मौज्दात भन्दा वढी ऋण माग भई निवेदन पेश हुन आएमा नगद मौज्दातको स्थिति, सदस्यहरुको आवश्यकता, ऋणको प्रकृति, ऋणको रकम र निवेदन दिएको मिति आदिलाई ध्यानमा राखी ऋण निवेदनमाथि प्राथमिकता निर्धारण गरी निर्णय गर्नेछ ।

(३) सदस्यवाट तोकिएको समयमा नै ऋण चुक्ता भयो भएन नियमित अनुगमन गर्ने गराउने काम गर्नेछ ।

(४) सदस्यद्धारा ऋणको सुरक्षण वापत राखिएका धितोपत्रहरुको समय समयमा निरीक्षण गर्नेछ ।

(५) सदस्यले आफूले लिएको ऋण चुक्ता गर्न ढिलो वा अटेर गरेमा ऋण असूली प्रकृया शुरु गर्ने र कानुनी कारवाहीको लागि समिति समक्ष समयमै पेश गर्नेछ र निर्णय भए बमोजिम गर्नेछ ।

(६) उपसमितिको आफ्नो काम कारवाही सम्बन्धी प्रतिवेदन समिति समक्ष पेश गर्ने ।

**(ग) शिक्षा उप-समिति :** (१) शिक्षा उपसमितिमा एक जना संयोजक सहित तीन जना सदस्यहरु रहनेछन् । समितिले तोकेको समितिको एक जना संचालक संयोजक र अन्य दुईजना सदस्यहरु समितिले मनोनयन गर्नेछ ।

(२) संस्थाको ऋणी सदस्यले भाखा नाघेको ऋण चुक्ता नगरे सम्म शिक्षा उपसमितिको कुनै पदमा मनोनयन गरिने छैन ।

(३) उपदफा (१) वमोजिम गठीत उप-समितिको पदावधि समितिले तोकेबमोजिम हुनेछ।

**(४) शिक्षा उपसमितिको बैठक :** शिक्षा उप–समितिको बैठक आवश्यकतानुसार जुन सुकै वेला बस्न सक्नेछ । संयोजकले उपसमितिको बैठक बोलाउनेछ ।

**(५) शिक्षा उपसमितिको काम, कर्तव्य र अधिकार :** (१) सहकारीको अवधारणा, सहकारीका मूल्य मान्यता र सिद्धान्तका सम्बन्धमा सदस्यहरुलाई ज्ञान दिलाउनका लागि सहकारी सम्वन्धी तालिम , अर्न्तक्रिया, गोष्ठी, सेमिनारको आयोजना गर्ने ।

(२) संस्थाको सदस्य र गैर सदस्यहरुका वीचको भेदको वारेमा सदस्यलाई जानकारी दिने ।

(३) संस्थामा सकेसम्म नयाँ सदस्यहरु सामेल गराउन प्रयत्नशील रहने ।

(४) उपसमितिको आफ्नो काम कारवाही सम्बन्धी प्रतिवेदन समिति समक्ष पेश गर्ने ।

**(घ) उत्पादन तथा बितरण उप-समिति :** समितिले संस्थाको उद्देश्य र कार्यहरु संचालन गर्न आवश्यकतानुसार उत्पादन तथा बितरण उप-समितिको गठन गर्न सक्नेछ । समितिले त्यसरी उपसमितिको गठन गर्दा त्यस्तो उपसमितिले गनुपर्ने काम, कार्य सम्पन्न गर्नुपर्ने अवधि तथा निजहरुको शर्त तथा सुविधाहरु तोकि दिनेछ ।

**(ङ) अन्य उप-समितिहरुको गठन :** समितिले संस्थाको उद्देश्य र कार्यहरु संचालन गर्न आवश्यकतानुसार अन्य उप-समितिहरुको गठन गर्न सक्नेछ । समितिले त्यसरी उपसमितिको गठन गर्दा त्यस्तो उपसमितिले गनुपर्ने काम, कार्य सम्पन्न गर्नुपर्ने अवधि तथा निजहरुको शर्त तथा सुविधाहरु तोकिदिनेछ ।

**४३. कर्मचारीको नियुक्ति तथा सेवाका शर्त :** समितिले संस्थाको उद्देश्य परिपुर्ति गर्ने कार्यहरु सञ्चालन गर्न आवश्यकतानुसार एक मानव संशाधन नीति (कर्मचारी प्रशासन नीति) को तर्जुमा

गरी सोही बमोजिम आवश्यक कर्मचारीको नियुक्ति तथा निजहरुको सेवाका शर्त तथा सुविधाहरु तोकि दिनेछ।

## परिच्छेद -७

## वित्तीय व्यवस्था

**४४. संस्थाको कोष** : संस्थाको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन् :

(क) शेयर लगायत संस्थाले आर्जन गरेका सवै किसिमका आम्दानी,

(ख) नेपाल सरकार वा गैरसरकारी संघ संस्थाबाट प्राप्त अनुदान रकम,

(ग) विदेशी सरकार वा अन्तरार्ष्ट्रिय दातृ संघ संस्थावाट प्राप्त अनुदानको रकम,

(घ) संस्थाले संकलन गर्ने नियमित वचत र सदस्यता वापत प्राप्त शुल्कहरु ।

(ङ) अन्य श्रोतवाट प्राप्त रकम ।

**४५. कोषको सुरक्षा** : (१) संस्थालाई प्राप्त हुने सवै प्रकारको रकम समितिले निर्णय गरेको कुनै वैंकमा संस्थाको नाममा आवश्यक खाता (चल्ती, वचत, मुद्दती) खोली जम्मा गरिनेछ ।

(२) उपदफा (१) वमोजिमको कोषको खाताको संचालन समितिको अध्यक्ष र प्रबन्ध संचालक वा व्यवस्थापकको संयुक्त दस्तखतवाट हुनेछ । कोषको सम्पूर्ण जिम्मा खाता संचालकहरुमा रहनेछ । कोषबाट रकम झिक्दा संस्थाको स्वीकृत विनियम बमोजिम स्पष्ट निर्णय भएको कामका लागि हुनुपर्छ । रकम चलनमा ल्याउने आधारहरु कानून सम्मत हुनुपर्नेछ । संस्थाको सम्पत्ति व्यक्तिगत प्रयोजनमा झिक्न वा प्रयोग गरिएको पाइएमा अख्तियार दुरुपयोग गरेको मानिनेछ ।

**४६. कोषको उपयोग :** (१) संस्थामा प्राप्त हुन आएको कोषको रकम विनियममा तथा कार्य योजनामा व्यवस्था भए वमोजिमको कार्यमा खर्च गरिनेछ ।

(२) संस्थाले विदेशी सरकार वा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थावाट ऋण रकम प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृती लिनेछ ।

**(३) खुद वचतको वाँडफाँड :** ऐनको दफा ६८ बमोजिम संस्थाको कुनै बर्षको खुदबचत (Surplus) को रकमबाट कम्तीमा २५% रकम जगेडा कोषमा जम्मा गरी बाँकी रहन आएको रकमलाई शत प्रतिशत (१००%) मानी सोबाट ऐन को दफा ६९ बमोजिम कम्तीमा २५ प्रतिसत रकम संरक्षित पूजि फिर्ताकोष र ऐनको दफा ७० बमोजिम सुन्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम सहकारी प्रबर्द्दन कोषमा छुट्याएर बांकी रहेको रकमलाई शत प्रतिसत मानी देहाय वमोजिमको कोषहरुमा बितरण गरिनेछ :-

| | | |
|---|---|---|
| (क) | सहकारी शिक्षा तथा तालिम कोष | १०% |
| (ख) | शेयर लाभाँस कोष | ४५% |
| (ग) | संस्था विकास कोष | १०% |
| (घ) | घाटा पूर्ति कोष | १०% |
| (ङ) | सामुदायिक बिकास कोष | १०% |
| (च) | स्थिरीकरण कोष | ५% |
| (छ) | अन्यजोखिम व्यबस्था कोष | ५% |
| (ज) | सदस्य हितकोष | ५% |

१००%

**४७. जगेडा कोष :** संस्थाको जगेडा कोषमा देहाय वमोजिमको रकम रहनेछ :

(क) प्रत्येक आर्थिक वर्षमा संस्थाले गरेको कारोवारको हिसाव जांच भएपछि खुद बचतवाट छुट्याइएको कम्तीमा २५ प्रतिशत रकम,

(ख) संस्था दर्ता भएको ३ बर्ष पछि प्राप्त हुने सदस्यता तथा प्रवेश शुल्क,

(ग) संस्थाले बिनियम बमोजिम आफ्ना सदस्यलाई बितरण गरे पश्चात बाँकी रहने रकमहरु,

(घ) संस्थालाई कुनै निकायबाट प्राप्त हुने पूँजीगत अनुदानका रकमहरु,

(घ) अन्य कुनै प्रकारले यस कोषमा जाने रकम ।

**४८. संरक्षित पूँजी फिर्ता कोष :** (१) संस्थाले आर्जन गरेको खुद बचतबाट देहाय बमोजिम संरक्षित पूँजी फिर्ता कोषको बितरण गरिने छ ।

(क) संस्थाको सेवा तथा बस्तुको प्रत्यक्ष उपभोग गर्ने सदस्यहरुलाई,

(ख) संस्थाबाट लिएको ऋण समयमै भुक्तानी गरी बर्ष भरीमा प्राप्त व्याजको रकम ती सदस्यहरुलाई,

(ग) संस्थामा नियमित रुपमा बचत जम्मा गर्ने सदस्यहरुलाई ।

**४९. लाभांश बितरण नगरिने :** देहायमा उल्लेख भएका अवस्थामा लाभांश बितरण गरिने छैन :

(१) शेयर लाभाँश कोषबाट सदस्यहरुलाई लाभांश वितरणगर्दा शेयर पूँजीको १८% भन्दा बढी हुने गरी वितरण गरिनेछैन ।

(२) कर्मचारी बोनस कोषवाट कर्मचारीहरुलाई वोनस वितरण गर्दा दुई (२) महिनाको तलव बरावर भन्दा बढी हुने गरि वितरण गरिनेछैन ।

(३) शेयर लााभाँश कोष, संरक्षित पूँजीकोष र कर्मचारी बोनस कोषबाट रकम वितरणभई बाँकी हुन आउने रकम जगेडा कोषमा जम्मा गरिनेछ ।

**५०. जगेडा कोषमा रकम सार्नु पर्ने :** संस्थाले देहाय बमोजिमका रकमहरु जगेडा कोषमा सारिने छ,

(१) संस्थाले बिनियम बमोजिम आफ्ना सदस्यलाई बितरण गरे पश्चात बाँकी रहने रकमहरु,

(२) संस्थाको कारोबारबाट आर्जिति खुद बचत (नाफा) मा आयकर व्यबस्था गर्नुभन्दा अगाडी बोनस ऐन २०३० बमोजिम छुट्याईएको कर्मचारी बोनस रकमबाट संस्थामा कार्यरत कर्मचारीहरुलाई बितरण गरिएको बढीमा ३ महिनाको तलब भन्दा बढी भएको कर्मचारी बोनस शिर्षकको रकम,

(३) संस्था मार्फत संचालन गर्ने भनी कुनै निकायबाट कुनै निश्चित कार्यक्रम संचालनार्थ प्राप्त हुने रकम ।

## परिच्छेद–५

## बचत निक्षेप संकलन, ऋण लगानी तथा तरलता सम्बन्धी व्यवस्था

**५१. बचत/निक्षेप संकलन गर्न सक्ने :** (१) संस्थाको आफ्ना सदस्यहरुबाट संस्थाको उद्देश्य परिपूर्तिगर्ने सिलसिलामा एक बचत नीति तयार गरी बचत संकलन गर्न सक्नेछ ।

**(२) बचत परिचालनका आधारहरु देहाय बमोजिम हुनेछन् -**

(१) सदस्यले साधारण वचतको रुपमा संस्थाको सदस्यता प्राप्त गरेको मिति देखि संस्थामा आफूले कबुल गरेको वचत रकमको किस्ताको भुक्तानी नियमित रुपमा गर्नुपर्नेछ । यस्तो नियमित बचत किस्ता अग्रिम रुपमा पनि जम्मा गर्न सकिनेछ ।

(२) सदस्यले संस्थाको वचत तथा ऋण नीतिको अधिनमा रही तीन महिना भन्दा वढी समयका लागि मुद्दती खातामा आवधिक वचतको रुपमा रकम जम्मा गर्न सक्नेछ र सो रकममा संस्थाले तोकेको ब्याज आवधिक रुपमा सदस्यले प्राप्त गर्नेछ ।

(३) सदस्यले उपदफा (१) वमोजिम जम्मा गरेको रकम जुनसुकै बेला पनि झिक्न सक्नेछ र साधारण वचतमा दिइने ब्याज सम्बन्धी व्यवस्था वचत तथा ऋण नीतिको अधिनमा रही समितिले समय समयमा तोके बमोजिम हुनेछ ।

(१) संस्थाले बचतमा प्रदान गर्ने ब्याज दर र ऋणमा लिने ब्याज दरको निर्धारण प्रचलित बजार दरको आधारमा गर्नेछ ।

(२) संस्थाले बजारमा प्रचलित ब्याज दर भन्दा अस्वभाविक रुपले बढी ब्याजमा बचत संकलन तथा ऋणको कारोबार गर्नेछैन ।

(३) संस्थाले सदस्यको बचतमा दिने ब्याज दर र ऋणमा लिने ब्याज दरको अन्तर औसत ६ प्रतिशत भन्दा बढी हुनेछैन ।

(४) समितिले सदस्यको विभिन्न उद्देश्यमूलक कार्यक्रम संचालनार्थ साधारण सभाले अनुमोदन गरे अनुरुप ऋण नीतिमा उल्लेख भए वमोजिम ऋणको किसिममा ब्याज तोक्नेछ ।

(५) संस्थाले बचत, ऋण, ब्याज निर्धारण आदि विषयहरुमा आवश्यक शर्त प्रक्रिया तथा कार्यविधिहरु वचत तथा ऋण नीतिमा व्यवस्था गर्नेछ । संस्थाले त्यस्तो वचत तथा ऋण नीति साधारण सभाबाट अनुमोदन गराई लागु गर्नेछ ।

(६) संस्थाले साधारण सभाबाट अनुमोदित वचत तथा ऋण नीति सम्बन्धित सहकारी कार्यालयमा पेश गर्नेछ ।

(८) संस्थाले निर्धारण गरेको ब्याज दरको विवरण प्रत्येक ६ महिनामा सम्बन्धित सहकारी कार्यालयमा पेश गर्नेछ ।

(९) संस्थाले व्याजदर परिवर्तन गरेमा सो को विवरण संस्थाको कार्यालयमा सबैले देख्ने गरी सूचना गर्नेछ । संस्थाले परिवर्तित व्याजदर सम्बन्धी विवरण परिवर्तन भएको ७ दिन भित्र सम्बन्धित सहकारी कार्यालयमा पेश गर्नेछ ।

(१०) संस्थाले सदस्यहरुका बीच लाभांश बितरण प्रयोजनको लागि नगद पद्धतिमा ब्याज आय लेखा राख्नेछ । नगदमा प्राप्त नभएको ब्याजलाई पाउनु पर्ने ब्याज हिसावमा खर्च लेखि व्याज मुल्तवी हिसावमा जम्मा गर्नेछ ।

**५२. बचत निक्षेप संकलनमा सीमा :** संस्थाले संकलन गर्ने वचतको सीमा देहाय वमोजिम हुनेछ :-

(१) संस्थाले शेयर पुँजीको बढीमा १५ गुणासम्म मात्र सदस्यहरुबाट बचत संकलन गर्नेछ ।

(२) संस्थाले सार्वजनिक रुपमा विज्ञापनगरी बचत निक्षेप संकलन गर्ने वा ऋण प्रवाह गर्नेछैन ।

(३) संस्थाले बचत निक्षेप संकलन गर्ने र कर्जाप्रवाह गर्ने कार्य आफ्नो सदस्यहरुका वीचमा मात्र सीमित रही गर्ने छ ।

(४) संस्थाले सहकारी बैंक तथा सहकारीका संघहरुका अलावा तोकिए बमोजिम निकायबाट मात्र बचत तथा ऋणको कारोवार गर्नेछ ।

**५३. <u>ऋण दिन सक्ने</u> :** (१) संस्थाले आफ्ना सदस्यहरुलाई देहाय बमोजिम ऋण लगानी गर्न सक्नेछ ।

(क) आफ्ना सदस्यलाई आयमूलक सेवामूलक तथा रोजगारमूलक कार्यका लागि,

(ख) सदस्य तथा परिवारको आकस्मिक सामाजिक घटना आई परेमा,

(ग) सदस्य तथा परिवारको औषधोपचारका लागि,

(घ) सदस्य तथा परिवारलाई प्राबिधिक क्षेत्रमा उच्च शिक्षा अध्ययन गर्नका लागि ।

(२) कुनै सदस्यले संस्थाबाट ऋण लिनु पर्दा संस्थाले तोकेको ऋण निवेदन फारम भरी ऋण उप-समिति समक्ष पेश गर्नु पर्नेछ ।

(३) समितिले सदस्यको सदस्यता, बचत निक्षेप रकम, सदस्यहरुको जमानी वा अन्य स्वीकृत धितोको आधारमा ऋण उप-समिति समेतको सिफारिशमा ऋण प्रदान गर्नेछ ।

(४) समितिले वचत तथा ऋण नीतिको अधीनमा रही सदस्यलाई निश्चित रकम सम्मको ऋण प्रदान गर्न ऋण उपसमितिलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(५) संस्थाले कुनै एक सदस्यलाई संस्थाको प्राथमिक पुँजीको २० प्रतिशतमा ननघाई ऋण प्रदान गर्न सक्नेछ । सदस्यले लिएको ऋणको साँवा र ब्याज पुरै भुक्तानी नगरेसम्म निजलाई पुनः ऋण गर्नेछैन ।

**५४. <u>ऋण प्रबाहमा सीमा</u> :** (१) संस्थाले आफ्ना सदस्यहरुलाई देहायको सीमा भित्र रहि ऋण लगानी गर्न सक्नेछ ।

(२) समितिले सदस्यको सदस्यता, बचत निक्षेप रकम, सदस्यहरुको जमानी वा अन्य स्वीकृत धितोको आधारमा ऋण उप-समिति समेतको सिफारिशमा ऋण प्रदान गर्नेछ ।

(३) समितिले वचत तथा ऋण नीतिको अधीनमा रही सदस्यलाई निश्चित रकम सम्मको ऋण प्रदान गर्न ऋण उपसमितिलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(४) संस्थाले कुनै एक सदस्यलाई संस्थाको प्राथमिक पुँजीको २० प्रतिशतमा ननघाई ऋण प्रदान गर्न सक्नेछ । सदस्यले लिएको ऋणको साँवा र ब्याज पुरै भुक्तानी नगरेसम्म निजलाई पुनः ऋण गर्नेछैन ।

(५) संस्थाले सदस्यलाई ऋण प्रदान गर्दा प्रदान गरिने ऋण रकमको कम्तिमा दोब्बर मूल्य बराबरको जायजेथा धरौटी राखी वा कुनै सदस्यको धन जमानीमा मात्र ऋण गर्नेछ । तर संस्थाले औचित्यताको आधारमा सामूहीक जमानीमा ऋण गर्न बाधा परेको मानिने छैन ।

(६) संस्थाले जेथा धितो राखी ऋण गर्दा ऋण लिने सदस्यको आफ्नै वा एका सगोलका परिवारका सदस्यको नाममा रहेको जेथा धितो नराखी अर्काको जेथाको आधारमा मात्र ऋण गर्नेछैन ।

(७) सामान्यतः संस्थावाट एकै अवधिमा संस्थाका संचालक समितिका ४९ प्रतिशत भन्दा बढी पदाधिकारीहरुले ऋण लिन सक्नेछैनन् ।

(८) सदस्यले जुन उद्देश्यका लागि संस्थावाट ऋण लिएको हो सोही उद्देश्य प्राप्तिका लागि ऋणको उपयोग गर्नुपर्नेछ ।

(९) संस्थाले संचालक समिति, लेखा सुपरीबेक्षण समिति तथा ऋण उप-समितिका पदाधिकारी एवं कर्मचारीहरुले लिएको ऋणको विवरण तोकिए बमोजिम निकायमा पेश गरिनेछ ।

(१०) ऋण प्रक्रियामा सदस्य एवं पदाधिकारी वीच कुनै किसिमको विभेद गरिने छैन ।

**५५. ऋण बाहेकको प्रयोजनमा बचत रकम लगाउन नहुने** : संस्थाले आफ्ना सदस्यहरुबाट संकलन गरेको बचत रकम ऋण बाहेक अन्य प्रयोजनमा लगाउने छैन ।

**५६. साधारण सभाको स्वीकृति लिनुपर्ने** : संस्थाको उद्देश्य परिपूर्ति गर्ने सिलसिलामा देहायका कामका लागि साधारण सभाको स्वीकृती अनिबार्य हुनेछ ।

(क) संचालक समितिले पेश गरेको वार्षिक कार्यक्रम उपर छलफल गरी स्वीकृती प्रदान गर्न ।

(ख) वार्षिक लेखापरीक्षण प्रतिबेदन माथि छलफल तथा अनुमोदन गर्न ।

(ग) संचालक समिति र लेखा सुपरीबेक्षण समितिको निर्वाचन तथा बिघटन गर्न ।

(घ) संचालक वा लेखा सुपरीबेक्षण समितिका पदाधिकारीलाई हटाउन ।

(ङ) संचालक समिति तथा लेखा सुपरीबेक्षण समितिको प्रतिवेदन, तथा अन्य विवरणहरुमा समीक्षा गर्ने र पारित गर्न ।

(च) सहकारी ऐन नियम विपरित नहुने गरी विनियम तथा अन्य आन्तरिक कार्यबिधि संशोधनको प्रस्ताव उपर छलफल गरी  निर्णय गर्न ।

(छ) लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्न ।

(ज) संस्थाको विभाजन, एकीकरण, विघटन सम्वन्धी काम गर्न ।

(झ) संस्थाका पदाधिकारी लगायत अन्यका लागि पारिश्रमिक लगायतका सुबिधा तोक्न ।

(ञ) संस्थाले लिन दिन सक्ने अधिकतम ऋण वा धरौटीको सीमा तोक्न ।

(ट) मिनाहा सम्वन्धी प्रस्ताव कार्यान्वयन गर्न ।

(ठ) संस्थाले संचालन गर्ने बिभिन्न व्यबसायहरु सम्बन्धी कार्यक्रमका सम्बन्धमा सम्बन्धमा छलफल गरी अनुमोदन गर्न ।

(ड) विनियम वमोजिम वचत कोष तथा सदस्यले कारोवारमा गरेको योगदानका आधारमा संरक्षणपूँजी फिर्ता कोषबाट लाभांश वितरणगर्न  ।

(ढ) एक तह माथिको सहकारी संघको सदस्यता लिन निर्देशन दिने तथा केन्द्रीय वा जिल्ला संघको प्रतिनिधित्व गर्न प्रतिनिधि तोक्न ।

(ण) संस्थाको आर्थिक प्रशासन विनियम, कर्मचारी प्रशासन विनियम तथा वचत तथा ऋण नीति पारित वा अनुमोदन तथा परिमार्जन गर्न ।

(त) अध्यक्षको राजिनामा स्वीकृती गर्न ।

(थ) संस्था संचालनका लागि आवश्यक पर्ने कर्मचारीहरुको दरवन्दी स्वीकृत गर्ने वा थप घट गर्न ।

(२) संस्था तथा सदस्यको हित हुने खालका तत्काल नगरी नहुने कामका सम्बन्धमा संचालक समितिले निर्णय गरी कार्य सम्पन्न हुना साथ लगत्तै बस्ने साधारण सभामा अनुमोदन गराईने छ ।

**५७. सदस्य केन्द्रियता** : संस्थाले संचालन गर्ने कार्यहरु सदस्य केन्द्रित हुनेछ। आफ्ना सदस्यको माग पुरा भए पछि मात्र आफ्नो बस्तु तथा सेवाहरु अन्यमा बितरण गर्न बाधा पुग्ने छैन ।

**५८. स्वार्थ बाझिने निर्णयमा सहभागिता प्रतिबन्ध** : संस्थाले संचालन गर्ने कुनै पनि कार्यमा कार्यमा संस्था, पदाधिकारी तथा सदस्य समेतको अन्य सहभागितामा प्रतिबन्ध रहनेछ ।

**५९. कर्मचारीसंगको कारोबारमा निर्बन्धन** : संस्थाले आफ्ना कर्मचारीहरुसंग गरिने कुनै पनि कार्यमा कुनै प्रकारको बन्धन रहने छैन ।

**६०. जोखिम मुल्याङ्कन :** संस्थाले आफ्ना सदस्यहरुसंगको कारोबारमा तोकिए बमोजिम जोखिम मुल्याङ्कनको व्यबस्था मिलाउने छ ।

(१) संस्थाबाट प्रवाहित हुने ऋणलाई देहाय बमोजिम ३ वर्गमा विभाजन गरी ऋण नोक्सानी कोषको व्यवस्था गरिने छ:

| **क्र.सं.** | **ऋणको वर्गीकरण** | **भाखा नाघेको अवधि** | **ऋण नोक्सानी कोषको व्यवस्था** |
|---|---|---|---|
| १ | असल ऋण | भाखा ननाघेको | १ प्रतिशत |
| २ | शंकास्पद ऋण | १ वर्ष सम्म भाखा नाघेको | ३५ प्रतिशत |
| ३ | खराव ऋण | १ वर्ष भन्दा बढी भाखा नाघेको | १०० प्रतिशत |

(२) संस्थाले उपदफा (१) मा उल्लेख भए बमोजिमको ऋणको बर्गीकरण र ऋण नोक्सानी कोषको व्यवस्था गरी प्रत्येक वर्ष साउन महिना भित्र सम्बन्धित डिभिजन सहकारी कार्यालयमा विवरण पेश गर्नेछ ।

(३) संस्थाले आफ्ना सदस्यको शेयर प्रमाण-पत्र वा अन्य कुनै सहकारी संस्थाको सदस्यको शेयर प्रमाण पत्र धितो जमानी राखी ऋण गर्नेछैन ।

(४) समितिले संस्था दर्ता हुँदाका वखत आवेदक रहेका सदस्य वाहेक अन्य व्यक्तिको हकमा सदस्यको रुपमा तीन महिनासम्म संस्थामा नियमित बचत गरे पछि मात्र ऋण गर्नेछ ।

**६१. कारोबार नगरिने** : संस्थाले गैर सदस्य लगायत तोकिए भन्दा बाहेक व्यक्ति तथा निकायसंग कुनै प्रकारको कारोबार गरिने छैन । तर, सदस्यको माग बमोजिम ऋण बाहेकका बस्तु सेवा उपलव्ध गराई सके पछि संस्थाको उत्पादनको खरीद बिक्री तथा कच्चा पदार्थ खरीद बिक्री गर्नमा भने बाधा पर्ने छैन ।

**६२. कारोबारको लेखा** : संस्थाले आफ्नो कारोबारको लेखा तोकिए बमोजिम ढाँचा तथा संस्थाले एक नीतिको तर्जुमा गरी सोही बमोजिम लेखा अद्यावधि गरिने छ ।

**६३. खाताबही :** (१) संस्थाले आफ्नो कार्य संचालनको अभिलेखका साथै संस्थाले गरेको कारोबारको लेखा बिभागले तोकेको लेखामान तथा ढाँचा अनुसार राखिने छ ।

(२) दफा (१) बमोजिम अभिलेख तथा लेखा राख्दा अन्य कुराका अतिरिक्त देहाय वमोजिमका किताव, खातावही तथा बिवरण समेत राख्नेछ ।

(क) नियम (३) तथा यस बिनियमको दफा ७ (अनुसूची-२) बमोजिमको सदस्य दर्ता किताब,

(ख) प्रारम्भिक साधारणसभा, वार्षिक साधारणसभा, विशेष साधारणसभा, समिति, लेखा सुपरीबेक्षण समिति र उप-समितिहरुको छुट्टाछुट्टै निर्णय पुस्तिकाहरु,

(ग) नगद बहीखाता ,

(घ) संस्थाले अरु कुनै व्यक्ति वा संघ संस्थासंग कुनै कारोवार गरेका भए सो कारोवार देखाउने किताब,

(ङ) शेयर दर्ता किताब,

(च) मालसामानको मौज्दात (स्टक दर्ता) किताव,

(छ) ऋण लेनदेन गरेको दर्ता किताब,

(ज) बेरुजू एवं सम्परीक्षण किताब,

(झ) आम्दानी, खर्च, सम्पत्ति र दायित्व सम्बन्धी अलग -अलग खाता तथा सहायक खाताहरु, सबै कारोबार देखिने खाताहरु,

(ञ) बिभागले तोके बमोजिमको हिसाव परीक्षा सूची, आय व्यय र सिथिति बिवरण पत्र,

(ट) समय-समयमा बिभागले तोकिदिएको अन्य अभिलेख एवं खाताहरु ।

## परिच्छेद - ९

## बार्षिक हिसाव जाँच सम्बन्धी व्यवस्था

६४ **आन्तरिक हिसाव जाँच :** संस्थाले आफ्नो लेखा समिति मार्फत नियमित रुपमा आन्तरिक हिसाव जाँचको कार्य गर्ने गराउने छ । यसका साथै आवश्यकतानुसार आन्तरिक लेखापरीक्षक नियुक्ति गरी संस्थाको आन्तरिक हिसाव जाँच गराउन सक्नेछ ।

६५. **बार्षिक हिसाव जाँच सम्बन्धी व्यवस्था :** (१) संस्थाले प्रत्येक वर्षको हिसाब-किताबको लेखापरीक्षण आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र साधारण सभाले नियुक्त गरेका रजिष्टर्ड लेखापरीक्षकबाट गराई सक्नेछ ।

(२) लेखापरीक्षकले आफ्नो प्रतिवेदन वार्षिक साधारणसभा समक्ष स्वंय प्रस्तुत गर्नेछ ।

(३) लेखापरीक्षकको पारिश्रमिक साधारण सभाले तोके वमोजिम हुनेछ ।

(४) एउटै लेखापरीक्षकलाई लगातार तीन पटक भन्दा बढी नियुक्ति गरिने छैन ।

(५) साधारण सभाले लेखा परीक्षक नियुक्त गर्दा संबन्धित डिभिजन सहकारी कार्यालयमा प्रत्येक आर्थिक वर्षको लागि सूचिकृत भएको रजिष्टर्ड लेखापरिक्षकलाई मात्र गर्नेछ । लेखापरिक्षक नियुक्त गर्दा संबन्धित डिभिजन सहकारी कार्यालय मार्फत रजिष्ट्रार वा निजको अधिकार प्राप्त अधिकारी बाट स्वीकृति लिइनेछ ।

(६) साधारण सभाले लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने अधिकार संचालक समितिलाई दिन सक्नेछ ।

(७) लेखापरीक्षकको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त देहायका विवरण समेत समाविष्ट भएको हुनेछ :

(क) संस्थाका पदाधिकारी वा कर्मचारीले सहकारीको मूल्य मान्यता र सिद्धान्त एवं प्रचलित सहकारी कानूनको पालना गरेका छन छैनन् ।

(ख) संस्थाका पदाधिकारी वा कर्मचारीले संस्थाको विनियम र साधारण सभाबाट स्वीकृत निति तथा निर्देशिकाहरुको पालना गरेका छन छैनन् ।

(ग) लेखापरीक्षक नियुक्तिमा सहमति दिंदा संबन्धित डिभिजन सहकारी कार्यालयले दिएको निर्देशन बमोजिमका विषयहरुमा संक्षिप्त टिप्पणी ।

(घ) विशेष गरी प्रतिवेदनमा बचत कर्ताको बचतको सुरक्षणको अवस्था के छ, लगानीहरु प्रयाप्त सुरक्षणको आधारमा गरिएको छ छैन, व्यवस्थापकहरुबाट फजुल खर्च रोक्ने तर्फ के कस्ता प्रयासहरु भएका छन वा छैनन् ।

(ङ) संस्थाका पदाधिकारी एवं कर्मचारीहरुले लिएको ऋण र पेश्कीका वारेमा लिएको अंक, रकम दिंदा अवलम्बन गरिएको प्रक्रिया, ऋणको भाखा नाघे ननाघेको र साँवा व्याज समयमै तिरे नतिरेको विवरण, पेश्की लिनुको प्रयोजन, आर्थिक अनुशासन आदि ।

(८) लेखापरीक्षकको प्रतिवेदनमा उपरोक्त विवरण समावेश नभएमा साधारण सभा वा संबन्धित सहकारी कार्यालयले अर्को लेखापरीक्षक नियुक्तगर्न निर्देश गर्न सक्नेछ वा त्यस्ता लेखापरीक्षकलाई त्यस संस्थाको आगामी वर्षहरुको लेखापरिक्षणगर्न अनुमति नदिन सक्नेछ ।

**६६.** **<u>बिद्युतीय प्रणालीको प्रयोगगर्दा जोखिम मूल्याङ्कन गर्नुपर्ने</u>** : संस्थाले एक नीतिको तर्जुमा गरी बिद्युतीय प्रणाली मार्फत आफ्ना सदस्यले नेपाल भरको कुनै सहकारी संस्थाबाट आफ्नो खातामा रकम जम्मा गर्न र झिक्न सक्ने गरी अन्तर सहकारी कारोबार गर्न सक्नेछ। कारोबारको लेखा पालनको सिलसिलामा बिद्युतीय प्रणालीको प्रयोग गर्दा तोकिए बमोजिम जोखिम मूल्यांकन गर्ने छ ।

**६७.** **<u>अन्य आधारभूत कागजात</u>** : संस्थाले आफ्नो कारोबार संचालन गर्न आवश्यक अन्य आधारभूत कागजातहरुका सम्बन्धमा तोकिए बमोजिम हुने छन् ।

**६८.** **<u>एकिकृत सूचना प्रणालीमा आवद्धता</u>** : संस्थाले नेपाल सरकारले तोके बमोजिम एकिकृत व्यबस्थापन सूचना प्रणालीमा आवद्धता जनाउने छ ।

**६९.** **<u>रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारी समक्ष प्रतिबेदन</u>** : संस्थाले प्रत्येक बर्ष देहायका बिवरणहरु सहितको प्रतिबेदन तोकिएको समयभित्र रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्ने छ ।

(क) कारोबारको चौमासीक र बार्षिक प्रतिबेदन तथा लेखापरीक्षण प्रतिबेदन,

(ख) बार्षिक कार्यक्रम नीति तथा योजना,

(ग) खुद बचत सम्बन्धी नीति तथा योजना,

(घ) सञ्चालकको नाम तथा बाँकी कार्यवधिको सूची,

(ङ) साधारण सभाको बैठक सम्बन्धी जानकारी,

(च) शेयर सदस्य संख्या र शेयरपूँजी,

(छ) सञ्चालक वा सदस्यले लिएको ऋण तिर्न बाँकी रहेको बिवरण,

(ज) रजिष्ट्रार वा निजबाट अधिकारप्राप्त अधिकारीले समय समयमा तोकिदिएको अन्य बिवरण ।

**७०. बित्तीय जानकारी एकाईमा प्रतिबेदन** : संस्थाले नेपाल सरकारले तोकेको बित्तीय जानकारी एकाईले मागगरे बमोजिमका प्रतिबेदनहरु तोकिए बमोजिम उक्त निकायमा पेश गर्ने छ ।

**७१. साधारण सभामा जानकारी गराउनुपर्ने** : संस्थाले आफ्नो बर्ष भरीको आर्थिक कारोबार तथा अन्य कार्यको बिवरण तोकिए बमोजिम ढाँचा तथा समयभित्र साधारण सभा समक्ष पेश गर्ने छ ।

**७२. हकवालाको मनोनयन ::** (१) सदस्यले हकवाला मनोनीत गर्दा कम्तीमा दुई जना संस्थाको सदस्यहरुको रोहबरमा लिखत तयार गरी गर्नुपर्नेछ र त्यस्तो लिखतमा मनोनीत गर्ने सदस्य र साक्षीहरु समेतको सहीछाप गरेको हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम हकवाला मनोनीत गर्ने सदस्यले एकभन्दा बढी शेयर नलिएको अवस्थामा एउटा व्यक्तिलाई मात्र हकवाला मनोनीत गर्नु पर्नेछ ।

(३) कुनै सदस्यले उपदफा (२) को अधिनमा रही एकजना भन्दा बढी व्यक्तिहरुलाई मनोनीत गरेकोमा त्यस्ता प्रत्येक व्यक्तिलाई हस्तान्तरण हुने शेयर र हकको दामासाही स्पष्ट रुपले लिखतमा खुलाउनु पर्नेछ । अन्यथा प्रचलित कानुन अनुसार हुनेछ ।

**७३. हकदावी वा नामसारी :** (१) कुनै सदस्यको मृत्यु भएमा निजको नाममा रहेको शेयर र संस्थाबाट निजलाई प्राप्त हुने कुनै प्रकारको हक विनियमको दफा ७२ बमोजिम मनोनीत गरेको कुनै हकवाला भए सो हकवाला र त्यस्तो हकवाला नभए प्रचलित कानून बमोजिमको हकवालाको नाममा नामसारी गर्न सकिनेछ ।

तर, त्यस्तो हकवाला संस्थाको सदस्यता प्राप्त गर्नका लागि विनियममा तोकिएको योग्यता नभएमा सदस्यको मृत्यु भएको मितिले ६ महिना भित्र सदस्यताको लागि योग्य अरु कुनै हकवालाको नाममा नामसारी गरी पाउँ भनी दरखास्त दिन सक्नेछ र संस्थाले सो हकवालाको नाममा नामसारी गरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मृत सदस्यको हक हकवालाले नामसारी गराई लिन नचाहेमा संस्थाले निजले पाउने शेयर र बचत रकम त्यस्तो हकवालालाई फिर्ता गरिदिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि मृत सदस्यको हकवाला नावालक रहेमा वा निजको मानसिक सन्तुलन ठीक नरहेमा मृत सदस्यले पाउने सम्पूर्ण रकम कम्तीमा दुई जना साक्षीको रोहवरमा त्यस्तो हकवालाको संरक्षकलाई फिर्ता गरिनेछ ।

**७४. निर्बाचन :** (१) संस्थाको विनियमको अधीनमा रही सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिको निर्वाचन गर्न सञ्चालक समितिले निर्वाचन समिति गठन गर्नेछ ।

(२) समितिले निर्णय गरी तोकेको एक सामाजिक वा बौद्धिक रुपले प्रतिष्ठित स्थानीय व्यक्ति वा सहकारीको क्षेत्रमा अनुभव हासिल गरेको व्यक्तिको संयोजकत्वमा संस्थाको सदस्यहरु मध्ये एकजना सदस्य (निर्वाचनमा उम्मेदवार नहुने), सम्भव भएसम्म कानून सम्बन्धि ज्ञान भएको तथा स्थानिय निकायको सहकारी क्षेत्र हेर्ने कार्यालयको एक जना कर्मचारी प्रतिनिधि रहने गरी जम्मा तीन सदस्य भएको निर्वाचन समिति गठन गर्नेछ ।

(३) निर्वाचन समितिले उपदफा (१) मा उल्लेखित पदाधिकारीहरुको निर्वाचन प्रजातान्त्रिक प्रक्रिया बाट सम्पन्न गर्नेछ ।

(४) निर्वाचन समितिले निर्वाचन प्रक्रिया अन्तर्गत प्रकाशन गरेका निर्वाचन कार्यक्रम, सदस्यहरुलाई गरेको सार्वजनिक सूचना, निर्णयहरु, प्रयोगमा ल्याएका विभिन्न कागजात एवं मनोनयन फारम साथ उम्मेदवारले पेशगरेका आवश्यक प्रमाणहरु सील्ड गरी सुरक्षित साथ राख्ने जिम्मेवारी नयाँ निर्वाचित सञ्चालक समितिको हुनेछ ।

(५) निर्वाचन समितिलाई आफ्नो काम सम्पन्न गर्न गराउन समिति र संस्थाको कार्यालय व्यवस्थापनले साधन श्रोत र आवश्यक जनशक्ति उपलब्ध गराउनेछ ।

**७५.** **सपथ ग्रहण :** सञ्चालक समिति र लेखा सुपरीबेक्षण समितिका पदाधिकारीहरुले तोकिए बमोजिम साधारण सभा समक्ष सपथ लिनुपर्नेछ । शपथ ग्रहण अनुसूची-४ बमोजिम हुनेछ ।

**७६.** **एकिकरण वा बिभाजन र विघटन :** (१) संस्थाको साधारणसभाको दुईतिहाई सदस्यको वहुमतले संस्थाको उद्देश्यसंग मेल खाने दुई वा दुई भन्दा बढी सहकारी संस्थाहरु गाभी एकीकरण गर्न वा संस्थालाई भौगोलिक कार्यक्षेत्रको आधारमा दुई वा दुई भन्दा बढी सहकारी संस्थामा बिभाजनगर्ने निर्णय गरेमा सहकारी ऐनको दफा ८७ बमोजिमको प्रक्रियाको पालना गरि गरिनेछ ।

(२) संस्थाको साधारणसभाको तत्काल कायम रहेका बहुमत सदस्य संख्याको निर्णयले संस्था विघटन गर्ने निर्णय गरेमा संस्थाको विघटन हुनेछ । संस्थाको विघटन गर्दा ऐनको दफा ८८ वमोजिमको प्रकृया अपनाईनेछ ।

**७७.** **कार्यान्वयन अधिकारी** : संस्थाले सम्पत्ति सुद्धीकरण ऐन तथा बिभागबाट जारी भएको निर्देशनका आधारमा एक कार्यान्वयन अधिकारीको नियुक्ति गरी संस्थाले तोकिए बमोजिम कार्य सम्पादन गर्ने, गराउने छ ।

**७८.** **मध्यस्थता सम्बन्धी व्यवस्था :** संस्थाको कुनै प्रकारको विवाद उत्पन्न भएमा सो बिबाद निरुपणका लागि ऐनको दफा १४३ बमोजिम सम्बन्धित निकायमा अनुरोध गर्न सक्नेछ ।

**७९.** **समानता र समता** : संस्थाले आफ्ना सदस्यहरुबीच कुनै प्रकार भेदभाव गर्ने छैन । संस्थाले सदस्यहरुबीच सदैव समता र समानताको नीति अवलम्बन गर्नेछ ।

**८०.** **बिनियम संशोधन/पुनरलेखन :** संस्थाको कूल सदस्य संख्या मध्ये कम्तीमा ५१ प्रतिशत सदस्यहरु उपस्थित भएको साधारण सभामा दुई तिहाई सदस्यहरुको बहुमतको निर्णयबाट

संस्थाले आफ्नो विनियम पुनरलेखन गर्न सक्नेछ । यसरी संशोधन/पुनरलेखन भएको विनियम सहकारी ऐन बमोजिम सम्बन्धित निकायमा पेश गरी रजिष्ट्रार वा निजको अधिकार प्राप्त अधिकारीबाट स्वीकृति दिएपछि लागु हुनेछ ।

**८१.** **साधारण सभाले कार्यबिधि बनाउन सक्ने** : संस्थाले आफ्नो व्यबसाय संचालनका लागि आवश्यक कार्यबिधि (नीतिहरु) बनाई लागु गर्न सक्नेछ ।

**८२.** **व्याख्या गर्ने अधिकार** : यस विनियमको व्याख्या गर्ने अधिकार साधारण सभालाई हुनेछ । साधारण सभाबाट पनि सुल्भिन नसकेमा सहकारी ऐन, नियम बमोजिम हुनेछ ।

**८३.** **ऐन, नियमावलीसंग बाझिएकोमा अमान्य हुने** : (१) यस विनियममा उल्लेखित कुनै व्यवस्थाहरु सहकारी ऐन, नियम र सहकारीका सिद्धान्तहरुसंग बाझिने भएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

(२) यस विनियममा उल्लेख नभएका विषयहरुको बारेमा सहकारी ऐन, नियम र सहकारीका सिद्धान्तहरु बमोजिम संस्थाको काम कारवाही संचालन गरिनेछ ।

## परिच्छेद-१०

## विविध

**८४.** **आबद्धता** : सहकारीको सिद्धान्त बमोजिम सहकारी वीच पारस्परिक सहयोगको अभिबृद्धि गर्न यो संस्थाको दर्ता भई प्रारम्भिक साधारण सभा सम्पन्न भए सम्बन्धित जिल्ला सहकारी संघ लिमिटेड लगायतका सम्बन्धित निकायहरुमा आवद्दता लिइनेछ । संस्थाको वित्तीय क्षमताका आधारमा राष्ट्रिय सहकारी बैंकको शेयर खरिद गरी सदस्यता लिइनेछ र सहकारी बैंकको विकासमा टेवा पुऱ्याइनेछ।

**८५** बैंकिङ्ग कारोवार गर्नुपरेमा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृती लिएर मात्र गरिनेछ ।

**८६** कुनै सदस्य संस्थाको सञ्चालक वा लेखा सुपरीबेक्षण समितिको पदमा उम्मेदवार हुँदा सदस्य स्वयंले प्रचलित कानून बमोजिम आफ्नो नाम कालो सूचीमा नपरेको, कर्जा कारोवारमा अनियमित नगरेको, संस्थामा तिर्न बुझाउनपर्ने ऋण बाँकी नरहेको, संस्थामा अन्य तिर्न बुझाउनु पर्ने बाँकी बक्यौता नभएको, र संस्थाको स्वीकृत कार्यक्षेत्र भित्र बसोबास गरी रहेको भनी स्व-घोषणापत्रमा सहीछापगरी मनोनयन पत्रसाथ निर्वाचन समितिसमक्ष पेशगर्नु पर्नेछ । कुनै दावी विरोध परी उपरोक्त विवरण झुट्टा ठहरेमा निर्वाचन समितिले मनोनयन रद्द गर्नेछ ।

**८७.** संस्थाको बचत, लगानी तथा सबै सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने सामूहिक जिम्मेवारी सञ्चालकहरुको हुनेछ । यस बारेमा स्पष्ट कार्य विभाजन भएकोमा सोही बमोजिम व्यक्तिगत रुपमा बढी जिम्मेवार ठहऱ्याई कुनै पदाधिकारीलाई थप कारवाही प्रक्रिया चलाउन यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

**८८.** संस्थाले ऋण उप-समितिको सिफारिसमा ऋण प्रदान गर्ने र ऋण उप-समितिका पदाधिकारीले आफ्नो सिफारिसको जिम्मेवारी वहन गर्नु पर्नेछ ।

८९. संस्थाका सदस्यहरुका बिच संस्थापक सदस्य, शेयर सदस्य र साधारण सदस्य आदि रुपमा वर्गीकरण गरी विभेद गरिने छैन ।

९०. संस्थाले सहकारी मूल्य मान्यता र सिद्धान्तहरुमा आधारित रही आचार संहिता तयार गरी लागु गर्नु पर्नेछ ।

९१. संस्थाको प्रमाण पत्रमा उल्लेख भएबमोजिम संस्थाको नाम, दर्ता नं. दर्ता मिति र दर्ता भएको सहकारी कार्यालयको नाम र कार्यक्षेत्र समेत खुलाई नेपाली भाषा, (देवनागरी लिपि)मा साईनवोर्ड लेखी संस्थाको कार्यालयमा सबैले देख्ने गरी राखिने छ ।

९२. संस्थाको कुनै सदस्य एकै प्रकृतिको एक भन्दा वढी संस्थाको सदस्य, संचालक समिति वा लेखा सुपरीबेक्षण समितिको कुनै पदमा उम्मेदवार हुन सक्नेछैन ।

९३. संस्थाको सदस्यले आफूले लिएको ऋण चुक्ता नगरेसम्म यस विनियम वमोजिम गठन हुने कुनै पनि उप-समितिको पदमा उम्मेदवार हुन पाउने छैन ।

९४. **आर्थिक वर्ष** : (१) संस्थाको आर्थिक वर्ष श्रावण १ गतेदेखि आषाढ मसान्तसम्मको अवधिलाई मानी गणना गरिनेछ ।

(२) समितिले संस्थाको आर्थिक कारोवारको विवरण आर्थिकवर्ष समाप्त भएको मितिले बढीमा ६ (छ) महिनाभित्र स्वीकृत लेखापरीक्षकबाट लेखापरीक्षण गराई साधारणसभामा पेश गरीनेछ ।

९५ **अविश्वासको प्रस्ताव राख्न सकिने** : (१) साधारण सभाका पाँच प्रतिशत सदस्यले समितिको कुनै निर्वाचित सदस्यलाई हटाउनु पर्ने वा समितिलाई विघटन गर्नुपर्ने औचित्य छ भनी साधारणसभामा प्रस्ताव पेश गरेमा अविश्वासको प्रस्ताव ल्याइएको मानिने छ ।

(२) समितिको कुनै सदस्यप्रति ल्याईएको अविश्वासको प्रस्ताव उपर सो सदस्यले साधारण सभामा उपस्थित भई आफ्नो स्पष्टीकरण र सफाई पेश गर्न पाउने छ ।

(३) साधारणसभाको बहुमतबाट अविश्वासको प्रस्ताव पारित भएमा वा समिति विघटन गर्ने निर्णय भएमा त्यस्तो पदाधिकारी तथा सदस्य पदबाट हट्ने वा समितिको विघटन हुनेछ ।

९६. **घर जग्गा खरिद** : संस्थाको कार्यालय, कारखाना, गोदाम वा अन्य प्रयोजनका लागि घर/जग्गा खरिदगर्दा संस्थाको कोषको विश्लेषण अनिवार्य रुपमा गरिनेछ । सम्पत्ति खरिद तथा बिक्रीको लागि साधारण सभाको स्वीकृति लिइनेछ । अनुत्पादक सम्पत्ति खरिदगर्न सदस्यबाट संकलित वचत रकमको प्रयोग गरिने छैन । साधारण सभामा सदस्यहरुको स्वीकृति लिएर घर/जग्गा खरिद गरी संस्थाप्रति जनविश्वास बढाउन छुट्टै कोष सिर्जना गरी खरिद प्रक्रिया अघि बढाउन सकिने छ । त्यस्तै विविध कोषहरुको प्रयोग एवं संकलित शेयरको केही अंश प्रयोग गरी घर जग्गा खरिद गर्न सभाको निर्णय बमोजिम समितिले आवश्यक पहल गर्नेछ ।

खरिद बिक्री प्रक्रियामा पारदर्शीता कायम गर्ने एवं निर्धारीत प्रक्रिया पुरा गरी गराई मात्र सो कार्य गर्न सकिने व्यवस्था मिलाइने छ ।

९७. **आपसी सुरक्षण सेवा सञ्चालन गर्ने** : बीमा समितिबाट स्वीकृत योजनाको शर्त बन्देज अनुसार आफ्ना सदस्यहरुको बालीनाली वा बस्तुभाउ जस्ता योजनामा उल्लेखित कारणले भएको क्षतिको निश्चित अंशपूर्ति गर्नेगरी निर्धारित अधिकतम सीमा र शुल्कसम्मको आपसी सुरक्षण सेवा सञ्चालन गर्ने ।

९८. **सदस्यहरुको सूचना पाउने अधिकार** : संस्थाका कुनै सदस्यले आर्थिक अवस्था र कुनै अमुक कारोवारका वारेमा जानकारी मागगरेमा उपलब्ध गराउनु सञ्चालक र व्यवस्थापकको कर्तव्य हुनेछ । अन्य सदस्यहरुको व्यक्तिगत खाता कानून बमोजिम बाहेक गोप्य राखिनेछ । संस्थाको अनुगमन गर्न अख्तियारी पाएको निकाय वा कर्मचारीले संस्थाका सबै कारोवार जाँच गर्दा एवं थप विवरण माग गरी संस्थाको गतिविधि माथि निगरानी राख्दा सञ्चालक एवं कर्मचारीहरुले सहयोग पुऱ्याउने छन् ।

९९. **वाँकी बक्यौता असूल उपर गर्ने** : सदस्यले संस्थावाट लिएको ऋण चुक्ता नगरेमा बाँकी ऋण रकम, सोमा लाग्ने व्याज र विलम्ब शुल्क समेत निजको घर-घराना (जायजेथा) बाट सहकारी ऐन, नियममा तोकिए बमोजिमको कार्यविधि अपनाई संस्थाले असूल उपर गर्नेछ । संस्थाले रकम असूल उपरगर्दा लाग्ने वा लागेको सम्पूर्ण खर्चको रकम समेत सम्वन्धित ऋृणी सदस्यबाट नै असूल उपर गरिनेछ । असूल उपरको कार्यवाहीगर्दा लिलाम बढाबढबाट उठेको रकम संस्थाको दायित्व फरफारक गरी बाँकी रहन आएको रकम सम्बन्धित सदस्यलाई फिर्ता गरिनेछ ।

१००. **तरलता** : (१) संस्थाले कुल बचत रकमको कम्तिमा १० (दश) प्रतिशत रकम अनिवार्य रुपमा तरलताको रुपमा राख्नेछ । यस प्रयोजनको लागि नगद मौज्दात, मुद्दति हिसाब र सरकारी ऋृण पत्रमा गरेको लगानीलाई समेत तरल सम्पत्ति मानिनेछ ।

(२) संस्थाले उपदफा (१) बमोजिमको तरलता रकम मध्ये कम्तिमा पाँच (५) प्रतिशत नगद मौज्दात राख्नु पर्नेछ । अनिवार्य रुपमा राख्नु पर्ने यस्तो नगद मौज्दात सहकारी बैंक, एवं अन्य बैंक वा वित्तीय संस्थाहरुमा राखिएको मुद्दती हिसाबलाई समेत समावेश गरी गणना गरिनेछ ।

(३) संस्थाले तरलताको गणना गर्दा प्रत्येक महिनाको अन्तिम दिनलाई आधार मान्नेछ ।

(४) संस्थाले तरलता समेत खुलेको कारोवार सम्वन्धी आर्थिक विवरण संस्थाको कार्यालयमा मासिक रुपमा प्रकाशन गर्नेछ ।

(५) संस्थाले तरलता सम्बन्धी विवरण समेतको प्रतिवेदन सम्बन्धित सहकारी कार्यालयमा प्रत्येक ६ महिनामा पेश गर्नेछ ।

१०१. **समितिका सदस्य अवैतनिक हुने** : सञ्चालक समिति एवं अन्य समिति वा उप-समितिका पदाधिकारी लगायत सदस्यहरु अवैतनिक हुनेछन् । तर, उनीहरु मध्ये कसैले प्रबन्ध

सञ्चालकका रुपमा कार्यगरी पारिश्रमिक लिन वा कुनै तोकिए बमोजिम बिशेष काम गरि लिएको सोधभर्ना रहेछ भने यो दफाले बाधा पुऱ्याएको मानिने छैन ।

## अनुसूची- १

(विनियमको दफा ३ (२) (ख) संग सम्बन्धित)

## संस्थाको चिन्ह र छाप

संस्थाको चिन्ह वा छापको लोगो यस प्रकार हुनेछ ।

**अनुसूची-२**

(विनियमको दफा १६ (२) सँग सम्वन्धित)

**............. सहकारी संस्था लि.**

सुनापति गाउँपालिका - .... रामेछाप

बागमती प्रदेश

## सदस्य दर्ता किताव

| क.सं | बाजेको नाम, थर | बाबु/ ससुराको नाम | पति/ पत्नीको नाम | सदस्यको नाम, थर | उमेर | ठेगाना | पेशा | खरिद गरेको शेयर संख्या | सदस्य भएको मिति | मनोनित हकवालाको नाम | उमेर | ठेगाना सम्पर्क नं समेत | औठा छाप | फोटो र फोटोमा पर्नेगरी सहीछाप | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | |

## अनुसूची- ३

(विनियमको दफा २३ संग सम्वन्धित)

**............. सहकारी संस्था लि.**

सुनापति गाउँपालिका - .... रामेछाप

बागमती प्रदेश

## शेयर प्रमाण-पत्र

सदस्यता नं............. मितिः

...................

............. जिल्ला ............... महागाउँपालिका/उप-महागाउँपालिका/गाउँपालिका/गाउँपालिका ......... नं वडा ................... (स्थान) स्थायी ठेगाना भै हाल ................ जिल्ला ..................... महागाउँपालिका/उप-महागाउँपालिका/गाउँपालिका/गाउँपालिका ... नं वडा .................. (स्थान) बस्ने श्री .................... ............... .को नाती नातिनि, श्री ......................................... को छोरा/छोरी, श्री ................................... को श्रीमान/श्रमिती, श्री/सुश्री/श्रीमती ......................................... ले यस संस्थाको प्रति शेयर रु, १००।- का दरले ..... कित्ता शेयर खरिद गर्नु भएकोले यो प्रमाणपत्र प्रदान गरिएको छ ।

.............................. .......................

.........................

प्रमाण-पत्र पाउनेको सही सचिव/ प्रबन्धक अध्यक्ष

**(पछाडी)**

## विवरण

| क्र.सं | मिति | बिवरण | थपेको शेयर संख्या | बिक्री गरेको शेयर संख्या | बाँकी शेयर संख्या | कैफियत/ दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

**अनुसूची- ४**

(बिनियमको दफा ७५ संग सम्बन्धित)

**............ सहकारी संस्था लि.**

सुनापति गाउँपालिका - .... रामेछाप

बागमती प्रदेश

## शपथ ग्रहण

म ......................................... (शपथ कर्ताको नाम) सदस्य नं : ..........

............ सहकारी संस्था लि.को ... औं साधारण सभा समक्ष यो प्रतिज्ञा गर्दछु, मेरो सामर्थ्यले भ्याएसम्म संचालक समिति/लेखा सुपरीबेक्षण समितिको .................... (पद) का नाताले सवै काम तथा वैठकहरुमा नियमित रुपले भाग लिनेछु तथा संस्थाको विकास र सदस्यको हितका लागि इमान्दारी तथा पवित्र हृदयले पक्षपात रहित तरीकाबाट निर्णय लिनेछु ।

| **सपथ ग्रहण गर्ने पदाधिकारीको,** | **शपथ गराउने अधिकारीको,** |
|---|---|
| दस्तखत : .............................. | दस्तखत :............................. |
| नाम : | नाम : |
| पद : | पद : |
| मिति : | मिति : |

| **बिनियम जाँची स्वीकृतार्थ पेशगर्ने,** | **बिनियम स्वीकृतगर्ने,** |
|---|---|
| दस्तखत : ........................ | दस्तखत : .................. |
| नाम : ...................... | नाम : ...................... |
| पद : ...................... | पद : ...................... |
| कार्यालय : सुनापति गाउँपालिका कार्यालय, रामेछाप | कार्यालयः सुनापति गाउँपालिका कार्यालय, रामेछाप |
| मिति : २०. ./ .../... | मिति : २०. ./ .../... |

अनुसूची-१५

बचत तथा ऋणको मुख्य कारोबार नगर्ने संस्था दर्ताको आवेदन दिने व्यक्ति र सदस्यको पहिचानसम्बन्धी कागजात तथा विवरणको सामान्य ढाँचा

(दफा ३ उपदफा (२) को खण्ड (क) सँग सम्बन्धित)

**क. व्यक्तिगत विवरण**

१. नाम, थर :

२. जन्म मिति :

३. नागरिकता प्रमाण-पत्र नं. : राष्ट्रिय परिचयपत्र नं : ........................

४. नागरिकता प्रमाण-पत्र जारी गर्ने कार्यालय :

५. लिङ्ग : ☐ महिला ☐ पुरुष ☐ अन्य

**ख. पारिवारिक विवरण**

६. आमाको नाम :

७. बाबुको नाम :

८. बाजेको नाम :

९. वैवाहिक स्थिति : ☐ विवाहित ☐ अविवाहित ☐ एकल

१०. पति वा पत्नीको नाम, थर :

**ग. पेशाको विवरण**

११. आफ्नो मुख्य पेशा

☐खेतीपाती ☐व्यवसाय (खुलाउने...

☐नोकरी (खुलाउने ... ☐वैदेशिक रोजगारी (खुलाउने ...

☐अन्य (खुलाउने ...

१२. स्थायी लेखानम्बर भए :

१३. पति वा पत्नीको मुख्य पेशा

☐खेतीपाती ☐व्यवसाय (खुलाउने ...

☐नोकरी (खुलाउने ... ☐वैदेशिक रोजगारी (खुलाउने ...

☐अन्य (खुलाउने ... ...

१४. आफैं वा परिवारको कुनै सदस्य उच्च पदीय राजनीतिक, प्रशासनिक वा साङ्गठनिक भूमिकामा रहे, नरहेको ☐रहेको ☐नरहेको

१५. आफैं वा परिवारको कुनै सदस्य उच्च पदीय राजनीतिक, प्रशासनिक वा साङ्गठनिक

भूमिकामा भए विवरण

(१) नाम :

(२) नाता :

(३) पद वा सार्वजनिक भूमिका :

**घ. रहन सहनको विवरण**

**१६. स्थायी ठेगाना**

